# साना किसान

द्वैमासिक

YOUTH AGRI AWARD 2022

NEPAL ISRAEL

10th Anniversary of LEARN and EARN Program

## साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको १०औं वार्षिकोत्सव विशेषाङ्क



साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ★ २०५८ ★

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**



SKBBL CEO Addressing Trainee Students in Ashkelon College, Israel



His Excellency Israeli Ambassador Hanan Goder during visit the agricultural farm of Nepal's young farmers.



H.E. Benny Omer addressing Israeli Trainee Students



Nepalese Students getting practical knowledge in Israel



Green House of One of the Israel Return Trainees



Tomato

# साना किसान

द्वैमासिक

(वर्ष २१, पूर्णाङ्क २४)

YOUTH AGRI AWARD 2022

10th Anniversary of LEARN and EARN Program

NEPAL ISRAEL

## साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको १0औं वार्षिकोत्सव विशेषाङ्क

साना किसान विकास लघुवित्त वितीय संस्था लि. २०५८

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

**बबरमहल, काठमाडौं**

**प्रमुख सल्लाहकार**
खेम बहादुर पाठक

**संरक्षक**
डा. शिवराम प्रसाद कोइराला

**प्रधान सम्पादक**
झलेन्द्र भट्टराई

**सम्पादक**
इशा के.सी.

**सञ्चार सल्लाहकार**
संगम महत

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
बबरमहल, काठमाडौं, नेपाल
फोन नं.: ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५
Email: info@skbbl.com.np

# कृषिमा युवा सहभागिता र प्रविधिको प्रयोग

कृषि क्षेत्रमा युवाहरूको आकर्षण कम हुँदै गएको प्रति विश्वव्यापी रूपमा नै चिन्ता र चासो व्यक्त गरेको पाइन्छ । नेपालमा पनि युवाहरूलाई कृषि तथा पशुपालनमा संलग्न गराउन केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पनि विभिन्न कार्यक्रमहरू ल्याएका छन् । तैपनि खेती किसानी गर्ने काममा भन्दा वैदेशिक रोजगारीमा जान रुचाउनेक्रम रोकिएको छैन । तीन तहका सरकारले कृषि र पशुपालनमा युवाहरूलाई लक्षित गरेर विभिन्न कार्यक्रमहरू अगाडि बढाएका छन् भने प्रविधि, बजार, आदिमा पनि सुधार हुन थालेको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्याको ४० दशमलव ३ प्रतिशत युवाहरू रहेका छन् । जसलाई सजिलै उत्पादनमूलक वा शारीरिक श्रम गर्न सक्ने जनशक्तिको रूपमा लिइन्छ । जुनसुकै देशको पनि आर्थिक समृद्धिको मेरुदण्ड यिनै सक्रिय जनशक्ति हुन् । यही ऊजाशील जनशक्तिलाई उत्पादनसँग जोड्न साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. समेत लामो अवधिदेखि क्रियाशील छ । कृषिमा निर्भर आर्थिक जनसंख्याको सामाजिक रूपान्तरणका लागि पुँजी, प्रविधि र बजारीकरणसम्बन्धी क्रियाकलापमा समेत साना किसान लघुवित्तले आफ्ना ११ इलाका कार्यालयअन्तर्गत करिब १३ सय साना किसान साझेदार संस्थामार्फत ९ लाख ८० हजारभन्दा बढी घरपरिवारलाई सेवा क्षेत्रमा समावेश गरिसकेको छ ।

यिनै साना किसान परिवारका युवा जनशक्तिलाई कृषिमा व्यावसायिक बनाउन सहुलियत कर्जा प्रवाह, तालिम, प्रविधि हस्तान्तरण र पुँजीको व्यवस्था गरेसँगै अहिले युवाहरूमा कृषिप्रति उत्साह पनि बढ्दै गएको छ । यसैको एक शृंखलास्वरूप वित्तीय संस्थाले इजरायली राजदूतावाससँगको सहकार्यमा ३ हजार १ सय ६२ युवाहरूलाई इजरायलका विभिन्न कृषि तालिम केन्द्र र कलेजहरूमा कृषिसम्बन्धी तालिममा सहभागी गराइसकेको छ । जब युवाहरूलाई कृषिमा व्यावसायिक नाफामा कृषि तथा पशुपालन व्यवसाय गर्ने वातावरणको विकास गर्न सकिन्छ तब मात्र उत्पादनशील, ऊर्जाशील र सक्रिय युवा जनशक्तिलाई राष्ट्र निर्माणमा सहभागी हुने वातावरण सिर्जना हुनेछ ।

नेपालको परम्परागत कृषि तथा पशुपालनको अभ्यासलाई रूपान्तरण गर्दै आधुनिक प्रविधिको प्रयोग गर्न नसक्ने हो भने फेरि पनि कृषि निर्वाहमुखी मात्र बन्ने कुरामा दुईमत छैन । तसर्थ कृषिमा प्रविधिको प्रयोगमार्फत उत्पादन र उत्पादकत्व बढाई गरिबी निवारण एवं समृद्धिको यात्रा तय गर्न कृषि तथा युवा परिचालन अहिलेको विकासको मूल मुद्दा बन्न सक्नुपर्छ । यसै सन्दर्भमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाले साना किसानको समृद्धिः कृषिको रूपान्तरण र उद्यमशीलताको विकास को नारालाई आत्मसाथ गरको छ । यस वित्तीय संस्थाले आगमी दिनहरूमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, विकास साझेदार, बैंक वित्तीय संस्थाहरू तथा विभिन्न सरकारी, गैरसरकारी निकायहरूसंग अझ कसिलो र प्रभावकारी सम्बन्ध विस्तार गर्दै जान आवश्यक छ ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का

## इलाका कार्यालयहरू

| सि.नं. | इलाका कार्यालयहरू | फोन नं. |
|---|---|---|
| १ | बिर्तामोड | ०२३५४२७२८, ०२३५४२१७३ |
| २ | इटहरी | ०२५५८४३३४, ०२५५८८६०० |
| ३ | बर्दिवास | ०४४५५०४०३, ०४४५५०३२२ |
| ४ | बनेपा | ०११६६००९५ |
| ५ | हेटौंडा | ०५७५२५३८८, ०५७५२४१२२ |
| ६ | गजुरी | ०१०४०२०८०, ०१०४०२११७ |
| ७ | पोखरा | ०६१५८८३३५, ०६१५८४९१३ |
| ८ | बुटवल | ०७१४२०५०१, ०७१४२०५०० |
| ९ | नेपालगञ्ज | ०८१४१५१३६, ०८१४१५२९१ |
| १० | बिरेन्द्रनगर | ०८३५२३९२५ |
| ११ | अत्तरिया | ०९१५५१३१८ |

# Small Farmers' Move Towards Agro-Industrialization

**Dr. Shivram Prasad Koirala**
CEO, SKBBL



While there has been a constant decline in the percentage of people living under absolute poverty, Income disparity, gender discrimination, exclusion, un/under employment and rural poverty are still greatest challenges. In today's Nepal, citizens demand for participation, freedoms, more choices and options, rights of poor and excluded, shifting resources to poor, gender equality, equity and social justice among others. Changes in policies and laws and their proper enforcement may largely help overcome most of the above stated challenges, but a few mainly related with economy can be overcome only by ensuring constant inclusive and equitable economic growth.

Needless to mention, for economic growth, structural transformation of the economy through commercialization of agricultural sector is sine qua non. Agriculture being the major sector of Nepalese economy, provides employment opportunities to around 65 percent of the total population and contributes 27 percent in the GDP. It is an irony that despite engagement of such a large portion of population in agriculture, Nepal is still a net importer of agro- commodities. Nepali youths are creating real output somewhere else and sending money, which is spent on imports of some as trivial as roses for Valentine's Day worth billions of dollars each year. So, without delay, decision has to be made whether to maintain status quo of economic growth depending on remittance, which is akin to Dutch disease or to change the fate of Nepalese economy by agricultural revolution and entrepreneurship development? There is no option of moving people out of informal subsistence farming into formal agro-enterprise jobs that improves their productivity, makes the agriculture sector more efficient and raises government revenue through taxation. In order to make agriculture sector more efficient and productive, labor intensive to capital intensive method of production in agriculture is the need.

Needless to mention, Nepal is a country of small and marginal

farmers having a small plots of land where use of modern equipment and technology is difficult.So,considering the fact that transformation and modernization in agriculture could only be a dream without the greater use of equipments,technology,constant inventions and innovations etc. and above all big plots of land with big investment in agriculture, the need of the hour therefore is to shift the majority small farmers to off- farm employment, farm employment being a choice of only a few dedicated farmers. Less labor and more capital need to be used in agriculture, that leads to greater use of technology making agriculture a profitable venture.

In the early 1900s, more than half of Americans were either farmers or lived in rural communities. Most U.S. farms were diversified producing a variety of crops and animal species together on the same farm, in complementary ways. Americans started consolidation in agriculture shifting toward fewer and larger farms, usually as a result of large farms getting larger and smaller farms going out of business. In the late 1950s, U.S. Secretary of Agriculture Ezra Taft Benson exemplified government pressure to consolidate when he called on farmers to "get big or get out." Government policies is needed to encourage farmers to scale up their operations. Farmers were also motivated by economies of scale. Modern US agriculture has been described as the most efficient in the world. One of the main reasons is specialization in agriculture too. China's reforms started in the late 1970s and early 1980s with agricultural reform, Successful reform in the agricultural sector contributed substantially to reform and expansion of the manufacturing sector. Israel, a country mostly covered with deserts, with the adoption of advanced technology, research and modern farming practices, is able to feed not only its own population but also exports agro products to foreign countries, though the engagement is of only 2 percent population in agriculture sector.

There are numerous opportunities in agriculture mainly because of varied agro-climate prevailed in Nepal. From production and marketing point of view identification of areas of comparative and competitive advantages respectively is essential, however, no research or analysis has ever been done for this purpose. Learning lessons from America,China,Israel and several other countries that speeded up development process through agricultural modernization, Nepal needs to make great use of unused lands by leasing them out to the real cultivators, mainly to the youths aspiring to go abroad with the faint hope of good employment

opportunities.Moreover,small farmers need to be motivated with incentives to make big plots by pooling lands together so that productivity of land, labor and capital could be enhanced resulting in increased agricultural productivity. Sustainable agricultural productivity and growth enable (small) farmers to achieve economies of scale.

Trade deficit, food insecurity, income generation, poverty reduction, equality, and employment generation could be addressed by turning present status of subsistence agriculture into robust, vibrant and commercial agriculture through technology led agro-industrialization. Economy excessively based on agriculture needs to be transformed into industrial economy.

Agriculture and agro-processing is one of the crucial economic sectors to transform the economy through sustainable employment creation, business opportunities, investment attraction, and growing export base. This sector has a firm backward linkage with the primary sectors and forward linkages with the secondary as well as tertiary sectors of the economy. Agro-industries add value to, and increase demand for farmer's products, thereby reducing poverty and food insecurity and stimulating economic growth. Countries that have moved towards industrialization from agriculture are China, India, Singapore, Taiwan and Turkey among others. Agricultural processing is most important in virtually all nations.

In Nepal, there is ample room for raw material production of agro based industries such as sugar factory, jute mills, tea, coffee, textile industries, vegetable seed production and many horticultural commodities of flowers, fruits, vegetable, and agro processing and post-harvest related industries. The slaughter of livestock and poultry and the making of butter and cheese can be carried out at the farm level with little investment and know how.

After the health crisis subsides after Covid -19, economic recovery become priority and inclusive and sustainable industrialization will be critical to building a better future. In 2010, Cambridge economist Ha-joon Chang observed that development without industrialization is like Shakespeare's hamlet without the prince of Denmark. Beyond its direct economic impact, the inclusion of industrialization in the 2030 agenda for sustainable development as SDG-9 reaffirms its central role in the overall development picture.

Taking into consideration that the country has adequate possibility of supplying raw materials for agro-industries and there is need to shift the

excessive engagement of labor force in agricultural production to off and non- farm activities, transformation of agriculture together with the promotion of Small and Medium Agro Industries(SMAIs) is essential. While talking about agricultural transformation and SMAIs in the country, the role and contribution of small scale farmers of Nepal must be highly valued. Though not all smallholder farmers of Nepal are lucky enough to have easy access to finance or technical and other supports, it is heartening that around one million households are availing both financial and non-financial services from their own cooperatives named Small Farmer Agriculture Cooperatives(SFACLs). These coops owned and managed by the local small farmer themselves have been the ray of hope for them as they provide all supports to the member farmers for enhancement of agricultural production. With the support of coops, small farmer youths are now attracted to do agriculture as a profitable business. Nepal government as well as the government of Israel deserve appreciation for creating enabling environment to send small farmer youths in Israel to learn modern agricultural practices for 11 months. It is worth mentioning that these Israel returnee youths have started doing agriculture in commercial basis showcasing that agriculture is not less profitable than other sectors of the economy. In addition, small farmer members have also shown the example of how big plots of land and specialization in agriculture ensures production and productivity enhancement. They have further proved that when equipment and technology are used in collective/cooperative farming with big land area, labor can be made surplus which can do other off/non-farm employment. Thus small farmers of Nepal are not only getting united to transform agriculture from subsistence to commercial but are also attracted towards establishment and operation of small and medium agro processing industries. Sana Kisan Bikas Laghubitta Bittiya Sanstha(SKBBL)- in English, Small Farmers Development Bank, since inception in 2001 has come to the forefront with clear mission of providing financial access to all low income people (small/marginal farmers and ultra-poor) of the country, transforming agriculture through educated youth engagement in agriculture and creating employment opportunities in rural areas of the country through promotion of SMAIs. In line with the mission, the institution has successfully provided inclusive access to finance for one million small farmer households of 544 local levels of 76 districts, managed agriculture training in Israel for small holder youths with the objective of attracting youth in

agriculture, and motivated the small farmers towards establishment and operation of agro - industries based on local natural resources and raw materials. Among the several cottage and small agro-based industries run and managed by small farmers' family themselves or on cooperative/collective basis, worth mentioning a few are tea, rice mills, dairy, areca-nut processing, cereal and seed processing, mustard oil, spice and poultry slaughter etc. With the funding support of the government of Nepal and the Asian Development Bank, SKBBL has been providing both credit and technical supports to the SFACLs and their members to undertake SMAIs as per their choice, skills and availability of local raw materials. These industries have helped small farmers create further economic opportunities to increase income, add value to their produce and get better prices of their products. Despite unskilled labor's engagement in industries, lack of managerial skills, technical know-how and marketing knowledge etc., small farmers' strong motivation to transform the agriculture sector and the constant backstopping and mentoring of SKBBL has fueled their motivation to move towards agro-industrialization of the country. Viewing the contribution of industrial sector to GDP of the nation only around 15 percent and productive sector industry contribution of only 5.6 percent, such a small industries may unlock the potentials of industrialization in the country, further supporting to achieve the government's target of economic growth rate of 10.50 percent, contribution of agriculture and industrial sector to the GDP at 9 percent and 30 percent respectively by the year 2044. Looking at the history of many advanced economies, most of the country's industrialization process started from small and medium enterprises/industries(SME/Is) and mainly agro based industries and it is also true that without industrialization, no country can ensure vibrant, inclusive and sustainable economic growth. Small farmers' move towards agro-industrialization is sure to drive towards industrial development of the country provided government's industrial policy is enforced to protect and promote small indigenous industries with investment friendly environment.



# भियतनाममा कृषि

डा.नवराज सिम्खडा
नायव प्रमुख कार्यकारी अधिकृत, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

दक्षिण पूर्वी एशियामा अवस्थित भियतनाम नेपालभन्दा झण्डै दोब्बर ठूलो (क्षेत्रफल ३३१,२१० वर्ग कि.मि) र जनसंख्या करिब १० करोड रहेको छ। भियतनाम करिब १०० वर्षसम्म फ्रान्सको अधीनमा वा कोलोनीको रूपमा रह्यो। सन् १९५४ मा फ्रान्सको अधीनबाट मुक्ति त पायो तर मुक्ति पाएको एक वर्ष पनि नपुग्दै अमेरिकी आक्रमण झेल्नुपऱ्यो। भियतनाम – अमेरिका युद्ध करिब २० वर्षसम्म (१९५५ – १९७५) चल्यो। अमेरिकी आक्रमणको बेला दक्षिणी भियतनाम अमेरिकी कब्जामा परेको थियो भने उत्तरी भियतनाम (हनोई) निरन्तर २० वर्षसम्म युद्धमा होमिनुपऱ्यो। दक्षिणी भियतनाम अमेरिकी कब्जामा रहेको हुनाले उत्तरी र दक्षिणी भियतनामबीच एक किसिमको गृहयुद्ध नै चलेको थियो। युद्धमा करिब २० लाख सर्वसाधारणले ज्यान गुमाए भने लाखौँ मानिस अङ्ग भङ्ग भए। सर्वसाधरणको अलावा करिब तीन लाख जति सैनिकले समेत युद्धमा ज्यान गुमाए। युद्धको कारण पूर्वाधार तथा अर्थ व्यवस्था तहसनहस भयो।

युद्धपश्चात् १९७५ मा उत्तरी र दक्षिणी भियतनाम एक भए तापनि देशको अवस्था जर्जर थियो। युद्धको कारण भियतनामी जनताको आर्थिक अवस्था निकै कमजोर तथा दयनीय भयो। खाद्यान्नको चरम अभाव थियो। जनताहरू भोकमरी र कुपोषणबाट पीडित थिए। भियतनामको बाहिरी मुलुकसँग सम्बन्ध नभएको कारण व्यापार, व्यवसाय, रोजगारी आय आर्जनको अवस्था दयनीय थियो। महँगी चरम थियो। मुद्रास्फिति ७००% भन्दा बढी थियो। करीव ७० % जनता गरिबीको रेखामुनि थिए। प्रतिव्यक्ति आम्दानी २५० डलरभन्दा कम थियो।

गरिबी, भोकमरी र देशको दयनीय आर्थिक अवस्थाबाट मुक्ति पाउन सन् १९८६ मा भियतनामले डोई मोई (Doi Moi) भन्ने सुधारको कार्यक्रम लागू गऱ्यो। डोई मोईको अर्थ पुन निर्माण र नवीनतम खोज (Renovation and Innovation) हो। जसअन्तर्गत राज्य नियन्त्रित अर्थ व्यवस्थालाई बजार नियन्त्रित अर्थ व्यवस्थामा रूपान्तरण गर्ने कार्यक्रमहरू कार्यान्वयनमा ल्याइयो। कृषि, व्यापार, उद्योग जस्ता क्षेत्रमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन दिने नीति अवलम्बन गरियो। केन्द्रीकृत अर्थव्यवस्था विकेन्द्रीकृत गरी स्थानीय तहको सरकारलाई आफ्नो समुदायको विकास गर्ने जिम्मेवारी प्रदान गरियो। राज्यको नियन्त्रणमा रहेको भूमि वास्तविक किसानलाई प्रदान गरिने नीति अवलम्वन गरियो। भूमिसुधार कार्यक्रमअन्तर्गत राज्यले करिब आधा बिघा जति जग्गा किसानलाई सित्तैमा प्रदान गर्ने नीति लियो। व्यावसायीक खेती गर्न चाहने किसानलाई न्यूनतम मूल्य तिरी जग्गा भाडामा दिने नीति अवलम्बन गरियो। किसानले खेती नगरी बाँझै राखे राज्यले जग्गा फिर्ता गर्ने नीति बनाई लागू गरियो। आवासको लागि व्यक्तिले तोकिएको परिणाम वा

थोरै जगामा मात्र घर निर्माण गर्ने र कतै पनि खाली जग्गा नराख्ने नीति लिइयो । उत्पादन बढी हुने ठाँउमा राज्यले मोटर बाटो, सिँचाइ, बिजुली जस्ता पूर्वाधारको व्यवस्था गरिदियो । माटो पीरक्षण गरी कुन ठाउँमा कुन बाली उपयुक्त हुने भनी राज्य तह बाट सिफारिस भएको खेती गर्न किसानलाई प्रोत्साहित गर्ने कार्यक्रम अगाडि बढाइयो । हरेक स्थानीय तहमा कृषि प्राविधिक, उन्नत बिउ, मलको समयमै उपलव्धताको सुनिश्चितता राज्य तहबाट भयो ।




**लिची बगैँचा** : चीनलगायत अन्य दक्षिण पूर्वी एशियाका देशहरूमा भियतनामबाट लिची निर्यात हुन्छ ।

भियतनाममा कृषिमा आधुनिक प्रविधि प्रयोग गर्न राज्यको सक्रियतामा युवाहरूलाई इजरायल, जापान तथा युरोपियन देशहरूमा तालिम पठाउने व्यवस्था गरिन्छ । कृषि उत्पादन बढाउन पूर्वाधारको विकास, तालिमपश्चात् विदेशमा सिकेको सीपको प्रयोग गर्न सहुलियत कर्जा, टनेल तथा ग्रिन हाउस निर्माण गर्न अनुदान सहयोग प्रदान गरिन्छ । भियतनाममा कृषिसँग सम्बन्धित सीप सिकेर फर्केका युवाहरूलाई सिकेको सीप प्रयोग गर्न उत्साहित गर्नुका साथसाथै केही समस्याहरू भए सो को हर तरहबाट समाधान गर्न स्थानीय निकाय लागिपरेको पाइन्छ । यसको साथसाथै सरकारबाट किसानको लागि आवश्यक मल, उन्नत बिउ, सहुलियत कर्जा, बीमा, तालिम, सिँचाइ तथा अन्य पूर्वाधारको व्यवस्था समयमै भएकोले कृषि कार्यमा लाग्न धेरै युवाहरूलाई प्रोत्साहन मिलेको छ । त्यसैकारण भियतनाममा कृषि पेसामा धेरै युवाहरू संलग्न रहेको पाइन्छ ।



भ्रमण टोलीका सदस्यहरू व्यवसायीक कृषी फार्ममा कृषकहरू संग



स्थानीय तहका जनप्रतिनिधि, सहकारीका पदाधिकारीहरू र भ्रमण टोलिका सदस्यहरू बीच छलफल

नेपालको भन्दा भिन्न प्रकृतिका कृषि सहकारी संस्थाहरू भियतनाममा कार्यरत रहेको पाइन्छ । भियतनाममा कुनै खास कृषि उत्पादन कार्यहरू जस्तै फलफूल खेती, हरियो सागसब्जी, पशुपालन, आदि जस्ता उत्पादन कार्यमा संलग्न कृषकहरू मिलेर छुट्टाछुट्टै सहकारी संस्था गठन गरेको पाइन्छ। कुनै एक वा एकै प्रकृतिका एकभन्दा बढी उत्पादन कार्यमा संलग्न कम्तीमा पाँचजना र बढीमा बीस जना कृषकहरू मिलेर सहकारी संस्था गठन गरेको पाइन्छ । कृषकहरू उत्पादन कार्यमा संलग्न छन् भने सहकारी संस्थाले बजारीकरणको जिम्मा लिन्छ । तसर्थ भियतनाममा कृषकहरूले आफूले उत्पादन गरेको वस्तुहरू कहाँ बिक्री गर्ने भनेर चिन्ता लिनुपर्ने अवस्था छैन। सहकारीले कृषकको उत्पादन बजारमा बिक्री गरी सम्पूर्ण खर्चहरू कटाई बचेको रकम  कृषकलाइ नै भुक्तानी गर्दछ।

राज्यको तिनै तह, केन्द्र, प्रदेश र स्थानीय तह बाट कृषकहरूलाई आवश्यक सेवाहरू समयमै उपलब्धता, कृषि उत्पादनको बजारीकरणका लागि उपयुक्त सहकारी संरचना तथा सहकारीहरूलाई सहयोग गर्ने नीति आदि कारणले गर्दा भोकमरी र कुपोषणबाट पीडित भियतनाम आज आएर खाद्यान्नमा आत्मनिर्भर भई खाद्य पदार्थ, फलफूल, तरकारी, रेशम आदि निर्यातसमेत गर्न सक्ने अवस्थामा पुगेको छ । हाल भियतनामले ठूलो परिणाममा चिया, कफी, बदाम, चामल जस्ता कृषि उत्पादन निर्यात गर्दछ। कृषिको जिडिपीमा योगदान १२.३६ % रहेको छ भने कृषिले करिब १८ लाख जनतालाई रोजगारी प्रदान गरेको छ। कृषिलगायत उद्योगधन्दा, पूर्वाधार, व्यापार आदिमा भियतनामले गरेको फड्कोको श्रेय त्यँहाको समर्पित नेतृत्व र मेहनती भियतनामी जनतालाई दिन सकिन्छ।



भ्रमण टोलिका सदस्यहरू शिल्क सहकारीका पदाधिकारी तथा सदस्यहरूको साथमा

हो चि मिन्ह (Ho Chi Minh) नेतृत्वमा युद्धले जर्जर बनाएको भियतनामले विकास र आधुनिकीकरणमा गति लिएको पाइन्छ । हो चि मिन्हको तीनवटा प्रेरणा दायक तथा मार्गदशक भनाइहरूले आज भियतनामले उच्च आर्थिक वृद्धि हासिल गरेको छ। कृषि, पर्यटन, उद्योग जस्ता

क्षेत्रहरूमा उच्च प्रगति हासिल गरेको छ । सन् १९७५ मा रहेको २५० डलरप्रति व्यक्ति आम्दानी बढेर सन् २०२१ मा ३७०० डलर पुगेको छ। ती तीनवटा प्रेरणादायक मार्गदशक भनाइहरू निम्नअनुसार रहेको छ।

**देशभक्ति –** हो चि मिन्ह ले देशको लगि जीवनभर अविवाहित रही आफ्नो सम्पूर्ण जीवन देशको लागि अर्पण गरे । उहाँले सम्पूर्ण भियतनामका जनतालाई आफूजस्तो अविवाहित बस्नु पर्दैन तर कुनै काम गर्दा यसले आफूलाई मात्र होइन कि देशलाई के फाइदा पुग्छ भनी विचार गर्नुपर्दछ भनेर र देशलाई फाइदा पुग्ने भए मात्र त्यो काम गर्नुपर्दछ भनी भन्नुभएको छ । उहाँले सम्पूर्ण भियतनामका जनतालाई देशभक्तिबिना सम्वृद्धि नआउने बताउनुहुन्छ। जीवनमा कुनै काम गर्दा वा नयाँ कामको थालनी गर्दा वा कुनै विषयमा निर्णय लिँदा यसबाट आफूलाई होइन कि देशलाई के फाइदा पुग्छ भनी विचार गर्नुपर्दछ। यदि देशलाई फाइदा पुग्ने भए मात्र त्यो काम गर्नुपर्दछ। देशलाई फाइदा पुग्ने काम गरेमा यसबाट आफूलाई मात्र नभई सिङ्गो देश वा सम्पूर्ण जनतालाई नै फाइदा पुग्दछ।

**धैर्यता (Patience)** – जीवनमा कुनै पनि सफलता सजिलै प्राप्त नहुन सक्छ । ठूलो सफलता प्राप्त गर्न वा रूपान्तरणीय परिवर्तनका लागि धैर्यता चाहिन्छ। हो चि मिन्हले भियतनामलाई विदेशीहरूको अधीनबाट मुक्ति दिलाउन ज्यान हत्केलामा राखी करिब २५ वर्ष लड्नुपर्‍यो। यदि हो चि मिन्हमा धैर्यता र साहस नभएको भए आज भियतनाम स्वतन्त्र देश हुदैन थियो होला। यसबाट पाठ सिकेर सम्पूर्ण युवालाई जीवनमा धैर्यता राख्न उहाँ सल्लाह दिनुहुन्छ । सफलताको लागि वा प्रगतिको लागि धैर्यता चाहिन्छ। तसर्थ जीवनमा सकरात्मक सोच र धैर्यता राखी मेहनत गरेमा चाहेको सफलता अवश्य मिल्छ।

**इमान्दारीपूर्वक जिम्मेवारी वहन** – आफ्नो जिम्मेवारी तथा कर्तव्यप्रति इमान्दारी हुनु हरेक समुदाय तथा पेशाकर्मीको लागि अति आवश्यक कुरा हो । चाहे किसान होस वा विद्यार्थी वा शिक्षक वा वकिल वा डाक्टर वा प्रशासक वा राजनीतिज्ञ जुनसुकै पेशाका समुदाय भए पनि ऊ आफ्नो कर्तव्यप्रति इमान्दारी हुनुपर्दछ, हरेक व्यक्ति आफ्नो कर्तव्यप्रति इमान्दारी भई जिम्मेवारी पूरा गरे मात्र देशको विकास र समृद्धि सम्भव छ।

**उपसंहार**

सायद हो चि मिन्हको त्याग वा प्रेरणादायी भनाइले हो कि के हो हरेक तह र तप्काका भियतनामी जनतामा देशभक्तिको भावना, सकरात्मक सोच तथा लगनशीलता पाइन्छ। चाहे कृषिमा क्षेत्रमा होस वा बैंकिङमा क्षेत्रमा होस वा उद्योगधन्दा, व्यापार व्यवसाय पर्यटन क्षेत्रमा होस जताततै युवाहरूको सक्रिय सहभागिता पाइन्छ । औद्योगिकीकरण, विकास निर्माण, कृषिको आधुनिकिकरण, निर्यात आदि हरेक क्षेत्रमा देशले फट्को मारेको छ । भियतनामी जनताको मुहारमा खुसी देखिन्छ। हरेक व्यक्तिमा सहयोगी भावना देखिन्छ । कृषकहरूले आफ्नो उत्पादन पाहुनालाई चखाउन पाए हुन्थ्यो वा कोसेली दिएर पठाउन पाए हुन्थ्यो भन्ने भावना छ । बजार डुल्दा असुरक्षाको अनुभव भएन । मलाई भियतनाम रहँदा यस्तो भान भयो कि जहाँ जे हुनुपर्थ्यो त्यही भइरहेको छ।



# Role of cooperatives in Agricultural Transformation

**CA. Isha K.C.**
**Chief Manager, Planing, Project & General Administration Department, SKBBL**

Agriculture transformation is a topic that is widely discussed everywhere these days. Basically in the country like Nepal, whenever development related problems are debated agriculture transformation is considered as something than can help Nepal to overcome poverty . For the developing country like Nepal, the key element or driver to improve the lives of millions of people in poverty is to foster the growth of agriculture sector. Most of the poor people in the country rely totally on agriculture as an occupation. Transforming agriculture does not only improve the living standards of those poor people but also help in creating jobs, raising incomes, reducing malnutrition that automatically accelerates the economy of the country as a whole. If we keep a glance at different countries of the world, almost every industrialized nation started its economic transformation with the transformation of agriculture. The countries like Brazil, Vietnam and China have doubled the value of its agriculture sector within 20 years of initiation of transformation in agriculture. China which has only 7% of arable land feeds about 22% of world's population. In 20$^{th}$ century, China was struggling to feed its large population but with the improvement in agricultural innovations and use of technologies today China is one of the largest exporter of agricultural produce. It contributes 22 percent of the rice produce of the world.

United States of America is a leading example of the use of advanced agriculture technology in the world. Here agriculture does not only relates to crop farming but it refers to scientific soil, crop analysis, innovative machinery and wide use of computers. Agriculture in United States expanded by 5% every year after 1990. It is the highest producer of Timber, Corn, Wheat and Soyabeans.

Israel where more than half of the land area is desert, climate is extreme and the water resources donot favor agriculture at all is a world leader in agricultural innovations and technologies. Today, Israel is considered as a leading nation in agricultural research and development that has led to dramatic increase in the quantity and quality of the country's crops.

Brazil is another country that has huge development records in agriculture sector. The traditional agriculture that prevailed in Brazil until the 1970s, whose growth mostly occurred on the extensive margin, was progressively transformed during the following decades into a modern and strongly competitive agriculture based on

science. Brazil was always an agricultural export country, but it was traditionally an exporter of a single crop. However, the country's agriculture underwent significant changes after 1960. Since then, Brazil has become one of the top five world producers of some 36 agricultural products and is now the world's primary exporter of such agricultural goods as orange juice, sugar, meat, corn, and soybeans.

The examples of all these countries depicts a common point of view that agricultural transformation can help achieve economic growth and improve economic indicators.

According to the latest 2017 report by the UN's Food and Agriculture Organization(FAO), the key to achieving the 2030 agenda for sustainable development are transforming rural communities and promoting agriculture.

It is evident that agriculture transformation is very crucial for the developing countries like Nepal. The economy of Nepal is largely dependent on agriculture accounting for 36% of GDP and absorbing two thirds of labour market. Even though Nepal is endowed with the resources needed for high land productivity, many households, particularly in the mountainous regions of Nepal, experience food shortages for 4–9 months a year. More than 50% of the districts in Nepal are considered food-deficient by FAO. This problem of low agricultural productivity arises due to fragmented subsistence farming, poor technical knowledge, and lack of irrigation facilities, Erratic weather patterns, pest epidemics, and lack of fertilizers and improved seeds. Further Nepal also faces a negative trade balance in agriculture. The country's agricultural imports were NPR 371 billion (USD 400 million) in the year 2021/22. For the improvement of all the bottleneck faced in agriculture sector of the country, it is very important to work towards agricultural transformation. Cooperatives working in group modality covering poor and vulnerable parts of the society can play a lead role in transforming agriculture. Cooperatives can help to increase member producers production by helping better link with finance, agriculture inputs and output markets. The examples of Taiwan, India, and Vietnam also show that cooperatives can be instrumental in sector transformation. Most of Israel's agriculture is also based on cooperative principles that evolved in the early twentieth century. Two unique forms of agricultural settlements; the kibbutz, a collective community in which the means of production are communally owned and each member's work benefits all; and the moshav, a farming village where each family maintains its own household and works its own land, while purchasing and marketing are conducted co-operatively. Both communities provided a means not only to realise the dream of the pioneers to have rural communities based on social equality, co-operation and mutual aid but also to gain agricultural output in a productive means.

The cooperative movements among farmers are viewed to be instrumental to Agricultural transformation and boosting productivity in the sector. For some decades, cooperatives have been playing remarkable roles towards the growth and development of the national economy. Agricultural cooperatives play a key role

in linking farmers to markets, providing a collective platform for negotiating with buyers, offering aggregating, marketing and processing services, providing distribution channels for primary products, and delivering training, business planning and capacity building services to their members.

The policy of Nepal indicates strong commitment towards agriculture sector reform. The government has given special priority to the agricultural sector in the budget for the fiscal year 2079/80 by significantly allocating budget in the sector.

In this context cooperative can play a lead role in fostering agricultural productivity by penetrating the poorest section of the country. Cooperatives not only works unitedly with the vulnerable portion of the society but it can be a change agent as it unites people and work in collaborated approach. It can act as a mentor, a guide and an activist which can bring the poor society together and make them work towards a common goal.

Agricultural transformation can be a challenge for a developing country like Nepal where we lack modern technological knowhow and resources to uplift the sector as a whole. Cooperative can be a catalyst that can make this dream reality by bringing together technology and backward communities.

It can support not only by providing credit facilities to farmers but by making them aware on how to transform agriculture. It can include learnings and training programs to educate farmers about the importance of agriculture transformation and the ways to achieve it.

The success of any agricultural transformation relies on how well millions of smallholders and small- and medium-size enterprises can be helped to change farming practices as quickly and effectively as possible. Cooperatives can play a role of change agent that helps farmers to modify their practices. They can act as a source of learning to whom farmers trust and interact with regularly. For example, increased productivity in the dairy sector might be achieved through farmers accessing better animal health technologies and better cattle breeds or joining dairy cooperatives to sell their milk. Cooperatives can provide extension knowledge, offering financing for farming inputs such as fertilizer, aggregating crops, or facilitating marketing services.

Cooperatives can provide technical assistance to farmers but can also fundamentally change the farmers' risk and potential revenue by providing access to storage, equipment, finance, and marketing services.

Change in agricultural systems requires multiple parallel advancements. For example, improvements in agricultural extension and seed systems might enable farmers to switch to a more productive hybrid seed, but lack of access to fertilizer (upon which the hybrid depends) could prevent productivity increases and leave the farmer unwilling to buy hybrid seed next time. As in any complex economic system, when so many elements are interrelated, any one of them can become a constraint and stall progress. Cooperatives can educate the farmer groups on the

timing, extent and favorable crop that can increase yield.

Small Farmers Agricultural cooperatives are the typical community level cooperatives providing various financial and non-financial services to small farmers in all the parts of the country. They have been providing farmers with necessary agricultural inputs, technical knowledge on production and productivity of various crops, storage, processing and other services that has supported in the transformation process

The Rural Enterprise Financing Project funded by Nepal Government and Asian Development Bank has played a pivotional role in promoting the transformation of agriculture of small holder farmers. This program not only provide credit support to small holder farmers but also ensures that the business plan of the agriculture enterprises is achieved and the farmer has moved from subsistence farming to commercial farming. The 50 collective and 500 individual agricultural enterprises that the project foresee to develop can be a learning center for agricultural transformation if small farmer cooperatives can support the enterprises by providing regular technical guidance.

Agricultural transformation can make Nepal a prosperous country relieving from excessive dependence on foreign remittance only. It can help our nation to self sustain on agriculture products and thus reduce the huge imports of argi-products. Cooperatives in general and SFACLs in particular thus need to understand their strength in the society and should work more seriously towards bringing technical knowhow to the small holder farmers.

Agricultural transformation is more than just a change in farming practices. It is about transforming a country's rural economy. Agricultural transformation is essential for the future well-being of developing nations and also for the world to ensure food sufficiency for growing population.



# साना किसान अभियानमा संगठनात्मक संरचना, गठन व्यवस्था र काम, कर्तव्य तथा अधिकार


**लिलाधर धिताल**
का.मु. मुख्य प्रबन्धक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.


## पृष्ठभूमि :

कृषि विकास बैंकबाट ग्रामीण क्षेत्रमा गरिबी न्यूनीकरण कार्य गर्न वि.सं. २०३२ साल असोज २ गते धनुषा जिल्लाको महेन्द्रनगर र मंसिर १८ गते नुवाकोट जिल्लाको तुप्चेमा २ वटा साना किसान विकास आयोजनाको स्थापना गरिएको थियो। वि.सं. २०३७ सम्म व्यापकरुपमा आयोजना कार्यालयहरू विस्तार भए। वि.सं. २०५० सम्म ४०० वटा आयोजना कार्यालयहरूबाट ६५२ गाउँ विकास समितिहरूमा सेवा विस्तार गरी २ लाख १० हजार साना किसान परिवारहरूलाई समूहमा आबद्ध गराइएको थियो।

## साना किसान संस्थागत विकास कार्यक्रम :

- आ.व. २०४२/४३ मा धादिङ एकीकृत ग्रामीण विकास कार्यक्रमअन्तर्गत संस्थागत विकास कार्यक्रमको अवधारणा सुरु,
- आ.व. २०४६/४७ मा धादिङ जिल्लाको ४ वटा आयोजनाहरू छेत्रेदेउराली, भूमेस्थान, धुवाँकोट र मैदीमा यसको परीक्षण तथा वि.सं. २०५० सालमा उक्त ४ वटा आयोजनाहरू साना किसान कृषि सहकारी लि. मा रूपान्तरण गरी स्थानीयलाई हस्तान्तरण,
- दैनिक कार्यालय सञ्चालनका लागि युवा कार्यकर्ताहरू (संस्थागत सहायक/सहायिका) कर्मचारीको रूपमा व्यवस्था।

## साना किसान सहकारी संस्थाको संगठनात्मक तह:

साना किसान विकास कार्यक्रम नेपालको मौलिक र विशिष्ट कार्यक्रम हो। संस्थागत विकास गर्ने क्रममा यस अभियानमा ३ तहको संगठनात्मक संरचना कायम गरियो। समूह, अन्तर समूह र सञ्चालक समिति। पहिलो तह अन्तर्गत गाउँ/टोलस्तरमा कम्तीमा ५ जनाको समूह गठन, पायक पर्ने स्थानका कम्तीमा दुई वा सोभन्दा बढी समूहको प्रत्येक समूहबाट १/१ जना प्रतिनिधि छनोट गरी दोस्रो तहको रूपमा अन्तर समूह गठन र सबैभन्दा माथिल्लो तेस्रो तहको रूपमा सञ्चालक समिति गठन हुन्छ। प्रत्येक अन्तर समूहबाट १/१ जना योग्य सक्षम व्यक्ति सञ्चालक समितिमा प्रतिनिधिको रूपमा पठाइन्छ र तिनै प्रतिनिधिबाट सञ्चालक समिति गठन हुन्छ। यसरी समूह र सञ्चालक समितिको बीचको पुल वा मध्यस्तकर्ताको रूपमा रही अन्तर समूहले काम गर्दछ। यसलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ।



### समूह तथा सदस्यको काम कर्तव्य र समूह बैठकको निर्णय गर्ने तरिका

**सदस्य** : निश्चित भौगालिक क्षेत्रभित्र बसोबास गर्ने, एकै उद्देश्यबाट संगठित भई संस्थामा आबद्ध हुन चाहने, संस्थाको कार्यक्रममा सरिक रही साधारणसभाबाट पारित नीतिअनुरुप आय-आर्जन गरेको रकमबाट नियमित रूपले बचत गर्न चाहने वा आवश्यकताअनुसार ऋण लिई आफ्नो परिवारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था सुधार गरी जीवनस्तर माथि उठाउने उद्देश्य लिने र संस्थाको विनियमबमोजिम सदस्यको जिम्मेवारी स्वीकार गर्न मञ्जुर गर्ने निर्धारित योग्यता पुगेका इच्छुक नेपाली व्यक्ति संस्थाको सदस्य हुन सक्नेछन् ।

### सदस्यको काम, कर्तव्य र अधिकार :

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको नेतृत्व लिने वा सरिक हुने ।

(ग) संस्थामा नियमितरूपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रूपमा सावा तथा ब्याज नियमित रूपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य, समूह एवम् अन्तर समूहको हितमा सञ्चालकहरूलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

(च) संस्थाको साधारणसभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका बारेमा प्रश्न गर्ने ।

(छ) साधारणसभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि सञ्चालन गरेका सुविधा सबै सदस्यले संस्थापक सदस्य सरह उपभोग गर्न पाउने ।

(झ) सहकारीका प्रचलित कानुन र सहकारीका सर्वमान्य सिद्धान्तबमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियमबमोजिम संस्था सुदृढीकरणको अभियानमा सक्रियता लिने ।

**साना किसान सहकारी संस्थामा समूह गठन :** <u>**साना किसान अभियानको सुन्दर पक्ष नै समूह अवधारणा हो**</u> । समूह गठन देहायअनुसार हुनेछः-

(क) भौगोलिक, आर्थिक र सामाजिक रूपमा मिल्दाजुल्दा घरधुरीबाट ५-१० जनासम्म सदस्य रहेको समूह गठन हुनेछ ।

(ख) समूहमा एक परिवारका एक जनामात्र सदस्य हुनेछन् । तर बचत संकलन र सामाजिक सामुदायिक कार्यक्रमहरूमा परिवारका अन्य सदस्यहरूको सहभागिता कायम गर्न सकिनेछ ।

(ग) यसरी गठन हुने प्रत्येक समूहले संस्थाको विनियम अनुसारको प्रबन्धपत्र भरी १ प्रति संस्थामा र १ प्रति आफ्नो समूहमा राख्नु पर्नेछ ।

**समूहको प्रकार** : ठाउँ र अवस्था हेरी ३ प्रकारका समूह हुन्छन् । १. महिला २. पुरुष र ३. मिश्रित समूह ।

### साना किसान सहकारी संस्थामा समूह गठन प्रक्रियाः

- वार्षिक कार्यक्रम तथा बजेटमा समूह गठन/सदस्य विस्तार उल्लेख गरेको,
- अन्तर समूहलाई जिम्मेवारी बनाउने,
- गैरसदस्यहरूको पहिचान,
- गैरसदस्यहरूको भेला र तालिम (Pre

Organizing Training-POT),

- समूह गठन आवेदन,
- सदस्य पहिचान (Know Your Member-KYM) फाराम भर्ने,
- अन्तर समूहबाट समूह गठन सिफारिस,
- प्रबन्धपत्र भरी दस्तखत गराउने,
- सञ्चालक समितिबाट समूह गठन गर्न स्वीकृत/अनुमोदन।

**समूहमा कार्य विभाजन :**

(क) समूह सदस्यहरूको समान विकास र सशक्तिकरणका लागि आलोपालो क्रमअनुसार जिम्मेवारी विभाजन गरिनेछ।

(ख) सबै सदस्यहरूलाई उमेरको ज्येठता क्रमबाट पहिलो दोस्रो गर्दै पालो क्रमनिर्धारण गरी त्यहीक्रममा अध्यक्ष र उपाध्यक्ष पदको जिम्मेवारीको पालो निर्धारण हुनेछ।

(ग) सबै सदस्यहरूलाई राम्ररी पढ्न लेख्न जानेको क्रमबाट पहिलो दोस्रो गर्दै पालो क्रमनिर्धारण गरी त्यहीक्रममा सचिव पदको जिम्मेवारीको पालो निर्धारण हुनेछ।

(घ) समूहका अध्यक्ष, उपाध्यक्ष र सचिवको कार्यविधि चार वर्षको हुनेछ।

(ङ) समूहले अन्तर समूहको निर्वाचन हुनुभन्दा पूर्वसमूहले आफ्नो कार्य विभाजन गरी सकेर अन्तरसमूहमा आफ्नो प्रतिनिधि पठाउने छ।

(च) समूहका अध्यक्ष, उपाध्यक्ष र सचिवको पदावधि सकिएपछि मर्यादाक्रमअनुसार त्यस पछिको पालोमा पर्ने व्यक्तिले उक्त पद भार पाउनेछ।

(छ) उमेर बराबरी भई आलोपालो क्रमनिर्धारण गर्न नसकिएमा दलित र जनजातिले क्रमशः प्राथमिकता पाउनेछन्।

**समूहको नियम तर्जुमा :** समूहका पदाधिकारीहरूले पालना गर्नुपर्ने कुराहरू निम्नानुसार हुनेछन् :-

(१) बैठक बस्ने मिति, समय र स्थान निर्धारण (स्थान आलोपालो),

(२) सामूहिक छलफल गर्ने,

(३) समूहको अध्यक्षले अरू पदाधिकारीहरूको राय, सल्लाह लिई आफ्नो रायसहित सर्वसम्मत निर्णय गर्ने/गराउने,

(४) तोकिएको मिति र स्थानमा समयमा उपस्थित हुने,

(५) ठोस प्रस्तावहरू तयार गर्ने र बैठकमा नै राखी छलफल गर्ने,

(६) एक अर्काको सम्मान र आदर गर्ने,

(७) सहकारी सिद्धान्त, मूल्य र मान्यता तथा संस्थाको विनियम, नीति नियमको पालना।

**समूहको काम, कर्तव्य र अधिकार :**

(क) समूहमा आबद्ध भई सदस्य बन्न चाहने प्रत्येक व्यक्तिले समूह गठन गर्दाको बखतमा नै संस्थाको विनियम अनुसारको समूहको प्रबन्धपत्रमा अनिवार्य रूपमा सहमति जनाई दस्तखत गरेको हुनु पर्नेछ।

(ख) समूहले अन्तर-समूहको नियमित मासिक बैठकमा आफ्नो समूहबाट प्रतिनिधित्व गर्ने सदस्यहरूको अनिवार्य उपस्थिति गराउनु पर्नेछ। समूहको बैठकमा ढिलो आउने, नआउने वा अन्य व्यक्ति पठाउने सदस्यलाई समूहले आवश्यक नियम बनाई जरिवाना गराउन वा कारबाहीको लागि अन्तर समूहमा सिफारिस गर्न सक्नेछ।

(ग) समूहका प्रत्येक सदस्यले समूहले तोकेको न्यूनतम दरमा मासिक बचत संकलन गर्नेछ। सुविधाअनुसार दैनिक बचतलाई साप्ताहिक/पाक्षिक/मासिक

रुपमा संकलन गरी अन्तर समूह बैठकमा जम्मा गर्न सकिनेछ।

(घ) आफ्ना समूह सदस्यहरूलाई वार्षिक कार्यक्रम तयार गर्न लगाई माग अनुसारको कर्जाको लागि समूहको छलफलअनुसार समूहबाट अन्तर समूहमा प्रतिनिधित्व गर्ने पदाधिकारीले अन्तर समूह बैठकमा प्रस्ताव राख्नु पर्नेछ। सदस्यको आवश्यकता, क्षमता, विगतको अनुभव, बजारको सम्भाव्यता, पारिवारिक सहमति र कारोबारबाट हुन सक्ने फाईदालाई विचार गरेर मात्र कुनै पनि सदस्यलाई ऋण उपलब्ध गराउन सिफारिस गर्नु पर्नेछ । साथै, ऋण असुलीसम्बन्धी समेत बैठकमा छलफल गरी समयमा बुझाउन लगाउनु पर्नेछ।

(ङ) संस्थासँगको कारोबारको सन्दर्भमा समूहका सदस्यहरू एक-अर्काप्रति पूर्णरूपले जिम्मेवार र उत्तरदायी हुनेछन्।

(च) समूहका सम्पूर्ण सदस्यहरू मध्येबाट इमान्दार, कर्तव्यनिष्ट, अनुशासित र नेतृत्व दिन सक्ने १ जना प्रतिनिधि छनोट गरी अन्तर समूहमा पठाउने।

**अन्तर समूह** : साना किसान सहकारी संस्थामा कम्तीमा दुई वा सोभन्दा बढी समूहको प्रतिनिधित्व हुने गरी प्रत्येक समूहबाट १/१ जना प्रतिनिधि छनोट गरेर गठन गरिने संगठन नै अन्तर समूह हो। अन्तर समूह क्रियाशील भएमा मात्र समूह र सञ्चालक समिति क्रियाशील हुने मान्यता रहेको छ।

### अन्तर समूह गठन प्रक्रिया :

१. पायक पर्ने स्थानको गाउँ/टोलमा दुई वा दुईभन्दा बढी समूह हुनु पर्नेछ,

२. दुई वा दुईभन्दा बढी समूहको प्रत्येक समूहबाट १/१ जना प्रतिनिधि छनौट गर्ने,

३. उक्त प्रतिनिधिहरूको बैठक बसी आपसी सहमतिद्वारा अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यको पद बाँडफाँट सर्वसम्मत रूपमा गर्ने।

### अन्तर समूह पदाधिकारीको कार्य अवधि:

१. पदाधिकारीहरूको कार्यकाल ४ वर्षको हुनेछ,

२. आफ्नो कार्यकाल समाप्त भएपछि नयाँ पदाधिकारीलाई आफ्नो जिम्माका सबै कागजातहरू बरबुझारथ गर्नु पर्नेछ,

३. एउटै पदाधिकारी २ पटकभन्दा बढी कार्यकालको लागि एउटै अन्तर समूहको कुनै पदमा रहन सक्ने छैन। तर, उक्त अन्तर समूह अन्तरगतका सबै समूह सदस्यहरू कम्तीमा एकपटक अन्तर समूहको पदाधिकारी भई सकेको अवस्थामा यो नियम लागू हुने छैन।

### योग्यता :

१. समूहको व्यक्ति हुनु पर्नेछ,

२. समयको पालना, संस्थाबाट लिएको कर्जा र ब्याज समयमा तिर्ने गरेको, नियमित समूह बचत गर्ने,

३. नैतिकवान, इमान्दारी र नेतृत्व गर्न सक्ने,

४. सम्भव भएसम्म साक्षर व्यक्ति हुनु पर्नेछ।

### अन्तर समूह बैठक सञ्चालन :

१. नियमित रूपमा मासिक बैठक बस्ने,

२. बैठकको अध्यक्षता अध्यक्षले गर्ने र यदि अध्यक्ष अनुपस्थित भएमा उपाध्यक्षले गर्ने,

३. बैठक सञ्चालनको क्रममा सबै पदाधिकारीहरूको सक्रिय सहभागिता हुनु पर्नेछ,

४. बैठकमा सबै पदाधिकारीहरूको राय प्राप्त

भएपछि मात्र अध्यक्षले अन्तिममा आफ्नो राय सहित सर्वसम्मत निर्णय गर्नु पर्नेछ,

५. अन्तर समूह गठन र त्यसका निर्णयहरूको अभिलेख राख्न एक बैठक पुस्तिका बनाउनु पर्नेछ र त्यसका प्रत्येक बैठकको निर्णयको प्रतिलिपि सञ्चालक समितिमा पेश गर्नु पर्नेछ।

**अन्तर समूहको बैठकमा पेश हुने प्रस्तावहरू :**

१. अघिल्लो बैठकको समीक्षा,
२. समूह बचत नियमित गर्ने सम्बन्धमा,
३. अन्तर समूह कोषमा रकम जम्मा गर्ने सम्बन्धमा,
४. कर्जाको किस्ता र ब्याज असुली सम्बन्धमा,
६. कर्जा सिफारिस सम्बन्धमा,
७. सामाजिक र सामुदायिक कार्यक्रम सञ्चालन सम्बन्धमा,
८. विविध।

**अन्तर समूहको काम, कर्तव्य र अधिकार :**

१. अन्तर समूह बैठकमा आफ्नो अन्तर समूह अन्तरगतका सदस्यहरूको बचत संकलन गर्ने, सदस्यको आवश्यकताअनुसार कर्जा माग संकलन गर्ने, निजको आवश्यकताअनुसार कर्जा सिफारिस गर्ने र सो को अभिलेख राख्ने,
२. अन्तर समूह अन्तर्गतका सदस्यहरूको वार्षिक कार्यक्रम बनाई समितिसमक्ष पेश गर्ने।
३. समितिबाट भए गरेका निर्णयहरू सम्पूर्ण सदस्यहरूलाई जानकारी गराउने र त्यसलाई लागू गर्ने/ गराउने,
४. अन्तर समूहस्तरका कार्यक्रमहरू तर्जुमा गरी सामुदायिक विकासका क्रियाकलापहरू सञ्चालन गर्ने,
५. संस्थाबाट सदस्यहरूले लिएको कर्जाको अनुगमन र निरीक्षण गर्ने, म्याद भित्र भुक्तानी गर्न जानकारी गराउने तथा सदस्यहरूका असल अभ्यास र सफलताका कथाहरू सबैसमक्ष प्रचारप्रसार गर्ने गराउने,
६. संस्थाले दिने सेवाहरूको बारेमा जानकारी गराउने, ती सेवाहरूको उपयोग गर्न प्रेरित गर्ने,
७. सदस्यहरूलाई कृषि उत्पादन कार्यमा लाग्न उत्प्रेरित गर्ने, उत्पादित कृषि उपजको भण्डारण, प्रशोधन र बजारीकरणमा अभिप्रेरित गर्ने र सदस्यको व्यवसाय प्रवर्धन हुने किसिमका कार्यक्रम सञ्चालन गर्न सञ्चालक समितिलाई सुझाव दिने,
८. प्रत्येक अन्तर समूहले उत्पादन वा प्रशोधन वा बजारीकरणको जिम्मेवारी लिने,
९. अन्तर समूहको निर्वाचन गराउने, कार्यविभाजन गर्ने, नियमित मासिक बैठक बस्ने स्थान र समय निर्धारण गर्ने,
१०. अन्तर समूह सञ्चालन र व्यवस्थापनसम्बन्धी नियम नीतिहरू बनाउने र लागू गर्ने,
११. सदस्यहरूलाई संस्थाको विनियम र नीति नियमहरूको बारेमा अवगत गराउने, पालन गराउने, नीति नियम उल्लङ्घन गर्ने सदस्यलाई कारबाहीको प्रक्रिया अघि बढाउने,
१२. संस्थाको विनियम, नीति नियम र समितिको निर्णयानुसारका कार्यहरू गर्ने,
१३. अन्तर समूहका सम्पूर्ण सदस्यहरूमध्येबाट इमानदार, कर्तव्यनिष्ट, अनुशासित र नेतृत्व दिन सक्ने १ जना प्रतिनिधि छनोट गरी

संस्थाको सञ्चालकमा पठाउने,

१४. आफ्नो कार्यक्षेत्रमा साना किसान परिवार समेट्न बाँकी प्रत्येक अन्तर समूहले हरेक आर्थिक वर्षमा समूह गठन गर्न सहजीकरण गर्ने ।

**सञ्चालक समिति गठन प्रकृया :** साना किसान सहकारी संस्थामा सबैभन्दा माथिल्लो तहको संगठन नै सञ्चालक समिति हो । यसको गठन देहायबमोजिम हुनेछ :-

(१) संस्थामा ९ देखि १५ जनासम्मको एउटा सञ्चालक समिति रहनेछ। जसमा महिलाको न्यूनतम ३३ प्रतिशत सहभागिता कायम रहनेछ । संस्थाको कार्यक्षेत्र, सदस्य संख्या र कारोबारको आधारमा साधारणसभाले सञ्चालक समितिको संख्या निर्धारण गर्नेछ । सम्भव भएसम्म सञ्चालक समितिको स्वरूप समावेशी बनाउनु पर्नेछ ।

(२) प्रत्येक अन्तर समूहबाट १ जना प्रतिनिधि सञ्चालक समितिको लागि छनोट हुनेछन् । यसरी अन्तर समूहबाट छनोट भई आएका प्रतिनिधिहरू मध्येबाट प्रजातान्त्रिक प्रक्रियाबमोजिम अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको चयन गरिनेछ ।

(३) एकाघर परिवारबाट एकभन्दा बढी व्यक्ति एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संस्थाबाहेक अर्को कुनै सहकारी संस्थाको सञ्चालक बन्न पाउने छैन । तर, वार्षिक दुई करोड रुपैयाँभन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए सहकारी ऐन, २०७४ प्रारम्भ भएको मितिले चार वर्षभित्र त्यस्तो सञ्चालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नु पर्नेछ ।

(५) कुनै एक व्यक्ति एकै अवधिमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछन् ।

(६) माथि बुँदा नं. (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी ऐन २०७४ लागू हुनुभन्दा अघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा उक्त ऐन प्रारम्भ भएको मितिले १ वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरेसम्म समितिको कुनै पदमा उम्मेदवार हुन पाउने छैन ।

(८) सञ्चालकको पदावधि समाप्त हुनु अगावै नयाँ सञ्चालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदावधि गुजारेको अवधि ३ महिना बितिसकेको भए ती सञ्चालकहरू नयाँ सञ्चालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(९) भौगोलिक आधारमा गठित यस सहकारी संस्थाको कार्यक्षेत्र भित्र बसोबास नगरी अन्यत्र बसोबास गर्न पुगेका सदस्य स्वतः सदस्यका लागिसमेत अयोग्य हुने भएकाले सञ्चालक समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

**सञ्चालकहरूको पदावधि :**

(१) सञ्चालकहरूको पदावधि निर्वाचित भई शपथ गरेको मितिले चार वर्षको हुनेछ।

(२) कुनै सञ्चालकको पद कुनै कारणबाट रिक्त भएमा सो रिक्त पदको पूर्ति साधारण सभाबाट निर्वाचनद्वारा मात्र हुनेछ।

(३) नयाँ समितिको निर्वाचन नभएसम्म सबिककै समितिले विनियममा व्यवस्था भएबमोजिम संस्थाको कार्य सञ्चालन गर्नेछ।

**सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : सहकारी ऐन, २०७४ दफा ४३ बमोजिम**

(क) सहकारीको मूल्य, मान्यता र सिद्धान्तबमोजिम सहकारी संस्था सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा र विशेष साधारणसभा बोलाउने,

(घ) साधारणसभाका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभासमक्ष पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्तासम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारणसभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्रभित्र रही सहकारी संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

**लेखा सुपरिवेक्षण समितिको गठन (सहकारी ऐन, २०७४ दफा ४८)**

(१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एक जना संयोजक र दुई जना सदस्य रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ।

(२) एकै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन।

**लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार (सहकारी ऐन, २०७४ दफा ४९) :**

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने।

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने।

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने।

(घ) समितिको काम कारबाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने।

(ङ) साधारणसभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने।

(च) लेखा समितिको प्रतिवेदन र समितिको काम कारबाहीको सुपरीवेक्षणसम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभासमक्ष पेश गर्ने ।

(छ) आफूले पटकपटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनिमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा पेश गर्ने ।

(२) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

लेखा सुपरिवेक्षण समितिका पदाधिहरूको पदावधि सञ्चालक समितिको सरह हुनेछ ।

### प्रबन्धकको काम, कर्तव्य र अधिकार

१. सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरू एवम् सहकारी ऐन, नियमावली, तथा संस्थाका विनियम, नीति, निर्णय र सम्झौताहरूको अनिवार्य पालना गर्नु पर्दछ ।

२. संस्थाको साधारणसभा तथा समितिको निर्णय र लेखा समितिको सुझाव/निर्देशनको पूर्ण रूपमा पालना गर्नु पर्दछ ।

३. संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गर्ने,

४. संस्थाको सदस्यता आवेदन फारमहरू संकलन एवम् वितरण तयार गरी समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरू उपलब्ध गराउने,

५. साधारणसभा, समितिका सवै बैठकहरूमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरूलाई आवश्यक सूचना उपलब्ध गराउने,

६. वार्षिक योजना तथा बजेट तयार गरी समितिसमक्ष पेश गर्ने,

७. समिति र साधारणसभाका बैठकहरूको विषयसूची तयार गर्ने,

८. संस्थाका सदस्यहरूलाई शैक्षिक एवम् तालिम कार्यक्रमहरूको योजना बनाई शिक्षा उपसमिति मार्फत सञ्चालन गर्न सहयोग पुर्‍याउने,

९. संस्थाका सवै कर्मचारीहरूको काम कारबाहीहरू सुचारु रुपमा सञ्चालन गराउने र कर्मचारीबीच समन्वय गर्ने,

१०. समितिले तोकेका कामहरू गर्ने गराउने,

११. समितिप्रति उत्तरदायी हुने,

१२. जनसम्पर्कका अन्य कार्यहरू गर्ने, गराउने ।

### कर्मचारीको काम, कर्तव्य र अधिकार :

१. सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरू एवम् सहकारी ऐन, नियमावली, तथा संस्थाका विनियम, नीति, निर्णय र सम्झौताहरूको अनिवार्य पालना गर्नु पर्दछ ।

२. कर्मचारीले संस्थाको साधारणसभा तथा समितिको निर्णय र लेखा समितिको सुझाव/निर्देशनको पूर्ण रूपमा पालना गर्नु पर्दछ ।

३. कुनै पनि कर्मचारीले संस्थाको क्रियाकलापमा दलगत राजनीति, जातजाति धर्म, लिङ्ग वर्ण, भाषा, नाता-गोता वा अन्य कुनै पनि विषयका आधारमा कसैलाई पनि भेदभाव गर्न एवम् व्यक्तिगत वा संस्थागत पूर्वाग्रहबाट संस्था एवम् सदस्यको अहित हुने किसिमका कुनै पनि कार्य गर्न हुँदैन।

४. कुनै पनि कर्मचारीले आफू कार्यरत संस्थासँग व्यक्तिगत लाभ आर्जन हुने गरी कुनै प्रकारको शर्त, सम्झौता करार गरी ठेक्का/पट्टा वा योजना सञ्चालन गर्नु नहुने र प्रतिस्पर्धी हुने गरी कुनै पनि व्यवसाय सञ्चालन गर्न हुँदैन।

५. संस्थाको दीर्घकालीन विकासमा व्यावसायिक योजना बनाई सञ्चालक समिति र साधारणसभामा पेश गर्ने र नीति नियम विनियम, साधारणसभा वा समितिको निर्णय अनुसार संस्थाको सम्पूर्ण कारोवार पारदर्शी ढंगबाट रेकर्ड गरी संघ संस्थालाई दरिलो दिगो र भरपर्दो बनाउन प्रयत्नशील रहनु पर्दछ।

६. कर्मचारीले संस्थाको छविमा आँच आउने किसिमका कार्य गर्ने वा अनैतिक तवरका दानदातव्य, उपहार, चन्दा, नजराना, कोसेली लिने वा पद र संस्थाको नामको दुरुपयोग गरी व्यक्तिगत, दलगत वा अन्य कुनै पनि किसिमको लाभ लिने वा व्यक्तिगत स्वार्थ पूर्ति गर्ने किसिमका कार्यहरू गर्नु हुँदैन।

७. सहकारी संस्थामा रहेका कर्मचारीहरूले आफ्नो नाममा कर्जा लिनु हुँदैन, लिएको भएमा संस्थाको नियमानुसार भाखा भित्र सावाँ एवम् व्याज भुक्तान गरी सक्नु पर्नेछ।

८. संस्थाका कर्मचारीहरूले अन्य संस्था वा सरोकारवाला पक्षहरूसँग समानताको आधारमा शिष्ट, नम्र एवम् मर्यादित व्यवहार प्रस्तुत गरी संस्थाको हित र छवि अभिवृद्धिको लागि समन्वयात्मक रूपमा सम्बन्ध विकास गर्नु पर्दछ।

९. संस्थाका कर्मचारीहरूले संस्थाको नियमविपरीत हुने गरी कुनै पनि काम गर्न गराउनका लागि भनसुन गर्ने गराउने वा भनसुन, दबाब र प्रलोभनमा परी कुनै पनि काम गर्ने गराउने गर्नु हुँदैन।

१०. संस्थााको पदमा बहाल रहँदा वा नरहँदा समेत संस्थाको गोपनीयता भंग हुने किसिमका कुनै पनि कार्य गर्नु हुँदैन।

११. संस्थाको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले हानी नोक्सानी हुने गरी वा बदनामी हुने खालका क्रियाकलाप गर्न एवम् संस्थाको व्यवस्थापनमा गुट-उपगुट खडा गरी संस्थालाई असर पर्ने खालका क्रियाकलापमा लाग्न हुँदैन।

१२. संस्थाको कर्मचारीले लगनशील इमान्दार, कर्तव्यनिष्ठ, अनुशासित भएर नमुना प्रदर्शन गर्नु पर्दछ।

१३. संस्थाका कर्मचारीले संस्थाको व्यावसायिक योजनाअनुसार संस्थालाई दिगो, भरपर्दो, पारदर्शी र स्वसक्षम संस्था बनाई शेयर सदस्यहरूलाई सेवा तथा लाभांश दिने गरी कार्य गर्नु पर्दछ।

१४. संस्थाका कर्मचारीहरूले सरकारी वा अन्य निकायको स्केल अनुसारको सुविधा वा पद नखोजी आफ्नो संस्थाको क्षमता, विनियम, नीति र शर्त सुविधा अनुसारका सुविधा र पदमा रही कार्य गर्नु पर्दछ।

१५. संस्थाका कर्मचारीले सम्बन्धित संस्थाको कर्मचारी शर्त सेवा र नियममा उल्लेख भए अनुसारको समय संस्थाको काममा लगाउनु

पर्नेछ। तर, आवश्यकता भएमा अतिरिक्त समय प्रदान गर्नु कर्मचारीको कर्तव्य हुनेछ।

१६. अधिकार प्राप्त अधिकारीको अनुमति बिना संस्थाको कुनै पनि लिखत, नगदी वा जिन्सि सम्पत्ति अरूलाई दिनु हुँदैन।

१७. संस्थामा कार्यरत कर्मचारीले दलगत वा राजनितिक निर्वाचनमा उम्मेदवारी दिने, निर्वाचित वा मनोनीत भई कार्यभार ग्रहण गर्ने, त्यस्ता निर्वाचनमा प्रचारप्रसार गर्ने एवम् निर्वाचनमा सहभागिता देखिने र कुनै किसिमको प्रभाव पार्ने कार्यहरू गर्नु हुँदैन।

१८. आफू कार्यरत संस्थाको छाता संगठनले गरेको निर्णयविपरीत हुने कार्य गर्न, अन्य निकाय वा प्रतिस्पर्धी संस्थासँग मिलेमतो गरी संस्थाको अहित हुने कार्य गर्नु गराउनु हुँदैन।

१९. संस्थामा बनेका विनियम, नियम, निर्देशिका र नियमावलीमा उल्लेख भएबमोजिम बाहेक सापटी, पेस्की, ऋण लिनु हुँदैन। नीतिअनुसार लिएको वा लिने गरेको भएमा समय भित्रमा फरफारक गरिसक्नु पर्दछ।

२०. संस्थाबाट पाउने सेवाहरू संस्थाबाट नै लिई प्रयोग गर्नु पर्दछ।

२१. संस्थामा कार्यरत कर्मचारीले बिदा लिएको अवस्थामा बाहेक अन्य निकायमा तलब पाउने गरी काम गर्नु हुँदैन। दोहोरो तलब खाएको थाहा हुन आएमा आफ्नो संस्थाबाट लिएको तलब फिर्ता गरी अब उप्रान्त अन्य निकायमा काम नगर्ने लिखित प्रतिबद्धता जनाएर मात्र त्यस्तो कर्मचारीले पुनः आफ्नो संस्थाको नियमित सेवामा सामेल हुनु पर्नेछ।

२२. संस्थाको कर्मचारीले संस्थाको कामका अतिरिक्त अन्य संस्था/निकायको आंशिक वा पूर्णकालीन काम गर्ने गरी कुनै पनि पदमा रही कार्य गर्नु हुँदैन।

२३. सहकारी संस्थाका कर्मचारीले सधैं काममा साझेदारी, काँधमा जिम्मेवारी, हृदयमा इमान्दारी र मस्तिष्कमा समझदारी राखेर काम गर्नु पर्दछ।

२४. कर्मचारीले कुनै पनि सार्वजनिक स्थलमा धुम्रपान, मद्यपान वा यस्तै किसिमका समाजमा विकृति फैलाउने र नैतिक पतन देखिने कार्य गर्न हुँदैन।

सानी किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले स्थापनाको २१ औं वार्षिक उत्सवका अवसरमा काठमाण्डौमा आयोजित एक विशेष समारोहकाबीच साना किसान आन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने देवेन्द्रप्रताप शाहलाई अभिनन्दन गरेको छ । यसैगरी साना किसाना कार्यक्रमलाई गाउँस्तरमा पुऱ्याउँदै जनताको आर्थिक, सामाजिक रूपान्तरणका लागि योगदान गर्नुहुने मानबहादुर खड्कालाई सम्मान एवं प्रशंसापत्र प्रदान गरिएको थियो भने तराई क्षेत्रमा पिछडिएको वर्गलाई साना किसान अभियानमा लागेर उत्प्रेरणा प्रदान गर्दै आफै पनि एक सफल किसानका रुपमा स्थापित हुनुभएकी सुगन्धि पासवानलाई पनि सम्मान एवं प्रशंसापत्र प्रदान गरिएको थियो ।

यस वित्तीय संस्थाले आफ्नो २१औं स्थापना दिवसका अवसरमा अभिनन्दन, सम्मान र पुरस्कृत गरेका व्यक्तिहरूको संक्षिप्त परिचय तल प्रस्तुत गरिएको छ ।



# नेपालका बैंक तथा वित्तीय संस्था सुधारक मूर्धन्य व्यक्तित्व

**श्री देवेन्द्रप्रताप शाह**

नेपालको बैङ्क तथा वित्तीय क्षेत्रमा देवेन्द्रप्रताप शाह एक स्थापित नाम हो। शाहले धादिङ्गको मैदीमा रहेको स्थानीय विद्यालयबाट आफ्नो प्रारम्भिक प्राथमिक शिक्षा प्राप्त गर्नुभयो। वि.सं. २०२३ सालमा जुद्धोदय पब्लिक हाईस्कुलबाट एसएलसी उत्तीर्ण हुनुभयो। बि.सं. २०२५ सालमा महेन्द्ररत्न कलेजबाट आइ.कम. र बि.सं. २०२७ सालमा त्रिचन्द्र कलेजबाट बिकम गर्नुभयो। प्राइभेट (स्वःअध्यायन) विद्यार्थीको रूपमा वि.सं. २०३१ सालमा बि.एल. र २०३३ सालमा एम.कम गर्नुभयो। २०३८ सालमा सिए अध्ययनका लागि भारत जानुभयो। २०४२ सालमा सिएको प्रोफेसनल डिग्री हासिल गर्नुभयो।

## साना किसान विकास अभियानमा योगदान

**शाहले** साना किसान विकास कार्यक्रममाथिको नवप्रवर्तनद्वारा नेपाली विपन्न तथा पिछडिएका वर्ग र साना किसानहरूको सामाजिक/आर्थिक समृद्धिको एक सशक्त औजार बनाउने क्रममा कृषि विकास बैङ्क लि.को महाप्रबन्धक लगायत विभिन्न ओहदामा रहेर विशेष भूमिका खेल्नुभएको छ। उहाँकै नेतृत्वमा स्थापित साविक साना किसान विकास बैङ्क लि.को सञ्चालक समितिको पहिलो अध्यक्षको समेत जिम्मेवारीमा रहँदा साना किसान सहकारी मोडेलको दीगोपनका लागि नविनतम अभ्यासहरूको थालनी र साना किसान विकास बैङ्कको स्थापना गर्नमा शाहले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो। कुनै पदमा रहँदा वा नरहँदा पनि अहोरात्र चिन्तनशिल र क्रियाशील रहेर साना किसान विकास कार्यक्रमलाई नेपालको मौलिक ग्रामीण विकास मोडेलको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत स्थापित गराउन शाहको योगदान स्मरणीय छ।

एकातिर कमजोर कर्जा असुली, बढ्दो सञ्चालन लागत, प्रवर्द्धनका स्रोतहरूको संकुचन, राजनीतिक द्वन्दको प्रभाव, जनशक्ति परिचालनको जटिलता, कृषि विकास बैङ्कबाट लघुवित्तलाई छुट्याएर जानुपर्ने बाध्यता आदिका कारण साना किसान विकास कार्यक्रमकै अस्तित्व संकटमा पुगेको र यसको पहिचान जोगाउन हम्मे-हम्मे परेको अवस्थामा शाहको दृढ इच्छाशक्ति, दूरदृष्टि र अथक परिश्रमको परिणामस्वरूप यो वित्तीय संस्थाको स्थापना र साना किसान विकास अभियानको निरन्तरता सम्भव भएको हो ।

अहिले, यो अभियान नेपालको साना किसानहरूको समृद्धिका लागि एउटा गहकिलो आधारस्तम्भ तथा नेपाल सरकार तथा अन्य सहयोगी संघ/संस्थाको लागि एउटा विश्वसनीय तथा भरपर्दो साझेदार बनिसकेको छ । यस वित्तीय संस्थाले प्राप्त गरेका उपलब्धि तथा साना किसान एवम् नेपाल सरकार र सहयोगी संघ/संस्थाहरूबाट प्राप्त जनविश्वास साँच्चिकै उच्च सम्मानयुक्त छन् । यस वित्तीय संस्था स्थापनाका क्रममा नेपाल सरकार एवम् बैङ्क तथा वित्तीय संस्थाबाट वित्तीय स्रोतको जोहो गर्ने, नेपाल सरकार, नेपाल राष्ट्र बैङ्क र सहयोगी निकायहरूलाई यस वित्तीय संस्थाको खाँचोका सम्बन्धमा बुझाएर यसलाई मूर्तरुप दिने शाहको क्षमता साँच्चै उच्च सम्मानलायक छ ।

यस वित्तीय संस्थाको स्थापनालगत्तै कृषि विकास बैङ्क तर्फको वित्तीय स्रोत हस्तान्तरण गर्ने तथा शुरुका वर्षहरूमा यसको व्यवस्थापन जिम्मेवारी लिने र क्रमशः सञ्चालन सक्षमताको विकास गरी स्वतन्त्र सञ्चालन हुन दिने शाहको परिकल्पना अविस्मरणीय छ ।

साना किसान विकास अभियानलाई यस रुपमा स्थापित गराउन शाहले पुऱ्याउनुभएको असाधारण एवम् अकल्पनीय योगदानको उच्च सम्मान गर्दै लघुवित्तले शाहलाई अभिनन्दन गरेको हो ।

## साना किसान विकास अभियानका उदाहरणीय अभियान्ता




**मानबहादुर खड्का**

मानबहादुर खड्का बुबा गणेशबहादुर खड्का र आमा दुर्गादेवी खड्काको माइलो छोराको रूपमा वि.सं. २०२७ पौष ३ गते तत्कालीन सर्लाही जिल्ला ईश्वरपुरमा जन्मनुभएको हो । अक्षर आरम्भ घरबाट गरी थप प्राथमिक तहको पढाई जब्दीकै श्री शिशु कल्याण जनता प्राथमिक विद्यालयबाट भयो भने माध्यमिक तहको अध्ययन हरिपुरको महावीर जनता माध्यमिक विद्यालयबाट भएको थियो । खड्काले वि.सं. २०४४/४५ सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । कृषि तथा पशु विज्ञान संस्थान लम्जुङको सुन्दर बजारमा जेटिए अध्ययन पूरा गर्नुभयो । पछि रामसागर रामस्वरूप बहुमुखी कलेज जनकपुरबाट

२०४८ सालमा आइए उत्तीर्ण गर्न सफल हुनुभयो ।

उहाँले साना किसान विकास आयोजनाले साना किसानहरूलाई परेको खाँचो पूरा गर्छ भन्ने सुन्नुभएको थियो । साना किसान विकास आयोजनामा संलग्न भए केही गर्न सकिन्छ भनेर उहाँ आयोजनाको हरिपुर सर्लाहीस्थित कार्यालयको सम्पर्कमा पुग्नुभयो । तत्कालीन समयमा कृषि विकास बैङ्कले आयोजनामा संलग्न किसानहरूको संस्थागत विकास प्रक्रियाद्वारा साना किसानहरूकै नेतृत्वमा चल्ने साना किसान सहकारीको संस्थागत विकास कार्य शुरु गरिसकेको थियो ।

आयोजनाले २०५१ सालमा समूह नम्बर ६४ मार्फत उहाँहरूलाई कार्यक्रम सहभागी हुने अवसर प्रदान गऱ्यो । मानबहादुर खड्काको आयोजनामा प्रवेश पछि उहाँले आयोजनाको संस्थागत विकास प्रक्रियामा सल्लाहकारको भूमिकाबाट प्रवेश गर्नुभयो । उक्त आयोजनाको संस्थागत प्रक्रियामा संलग्न सबै साना किसानहरूलाई समाहित गराउन उत्प्रेरित गर्दै साना किसान संस्थागत विकास कार्यलाई सफल बनाउन सक्रिय भूमिका निवार्ह गर्नुभयो । २०५३ साल असारमा कृषि विकास बैङ्कबाट साना किसान विकास आयोजनाको व्यवस्थापनस्थानीय साना किसानको सहकारीलाई हस्तान्तरण गरियो । हस्तान्तरण हुँदा कुल २२ लाख ४८ हजारको कारोबार हस्तान्तरण भएको थियो ।

खड्काको नेतृत्वमा तत्कालीन सञ्चालक समितिले महिला सदस्ता वृद्धिको अभियान नै चलायो । अहिले संस्थामा १ हजार ७ सय १० परिवार सदस्य रहेका छन् । जसमध्ये १ हजार ३ सय २ (७६%) महिला र ४०८ (२४%) पुरुष सदस्य छन् । वि.स. २०५४ सालमा उच्च जनमत प्राप्त गरी जब्दी गाविसको अध्यक्ष जस्तो पदमा निर्वाचित हुने सौभाग्य प्राप्त गर्नुभयो भने सहकारीले पनि त्यतिनै वेला फस्टाउने र मौलाउने मौका पायो, संघिय संरचनामा साबिक जब्दी, लालबन्दी पत्थरकोट, नेत्रगञ्ज, नारयण खोला, परवानीपुर र रानीगंज गाबिसलाई मिलाई लालबन्दी नगरपालिकाको रूपमा सर्लाही जिल्लाकै सवभन्दा ठूलो नगरपालिका बन्यो । वि.स. २०७४ सालको स्थानीय तहको निर्वाचनमा सहकारी अभियन्ताको चिनारीकै कारण अत्यधिक मत प्राप्तगरी नगर प्रमुखको जिम्मेवारीका लागि विजय प्राप्त गर्नुभयो ।

सहकारीको अध्यक्षमा बसेका कारणले सम्पूर्ण शेयर सदस्यहरूलाई नै बढी उत्तरदायी बनाउने, सदस्यहरूलाई संस्थाप्रति जिम्मेवार बनाउने, भूमिका निर्वाह गरी सहकारीका ४ मूलमन्त्र तथा ७ सिद्धान्तको अनुशरण गर्दै शेयर सदस्य जागरूक चेतनशील र आकर्षण गरी संस्थामा दिनानुदिन सदस्य संख्याको चाप बढाउन सफल हुनुभयो ।

साना किसानको हित र उन्नतीका लागि सहज सेवा उपलब्ध गराउन तयार गर्नु भएको सामुदायिक भवन, सेवा विस्तारका लागि सदस्य, महिला सदस्य, पिछडिएका वर्गको संलग्नता अभिवृद्धि, कारोबार विस्तार, साना किसान सहकारी अनुशरणका माध्यमबाट साना किसान कृषि सहकारीको सेवा विस्तार, किसानहरूको उत्पादन अभिवृद्धि, उत्पादनको प्रशोधन, भण्डारण र बजारीकरणमा खड्काले दिनुभएको योगदान अतुलनीय छ ।

खड्काको योगदानलाई उच्च सम्मान गर्दै साना किसान विकास अभियान परिवारका तर्फबाट लघुवित्तको २१औं स्थापना दिवसका अवसरमा सम्मानपत्रसहित सम्मानित गरिएको छ ।






# सुगन्धीको जीवनमा साना किसानले थपेको सुगन्ध

**सुगन्धी पासवान**

जीवनमा निरन्तरको असफलता, चुनौती, संघर्षमा हरेस नखाई जो अघि बढ्छ त्यो सुगन्धी बन्छ। हो, सुगन्धी पासवान एउटा यस्तो पात्र जसले निरन्तर असफलतामा पनि कत्ति पनि बिचलित नभई संघर्ष गरिरहिन्। २०३८ सालमा चितवनको कठारमा जन्मेकी सुगन्धीको संघर्षको यात्रा १३ वर्षमा बिवाह भए पश्चात शुरु भयो। उहाँका श्रीमान राजवंशी पासवान आमा बुवा गुमाएका टुहुरा हुनुहुन्थ्यो। उहाँको सम्पतिको नाममा छातापिपरामा २ धुर जमिनमा बनेको एक झुपडी थियो। आम्दानीको बाटो केही थिएन। बिवाह भएको एक वर्षमा उहाँहरूको पहिलो सन्तान छोरीको जन्म भयो। किशोरी आमा, सुत्केरी अवस्था, घरमा खानेकुराको अभाव, श्रीमान् महिनौसम्म घर नआउने, घरमा ओढ्ने ओच्छ्याउने दुवै चटाई (परालबाट बनेको एक प्रकारको गुन्द्री) बाहेक अरु केहि थिएन। यस्तै चुनौतीबीच गुजारा चलाउन कहिले माइतिको सहयोग कहिले छिमेकीको घरमा जुठो भाँडा माझ्ने, लुगा धुने, घाँस काट्ने गरेर छिमेकीले दिएको चामल, दालले छाक टार्ने गर्नुहुन्थ्यो सुगन्धि पासवान।

श्रीमानलाई नाच्न गाउन असाध्यै मन पर्ने। त्यसैले बिवाहमा नचनीको रुपमा काम गर्नुहुन्थ्यो। उहाँका श्रीमान महिलाको श्रृङ्गार र भेषभुषा लगाएर नाच्ने र त्यस बापत वर्षमा ७

देखि ८ हजार रुपैँयासम्म कमाउनुहुन्थ्यो । गरिब परिवार त्यसमा पनि छिमेकीले दलित भनेर हेप्थे । सुगन्धि एक्लै आफ्नो र सन्तानको छाक टार्न संघर्ष गर्नुहुन्थ्यो । पासवानले गाउँ नजिकैको सिर्सिया खोलामा दिनभरी माछा मार्ने र त्यसलाई छातापिपरा गाउँमा घरघर लगेर चामलसँग माछा साटेर दैनिकी चलाउनुहुन्थ्यो । कतिपयले दलितले मारेको माछा भनेर चामल साट्नसमेत हिचकिचाउँथे ।

पासवानले यी सबै कुराबाट छुटकारा पाउन व्यवसाय गर्ने सोच बनाउनुभयो तर पुँजी थिएन । आफैँले मारेको माछा पकाएर बेच्ने व्यवसाय सुरु गर्नुभएकी पासवानलाई जातीय छुवाछुतका कारण यो व्यवसाय लामो समय चल्न दिइएन ।

जति असहज अवस्थामा पनि जीवनलाई अगाडि बढाइरहनु भएकी पासवानले घरमा रहेको पुरानो साइकलमा घरघरमा तरकारी बेच्न थाल्नुभयो । किनेर ल्याएको तरकारीहरू नबिकेर कुहिन थालेपछि घाटा भयो र उहाँले बाध्य भएर यो व्यवसाय पनि छोड्नुपर्‍यो ।

यसैबीच २०६६ सालमा गाउँमा पहिलोपटक कुनै एक लघुवित्त वित्तीय संस्थाले समूह गठन गर्‍यो । पासवानले आफू पनि उक्त समूहको सदस्य बन्ने इच्छा भएको कुरा व्यक्त गर्नुभयो । तर, सुकुम्बासी हो, दलित हो पैसा खाएर भाग्छे भनेर सदस्य बन्न दिएनन् । छमेकीलाई जमानी राखेर सदस्य बन्नुभएकी पासवानले समूहबाट पाँच हजार रुपैयाँ ऋण लिनुभयो । सो ऋण मध्येबाट १५ सयमा १ जोडी बंगुरको पाठापाठी किन्नुभयो ।

पाँच हजारमध्ये अरू पैसाले एउटा घुम्ती किन्नुभयो र ३ हजार रुपैयाँमा चिया पसलको लागि आवश्यक सामग्री किनेर सोही घुम्तीमा चिया पसल सुरु भयो ।

त्यहाँ पनि दलितको चिया पसल भन्ने हल्ला चलाइयो । मानिसहरू चिया, खाजा खान आउन छोडे । फेरि उही नियति दोहोरियो । उहाँको चिया पसल पनि बन्द भयो । उहाँसँग अब त्यही १ जोडी बंगुर बाँकी थियो । त्यसैको स्याहार सुसारमा लाग्नुभयो । उहाँले आफूले पालेको बंगुर जितपुरमा लाग्ने हाटमा आफैँले काटेर बेच्न थाल्नुभयो । आम्दानी राम्रै भयो ।

२०७० फागुन ५ बाट छातापिपरामा साना किसान सहकारीको अनुशरण कार्यक्रमको लागि तदर्थ समिति गठन गर्दा उहाँ सदस्य हुनुभयो । सो कार्यक्रमको अगुवाको रूपमा टोलटोलमा महिला भेला गर्दै समूह, अन्तर समूह गठन गर्ने कार्यमा सहभागी हुन थाल्नुभयो । पासवानले ती समूह उप-समूहहरूमा हुने क्षमता अभिवृद्धि तालिम, प्रशिक्षणमा सहभागी हुँदै आफ्नो नेतृत्व सीप विकास गर्दै जानुभयो ।

उहाँले कार्यक्रम लागू हुनासाथ साना किसानबाट विना धितो १५ हजार ऋण लिएर बंगुर पालनलाई विस्तार गर्नुभयो । २०७६ मा पुरानो ऋण चुक्ता गरि तीनलाख ऋण लिएर ३० वटा बंगुरको पाठापाठी किनेर खोर व्यवस्थापन गर्नुभयो ।

अहिले उहाँको व्यवसाय विस्तार भएको छ । २ कठ्ठा जमिनमा २० कोठाको खोर रहेको छ भने ८० वटा बंगुर फार्ममा रहेका छन् । पासवानले साना किसानसँग आवद्ध भएपश्चात् सयौँ तालिम प्राप्त गर्नुभयो । सहकारी व्यवस्थापन, वित्तीय साक्षरता, बंगुरपालन, पशुधन सुरक्षण, प्राविधिक सहायता, लैंगिक हिंसा विरुद्धको तालिम, महिला सशक्तिकरण, नेतृत्व विकास लगायतका तालिम, प्रशिक्षणहरूमा सहभागी हुनुभयो ।

हेटौंडा, काठमाडौं, लुम्बिनी, बर्दिबास, गोरखा, चितवन, पाल्पा, स्याङ्जा, बुटवल लगाएतका

शहरहरूमा भएका तालिम, गोष्ठी तथा सेमिनारहरूमा सहभागी भएर आफ्नो नेतृत्व क्षमता अभिवृद्धि गर्नुभएको छ। उहाँ अहिले साना किसान सहकारी संस्था छातापिपराकी उपाध्यक्ष हुनुहुन्छ।

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत छातापिपरा सामुदायिक प्रहरीको समिति सदस्य पासवान बंगुरपालक कृषकहरूको समूह संगम कृषक समूहको अध्यक्ष हुनुहुन्छ।

पासवानलाई राधा पौडेल फाउन्डेसनले साहसी नारी पुरस्कारबाट पुरस्कृत गरेको छ। सहकारी क्षेत्रबाट, लैंगिक हिंसाविरुद्ध क्रियाशील संघसंस्था, रोटरी लगाएतका विभिन्न संघसंस्थाबाट उहाँले सम्मान तथा पुरस्कार प्राप्त गर्नुभएको छ। यी सबै अवसर, मिहिनेत र साना किसान सहकारी संस्थामा प्रवेश गरे पश्चात्को ८ वर्षको अवधिमा भएको हो। हाल उहाँको मासिक आम्दानी ४५ हजारदेखि ५० हजार रुपैयाँसम्म हुने गरेको छ। व्यवसायको कुल पुँजी ३० लाख पुगेको छ। यही व्यवसायको आम्दानीबाट तीन छोराछोरीको पढाइको खर्च जुटेको छ।

### पहिले र अहिलेको उहाँको अवस्था

| पहिले | अहिले |
|---|---|
| दुईधुरमा बनेको झुपडी घर थियो। | १४ धुरमा बनेको ४ कोठाको पक्की घर (इन्टरनेट सुविधा, टिभी) भएको छ। |
| ओढ्ने ओच्छ्याउने दुबै चटाई थियो। | व्यवस्थित कोठासहित ओढ्ने ओच्छ्याउने को व्यवस्था। |
| पुरानो साइकल मात्रै यात्राको सारथी थियो। | हाल मोटरसाइकल आफैँले चलाएर हिँड्नुहुन्छ। सवारी अनुमतिपत्र लिनुभएको छ। |
| चाडपर्वमा फुटपाथमा बेच्न राखिएको सबैभन्दा सस्तो कपडा किन्नुपर्थ्यो। त्यो पनि धेरै सोचबिचार गरेर। अरू उपाय नभए मात्रै किन्ने निर्णय हुन्थ्यो। रहर एकातिर बाध्यता अर्कोतिर थियो। | अहिले आफूलाई मनपरेको, इच्छा लागेको कपडा, शृंगारका सामग्री किन्न सक्नुहुन्छ। |
| बैङ्क खाता, बीमा आदिको बारेमा सुनेकीसम्म हुनुहुन्नथ्यो। | हाल बैङ्कमा केही मौज्दात राख्ने गर्नुभएको छ। |

उहाँ भन्नुहुन्छ साना किसान मेरो साहस, प्रेरणा र अभिभावक नबनिदिएको भए आज मेरो आर्थिक, सामाजिक शसक्तिकरणका साथै मेरो पहिचान सुगन्धि पासवान नै गुम्थ्यो। साना किसानले लगाएको यो गुण म जीवनभर कहिल्यै भूल्नेछैन। म यस साना किसान अभियानमार्फत् थुप्रै सुगन्धिहरूको जीवनमा सुगन्ध ल्याउने प्रयत्नमा मेरो बाँकी जीवनलाई समर्पित गर्नेछु।



# Role of SKBBL in Poverty Alleviation and Rural Development

**Amrit Subedi**
**Statistical Officer, Sana Kisan Bikas Laghubitta Bittiyasanstha Ltd.**

Poverty is one of the greatest challenges of developing/underdeveloped countries like Nepal which may not be solved in a short duration; its alleviation is slow and may be a never-ending process. Nepal has made substantive progress in reducing the Multidimensional Poverty Index (MPI) from 30.1 percent (NMICS 2014) to 17.4 percent (2019 NMICS) over the timeframe of five years. This latest MPI Report reaffirms that Nepal is heading in the right direction in its commitment to Agenda 2030 and in attaining its aspiration of 'Prosperous Nepal - Happy Nepali'. In 2019, 17.4 percent of Nepalese are multidimensionally poor – just under five million persons and the MPI is 0.074. The situation of many people has climbed at least a step up from the deepest pit of poverty. There are many national and international organizations operational for plummeting poverty to its lowermost possible level since many years ago in Nepal, so a significant improvement is observed in overall. It is very hard to discriminate the roles of different organizations individually in the process of poverty alleviation; the combined effort by many may accelerate substantially.

The key factor behind the poverty is status of development: an indicator of the level of poverty in itself. Enhancing the welfare of rural deprived people through development always comes up together with poverty alleviation because these two terms are inseparable in the case of Nepal. The major portion of deprived poor in Nepal is covered by the people whose financial resource entirely depends on their agricultural production, called the "small farmers". The uplift of the financial situation of deprived people can be greatly enhanced by changing the way of agricultural production made by small farmers through innovation in the sector supporting by rural development. It needs financial and non-financial support to them to a greater extent.

The government of Nepal and associated organizations had been trying to alleviate poverty following different possible measures during the past decades. After various unsuccessful attempts to target rural deprived people to strengthen them financially, a new concept of supporting small farmers of the country in their financial and non-financial activities was initiated in 2032 B.S. for

alleviating poverty from its ground level. After the successful implementation of the initial pilot project, named "Small Farmers Development Programs", led by Agriculture Development Bank Ltd.: one of the government-funded commercial banks in Nepal, in the targeted areas, the program got emphasized to extend to the national level. Later on, a separate institution named "Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Ltd.(SKBBL)" was established in 2058 B.S.1w for promoting the programs.

While talking about the organizations playing a role in alleviating poverty and rural development in Nepal, the name "Sana Kisan Bikas Laghubitta Bittiyasanstha Ltd. (SKBBL)", a leading wholesale microfinance institution in Nepal for enhancing welfare for small farmers and rural deprived people, comes into the line. It has been providing wholesale credit to Small Farmers Agricultural Cooperatives (SFACLs) and other similar cooperatives to provide microfinance access to the rural poor by supporting agricultural and micro-enterprise businesses among small farmers of rural areas. Additionally, it has been conducting various non-financial activities like Capacity Development Program, Agriculture and Livestock Business Promotion and Protection Program, Small Farmer Agricultural Cooperative Replication and Service Extension Program, Youth and Women Targeted programs, etc. Its services have reached about 5 million people of more than 1 million households through its partner cooperatives. These services have played a significant role in poverty alleviation and rural development.

The massive extension of the services of SKBBL among the deprived people has played a significant role in surging their financial capability in the last two decades. In 2068 B.S., the outreach of SKBBL was limited to no more than two lakhs households of small farmers, soared by five folds during a decade, and reached more than ten lakhs at the end of 2078 B.S. Its service has been extended to about seventy-two percent of the local bodies of seventy-six districts through 1,291 partner cooperatives. Out of three hundred eighty remote and far remote local bodies, about sixty percent have been covered through its services, which makes clear that SKBBL has been focusing to extend its services to remote areas. On the other hand, out of the total members involved in the partner cooperatives, about seventy-nine percent of members are female, eleven percent are *Dalit* and thirty-eight percent are indigenous people. It is a piece of strong evidence that the SKBBL has been providing its services to the deprived people focusing especially on women. The involvement of the women in the small farmers' development programs by SKBBL has enhanced the women's empowerment and involvement of them in decision-making. Providing financial and non-financial services to the deprived people of remote areas, a shred of irrefutable evidence, helps them come up

of the poverty line.

As of Jesth 2079, SKBBL has disbursed one hundred forty billion rupees as soft and concessional loans to the small farmers through its partner cooperatives. Among the disbursed loans, about one hundred ten billion rupees have been recovered and about thirty billion rupees is remaining as outstanding loans among the small farmers via its partner cooperatives. The huge amount of financial support has patronized the small farmers in various agricultural activities enhancing entrepreneurship. For instance, Rural Enterprise Financing(REF) Project started in the FY 2077/78 with the objective of establishing at least 550 small and medium agri-business/enterprises with 50 cooperatives/collectives and 500 individual small farmer entrepreneurs in the country under the loan fund provided by the Government of Nepal with loan assistance from the Asian Development Bank, has a special emphasis on entrepreneurs' development. This depicts that SKBBL has been enhancing entrepreneurship and self-employment creating various occupational potentialities in the localities. According to an estimation made on the basis of the activities conducted during the fiscal year 2077/78, about four lakhs employment opportunities were created through the services provided by the partner cooperatives during a year, of which more than thirty-five percent was contributed by SKBBL.

One of the other most important achievements made by SKBBL is the impact of the livestock credit program on self-dependency in milk and meat products. Up to the end of Jestha 2079, more than twenty-seven billion rupees have been disbursed for financing more than thirteen lakhs livestock of small farmers. During the ten years' tenure of the program, it is estimated that the meat and milk products worth more than thirty-six billion rupees have been produced. It is amazing that such a huge amount of money has been mobilized among the hands of small farmers enhancing their financial self-dependency. This achievement is not limited to the small farmers; it has supported the economic development of the community as well as of the nation. Although this contribution to the national economy seems insignificant, if such activities were not conducted, we would have been facing a more trade deficit in the nation. A study conducted by SKBBL in the fiscal year 2076/77 showed that there is a positive perception of small farmers towards the services provided by SKBBL and its partner cooperatives in overall. The respondents responded that these services played a great role in enhancing their financial capabilities. Furthermore, they responded that the soft loan provided by SKBBL has a significant impact on milk and meat products and their easy access to the market. It was observed that the production of milk products has reached four-folds after taking the soft loan for livestock while meat products surged to ten-folds as compared to the production before taking the services. The result of

the study has also supported the argument discussed above.

Another important thing that cannot be ignored is that the partner cooperatives have become able to create a fund of more than sixty billion rupees as internal resources for financing, with the direct and indirect support of SKBBL. It seems interesting that the mobilization of local financial resources is enhanced by curbing the outflow of wealth from the local level, which assists the local people to be self-dependence financially and in other development activities in the local areas.

Additionally, the COVID pandemic had a direct adverse effect on the income-generating activities of small farmers. Due to the lockdown during the pandemic period, the daily activities of SFACLs were closed temporarily. This also reduced the ability of small farmers to repay their loans. In order to rehabilitate from the adverse effect of the COVID pandemic, the financial institution has provided a maximum of Rs. 25 million per cooperative with concessional interest. In addition, during the period between Magh 2078 and Asar end of 2078, the financial institution had provided Rs. 10 thousand per death of members of small farmers' families due to COVID-19. Under this provision, Rs. 10.21 million had been provided to the small farmer's families for 1 thousand 21 deaths due to COVID-19. This has mitigated, to a significant extent, the deprived situation created by COVID-19 and added at least a slab for supporting the deprived people. This is the epitome of how the financial institution has been providing assistance to the deprived people during the problematic situation.

On the other hand, SKBBL has been conducting various programs like skill and capacity strengthening of affiliated cooperatives and associated small farmers, rural infrastructure development, replication of SFACLs and capacity building of existing cooperatives for the extension of service, livestock protection (insurance), agriculture and livestock business promotion program, etc. These programs are being conducted with the joint effort of GoN, SKBBL, SFACLs, and small farmers. Through these programs, thousands of small farmer families are being benefited annually. In addition, with the objective of attracting educated and skilled youth to the agricultural profession, SKBBL with the support of the Israel embassy has provided an opportunity for theoretical and practical training on agriculture in Israel to more than three thousand youths of small farmer households of Nepal aged between 20 and 30 years and have passed at least 12th class. These programs are also observed as supporting elements for poverty alleviation and rural development by enhancing self-dependence and entrepreneurship development. It has enabled a way of introducing new and innovative technologies and ideas in the agricultural sector of Nepal. Furthermore, for enhancing the capacity of cooperatives, and financial accessibility and to create

self-employment in the country-among the returnees from abroad and those intended for foreign employment- by developing skills and capacity, Rural Enterprise and Remittance Project (Sammriddhi) and SEP project are being under implementation for the cooperatives located in Province 1, Madhesh, Bagmati and Lumbini provinces. This has supported on strengthening the employment opportunities in the nation by curbing the necessities of foreign employment for fulfilling the daily needs of small farmers, deprived ones.

Moreover, SKBBL has been providing exposure opportunities at national and international levels, collaborating with the various national and international organizations, to the partner cooperatives and the associated members. The opportunity of getting benefited by involving in various programs conducted by "Centre for International Cooperation & Training in Agricultural Banking (CICTAB), India" is a representative example of the roles played by the financial institution in this regard. This kind of exposure has also provided a way of introducing new and innovative ideas used in various corners of the world to the cooperatives and associated members. As of 2078, hundreds of partner cooperatives and thousands of their members are benefited from these opportunities. This is another notable activity that the financial institution has been doing for contributing to the development of not only the cooperatives or community but the nation as a whole. Conclusively, soft and concessional loans provided by Sana Kisan Bikas Laghubitta Bittiya Santha Ltd. to rural deprived people and/or small farmers have been enhancing their financial capabilities through its partner cooperatives spread in the nation. Similarly, the non-financial services inclusive of the targeted people: especially *Dalit*, indigenous, and women, which has a significant impact on developing entrepreneurs and employment in the nation targeting deprived people.

Through these services, the targeted deprived people are getting easy access to finance without obstacles, which has contributed to operating their daily activities in an easier way. The working structure of the partner cooperatives, under the closed supervision of SKBBL, of enhancing financial accessibility among the rural deprived poor, emphasizing the mobilization of local financial resources, has improved the flow of money within localities curbing the outflow of it unnecessarily. On the other hand, emphasizing agricultural production and entrepreneurship has enhanced self-dependency and employment reducing the necessities of foreign employment. Promoting agricultural production and entrepreneurship in the agriculture-based economy is irrefutable for applauding. These all activities have made the financial institution an exemplar for contributing to the alleviation of poverty and added a block to the economic development of the nation as a whole.

# 'गरिबी न्यूनीकरण र ग्रामीण विकासमा साना किसान विकास लघुवित्तको भूमिका'

विशाल तुलाधर
इलाका प्रबन्धक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., गजुरी, धादिङ



### विषय प्रवेश :

कुन मन्दिरमा जान्छौ यात्री,
कुन मन्दिरमा जाने हो ?
कुन सामग्री पूजा गर्ने साथ कसरी लाने हो ?

फर्क फर्क ए जाऊ समाऊ मानिसहरूको पाउ।
मलम लगाऊ आर्तहरूको चहराईरहेको घाउ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाले आजभन्दा धेरै वर्ष पहिले गरिबहरूको सेवा नै धर्म हो भन्ने सन्देश यस कवितामार्फत व्यक्त गर्नुभएको थियो। हाम्रा संस्कारहरूले पनि असहाय, दुःखी र गरिबहरूको मद्धत गर भन्ने नै छ। हामी त्यही संस्कारबाट शिक्षा लिँदै आएका नेपालीहरू हौँ साथै समानुपातिक र समावेशी विकासका निम्ती पनि धनी र गरिब बीचको खाडल पुरिनु नै पर्दछ। यी र यस्तै प्रकारका उद्देश्यहरूलाई सहयोग पुऱ्याउन नेपालमा २०३२/०३३ सालमा "**साना किसान विकास कार्यक्रम**" को सुरुवात भएको थियो। "**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**" को स्थापनाको अवस्थासम्म आइपुग्दा यसको विगतदेखि अहिले सम्मको भुमिकालाई ३ चरणमा अध्ययन नगर्दा यो निबन्ध अधुरो जस्तै हुने भएकोले यसका चरणहरूको चर्चा निम्नअनुसार गरिन्छ।

### चरण १. साना किसान विकास कार्यक्रम र यसका उपलब्धीहरू :

गरिबि न्यूनीकरणका लागि यो नै सबै थोक भने अवश्य थिएन, तथापि समाज परिवर्तनमा यसले पुऱ्याएको योगदानलाई नजर अन्दाज भने गर्न सकिन्न। आजभन्दा झण्डै ४७ बर्ष अगाडी हाम्रा आर्थिक, सामाजिक र चेतनाका स्तरहरू कस्ता थिए कल्पना गरौं ? जतिबेला साना किसान विकास कार्यक्रम नेपालमा सुरुवात भएको थियो। त्यतिबेला आफ्ना उत्पादनहरूले वर्ष दिन खान पुऱ्याउने मानिसहरू कमै मात्र थिए। अधिकांश मानिसहरूले बेसाहा मानोबाट आफ्नो जीवनयापन गर्दथे। दैनिक जीवनयापन एवं दशैं, तिहार, तिज, विवहा र व्रतबन्ध जस्ता सामाजिक संस्कार र पर्वहरूका लागि सयकडा ५, ३ र २.५ रुपैयाँको चर्को ब्याजका कर्जा लिनुको अर्को कुनै विकल्प गरिबहरूसँग थिएन। यसलाई गाउँमा चोके ब्याज भन्ने चलन थियो। यद्यपि, अहिले पनि सयकडा २ रुपैयाँ अर्थात् २४% गाउँमा साहुको कर्जाको ब्याज प्रचलनमा छ। त्यतिबेला यसका अतिरिक्त साहुको घरमा घाँस दाउरा गरिदिनुपर्ने, सिजनमा खेती चलाइ दिनुपर्ने र गरिबका त्यस्ता श्रमहरूको कुनै मूल्य नहुने प्रचलन थियो। केटाकेटीहरूलाई पढाउनुपर्छ भन्ने चेतना कमैमा थियो र पढ्नका लागि विद्यालयहरू थिएनन्। सडक, बत्ती बिजुली र स्वच्छ खानेपानी त निकै टाढाको विषय

थियो । बाटो र गल्लीहरूमा दिशा पिसावहरू देखिन थालेपछि अब बस्तीहरू आइपुग्यो भन्ने थाहा हुन्थ्यो । गाउँमा माहामारी हैजा फैलिएर अकालमा ज्यान गुमाउनु दैवको श्रापको रूपमा लिइन्थ्यो। अस्पताल र स्वास्थ्य उपचार केन्द्रहरू कुन चराको नाम हो गाउँमा थाहा थिएन । यी सबै कुराहरू थिएन भन्नुको मतलव गाउँमा "**गरिबी**" थियो। नेपालका प्रायः सबै गाउँहरूको अवस्थाहरू यस्तै-यस्तै नै थिए। यो भनेको नेपाल नै गरिबीको चक्रब्यूहमा थियो भन्नु हो र नेपालको ग्रामीण विकास र गरिबी न्यूनीकरणको लागि यि अवस्थाहरूमा सुधार जरुरी थियो।

नेपालमा रहेको यस प्रकारको गरिबी न्यूनीकरणको लागि साना किसान विकास कार्यक्रम परीक्षणको रुपमा पहाडमा नुवाकोटको तुप्चे र मधेशमा धनुषाको महेन्द्रनगरबाट २०३२/०३३ सालमा शुरुवात भयो। कार्यक्रम सञ्चालन भएको गाउँहरूमा साना र ठूला गरी २ प्रकारका किसानहरूको वर्गीकरण गरियो । समानुपातिक विकासको अवधारणाबमोजिम साना किसानहरूलाई मात्र सहभागी गराउने उक्त कार्यक्रमको उद्देश्य थियो। गाउँमा जहाँ जहाँ साना किसान विकास कार्यक्रम सञ्चालन गरियो ति गाउँहरूमा निम्न विषयहरूमा सकारात्मक परिवर्तनहरू देखियो।

- मानिसहरू (विशेष गरि महिला)लाई विस्तारै घरबाट बाहिर ल्याउन मद्धत गऱ्यो।
- सीमित मान्छेहरूको बीचमा आफ्ना समस्याहरू बताउन सक्ने बनायो।
- साना किसानहरूमा सामूहिक भावनाको विकास र जिम्मेवारी सिकायो।
- स्वास्थ्य र सरसफाइको क्षेत्रमा चेतना विकासको साथै व्यवहारमा परिवर्तन ल्यायो।
- प्रौढ शिक्षामार्फत शैक्षिक चेतना जागृत गरायो।
- सानो सानो रकम बचत गर्ने बानीको विकास गऱ्यो।
- सानो तिनो व्यवसाय सञ्चालन गर्न सहुलियत ब्याजदरमा पुँजी उपलब्ध भयो।
- गरिबहरूलाई विना मूल्यको श्रमबाट मुक्ति दिलायो।
- गरिबहरूलाई चर्को ब्याजदर चोके ब्याजबाट मुक्ति दिलायो।

### चरण २. दिगो विकाससम्बन्धी अवधारणा :

ग्रामीण समुदायहरूमा यसले ल्याएको सकारात्मक परिवर्तनलाई दिगो विकास गर्ने सिलसिलामा "**संस्थागत विकासको अवधारणा**" विकास भयो । संस्थागत विकासमा समूह, अन्तर समूह र मूलसमिति (सञ्चालक समिति) गरी ३ तहको संरचनाको विकास भयो । यसलाई अहिले हामी साना किसानको "**Three Tier Model**" भन्छौं । सहकारी ऐनबमोजिम साना किसान सहकारी संस्थाको रूपमा दर्ता गरी वैधानिक संस्था निर्माणपश्चात् साना किसानहरू स्वयंको व्यवस्थापनबाट संस्था सञ्चालनको परीक्षण धादिङको छत्रेदेउराली, भूमेस्थान, मैदी र धुँवाकोटमा गरियो । गरिबहरूले पनि वित्तीय संस्था सञ्चालन गर्न सक्छन् भन्ने प्रमाण ती ४ वटा संस्थाहरूले प्रमाणित गरिदियो । फलस्वरूप यही मोडेलका अहिले देशको ७६ जिल्लामा करिब १२८२ साझेदार सहकारी संख्याहरू कार्यरत छन्। साना किसान सहकारी संस्थाहरूको यसप्रकारको संख्यात्मक र गुणात्मक वृद्धि र विकासलाई अहिले "**एउटा अभियानको रूपमा**" देख्न सकिन्छ। साना किसान सहकारी संस्था लि. हरूको यही अभियानलाई संस्थागत रूपले मद्दत गर्न "**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**" को स्थापना भएको छ।

**चरण ३. साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को स्थापना, गरिबी न्यूनीकरण र ग्रामीण विकासमा यसको भूमिका :**

समुदायस्तरमा स्थापित साना किसान कृषि सहकारी संस्था लि.हरूलाई दिगो रूमा आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराउने उद्देश्यले २०५८ असार २२ गते साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को स्थापना भएको छ। यो वित्तीय संस्था स्थापना भएको २१ बर्ष भएको छ। यस वित्तीय संस्थाले आफ्नो स्थापना कालदेखि नै निरन्तर सफलताहरू प्राप्त गरेको छ। "**बाँस रहे बाँसुरी बज्छ**" भन्ने नेपाली उखान यसमा चरितार्थ भएको छ। मतलब के हो ? भने, वित्तीय संस्थाले जुन प्रकारले वित्तीय प्रगति हासिल गर्नुपर्ने हो त्यस क्षेत्रमा आफूलाई अब्बल सावित गर्न सफल भएको छ। सो कुराको पुष्टि यस वित्तीय संस्थाको हरेक वर्षको प्रगति विवरणहरू र वार्षिक प्रतिवेदनहरूले गर्दछ। यसका अतिरिक्त साझेदार साना किसान कृषि सहकारी संस्थाहरूका सञ्चालक, कर्मचारी लगायतका अन्य विभिन्न उप-समितिहरूमा बसेर काम गरिरहेका पदाधिकारीहरूको क्षमता विकाससम्बन्धी काम, साझेदार संस्थाहरूको लागि आवश्यक कर्जा र सामुदायिक विकासका कामहरूमा समेत मद्दत गरिरहेको छ। साझेदार साना किसान कृषि सहकारी संस्थाहरू मजबुत भएमा मात्र यो वित्तीय संस्था दिगो हुने विषयमा वित्तीय संस्थाको सञ्चालक एवं व्यवस्थापन पक्ष स्पष्ट छ। वित्तीय संस्थाले सञ्चालन गर्ने जति पनि कार्यक्रमहरू छन् ती सबै कार्यक्रमहरू साना किसान सहकारी संस्थाहरूमार्फत परिचालन हुने गर्दछ। यदि साना किसान कृषि सहकारी संस्थाहरू आफैं कमजोर भएमा समुदायमा प्रभावकारी सेवा प्रदान गर्न सक्दैनन्। त्यसैले सबै साझेदार संस्थाहरू सक्षम हुनुपर्ने कुरा वित्तीय संस्थाको लागि घाम जस्तै छर्लंग छ र ती संस्थाहरूलाई सक्षम बनाउन साना किसान विकास लघुवित्त वित्तीय संस्थाले भूमिका निर्वाह गरिरहेको छ। यो ग्रामीण विकासको लागि नमुना मोडल हो भन्न हामीले त्यति हिचकिचावट मान्नुपर्ला जस्तो लाग्दैन। यसर्थ : ग्रामीण गरिबी न्यूनीकरण र ग्रामीण विकासको यस अभियानमा यि दुबै संस्थाहरूको भुमिका अन्योन्याश्रित छ भन्दा सायद कुनै अत्युक्ति नहोला। साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले गरिबी न्यूनीकरण र ग्रामीण विकासमा पुऱ्याएको योगदानको बारेमा चर्चा गर्दा नेपाल सरकार र निम्नानुसार दातृसंस्थाहरूको सहकार्य हुनुले पनि थप स्पष्ट गर्दछ।

"**नेपाल सरकार**" : साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को यस अभियानमा नेपाल सरकारले प्रमुख साझेदारीको रुपमा सहकार्य गरिरहेको छ। जुन यस अभियानको लागि ज्यादै महत्वपूर्ण पक्ष हो। यस वित्तीय संस्था स्थापनाको समयमा नै नेपाल सरकारले रु. ३ करोडको संस्थापक शेयर लगानी गरेको थियो र यस वित्तीय संस्थाको प्रमुख शेयरधनिको रूपमा साना किसान सहकारी संस्थाहरूलाई स्थापित गर्न शेयर बिक्री गरिदियो। नेपाल सरकारको प्रत्येक बर्षको बजेटमा साना किसान सहकारी संस्थाहरूको क्षमता विकास, अनुशरण कार्यक्रम, तालिम गोष्ठी सञ्चालन, सामुदायिक विकासका कार्यक्रमहरू, पशुधन सुरक्षण कार्यक्रमहरूको लागि अनुदान र मासु दुध र तरकारी खेतीको लागि सहुलियत कर्जाहरू प्रदान गर्दै आइरहेको छ। यसरी नेपाल सरकारले यस अभियानलाई सहयोग उपलब्ध गराउनु भनेको देशको गरिबी न्यूनीकरण र ग्रामीण विकासमा सरकारको भुमिकालाई प्रदर्शन गर्नु हो र नेपाल सरकार स्वयंले यस अभियानमा

साझेदारी गरेपछि विभिन्न दातृसंस्थाहरू पनि यस अभियानमा जोडिन आईपुगेका छन् ।

"**एशियाली विकास बैंक**" यतिबेला साना किसान कृषि सहकारी संस्थामार्फत सञ्चालन हुने गरि ग्रामीण उद्यम लगानी परियोजना लिएर आएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था र एशियाली विकास बैङ्कबीच ५ वर्षे "**ग्रामीण उद्यम लगानी परियोजना**" सम्झौता भई कार्यान्वयन भइरहेको छ । साना किसान कृषि सहकारी संस्थाहरूमा आबद्ध भएर व्यावसायिक रुपमा कृषि तथा पशुपालन र लघु उद्यमको क्षेत्रमा अगाडि बढेका कृषकहरूलाई स्थानीय स्तरमा नै ब्यक्तिगत रु. ५० लाख र सामूहिक परियोजनामा रु. २ करोड सम्मको लगानीको व्यवस्था यस परियोजनाबाट हुने भएको छ । ग्रामीण क्षेत्रमा ब्यवसायिक र उद्यमी कृषकहरू विकास र प्रबर्द्धन गर्न यस परियोजनाले महत्वपूर्ण भूमिका खेल्नेछ र गरिबी न्यूनीकरणको यस अभियानमा यो परियोजना कोषे ढुंगा सावित हुने विश्वास गर्न सकिन्छ । परियोजनाको अन्त्यमा हाम्रा कतिजना साना किसानहरू नमुनाको ब्यवसायिक र उद्यमी किसानहरू भए गन्न सकिनेछ ।

"**साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम**" : आधुनिक कृषिको क्षेत्रमा विश्वमा आफूलाई परिचित गराउन सफल इजारायली प्रबिधी साना किसानहरूमा पनि लागू गराउन साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले इजारायली दूतावासमार्फत इजारायली सरकारसंग १० महिने साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम सम्झौता गरी सञ्चालन गरिरहेको छ। यो कार्यक्रम फलदायी यसकारण भएको छ कि इजरायलबाट कृषि प्रशिक्षार्थीको १० महिने कोर्स पूरा गरी फर्की आएका युवाहरू गाउँमा व्यावसायिक रूपमा कृषि तथा पशुपालनको क्षेत्रमा लाग्न शुरुवात गरेका छन् । यो अभियानको अर्को महत्वपूर्ण पक्ष रहेको छ ।

"**बागमती प्रदेश कर्जा कार्यक्रम**" पनि यस अभियानमा जोडिन आइपुगेको छ। साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र बागमती प्रदेश सरकारको विचमा सम्झौता भई विगत २ वर्ष अगाडिदेखि न्यून ब्याजदरको सहुलियत कर्जा कार्यक्रम साना किसान कृषि सहकारी संस्थाहरूमार्फत शुरुवात भएको छ । बागमती प्रदेश भित्रका साना किसान, महिला, दलित, जनजाति र विपन्न वर्गहरू यस कर्जा कार्यक्रमको लक्षित वर्गहरू हुन् । बागमती प्रदेश सरकारले उक्त लक्षित वर्गहरूको आर्थिक उन्नतिको लागि १ अर्ब ४० करोड साना किसानहरूले ३ प्रतिशत ब्याजदरमा परिचालन हुने गरी कर्जा कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई प्राप्त भइसकेको छ र उक्त कर्जा बागमती प्रदेश भित्रका साना किसान कृषि सहकारी संस्थाहरू मार्फत परिचालन भइरहेको छ।

यसका अतिरिक्त साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले सञ्चालन गरेको गरिबी न्यूनीकरणको यस अभियानमा सहकार्य गर्न उल्लेखित उक्त संस्थाहरू बाहेक पनि IFAD, UK AID, CECI, United Nations Capital Development Fund (UNCDF), Centre for International Cooperation and Training in Agriculture Banking, India (CICTAB), Centre for Micro Finance (CMF), GIZ, सीप, सम्वृद्धिलगायत नेपाल राष्ट्र बैङ्क, कृषि विकास बैङ्क, नेपाल कृषि सहकारी केन्द्रीय संघ र अन्य बैङ्क तथा वित्तीय संस्थाहरूले पनि आ-आफ्नो ठाउँबाट कर्जालगायत विभिन्न कार्यक्रमहरूमा

सहकार्य गर्दै आइरहेको छ । यी सबै संस्थाहरूले साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग सहकार्य गर्न आउनु भनेको गरिबी न्यूनीकरण र ग्रामीण विकासको क्षेत्रमा वित्तीय संस्थाले लिएको नीति, कार्यक्रम र नमुना मोडेलको कारणले गर्दा नै हो भन्दा फरक नपर्ला ।

## उपसंहार :

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को अभियान बडो गजबको छ । अन्य बैङ्क तथा वित्तीय संस्थाहरू को ठूलो ब्यवसायी छ ? कस्को सडकमा, शहरमा र बजारमा पक्की घर छ ? को संग कारोबार गर्दा बैङ्कले बढी नाफा आर्जन गर्न सक्छ ? भनेर सक्षम व्यक्तिहरू खोज्दै हिड्छन् । तर यो वित्तीय संस्था को गरिब छ ? कसले गरि खाने बाटो पाएको छैन ? को गाउँमा बस्छ ? कसलाई साहुको चर्को ब्याजले थिचेको छ ? कसलाई उद्यमी व्यवसायी बन्नुपर्छ भन्ने ज्ञान छैन ? कसको धितो छैन र भएको पनि कमजोर छ ? भन्दै गाउँ गाउँमा साना किसान कृषि सहकारी संस्थाहरू मार्फत छिरेको छ । वित्तीय संस्थाको धर्म बढी नाफा आर्जन गर्नु र शेयर धनीहरूलाई बढी लाभांश प्रदान गर्नु हो तर यो वित्तीय संस्थाले भने, आधारभूत तहमा रहेका वर्गहरूको आर्थिक, सामाजिक, चेतना र क्षमता विकास गर्ने अभियानमा जुटेको छ । त्यसैले यो "**गरिबी न्यूनीकरण र ग्रामीण विकासको अभियान**" हो । यो अभियानलाई अझै सफल र दिगो बनाउनका लागि भावि दिनहरूमा वित्तीय संस्था र साना किसान सहकारी संस्थाहरूले खेल्नुपर्ने भूमिकाको बारेमा आफ्नो थोरै विचारहरू राख्दछु ।

१. यो अभियानमा संस्था मात्र ठिङ्रिङ्ग अग्लो देखिने र सदस्यहरू फुच्चे देखिने हुनु हुँदैन । भन्नुको मतलव वित्तीय रूपले संस्था सक्षम तर सदस्यहरू व्यवसायी भएनन्, उनीहरूको आर्थिक अवस्थामा सुधार आएन भने, संस्थामा विद्रोह हुन सक्ने, कसैको भड्काउमा लाग्न सक्ने र संस्था दिगो नहुन सक्ने संभावनाहरू हुन सक्दछ । यस विषयमा विशेष ध्यान दिनु जरुरी छ ।

२. काम ठूलो नाम सानो : मान्छेहरूले बुझ्दा सबै लघुवित्तलाई एउटै प्रकारले बुझ्ने गर्दछन् । थोककर्जा कारोबार गर्ने लघुवित्तहरू मध्ये पनि साना किसान लघुवित्तको प्रकृति फरक छ । यो लघुवित्तले आफैं संस्था निर्माण गर्दै, ति संस्थाहरूको क्षमता विकास गर्दै अगाडि बढ्छ तर अन्य थोककर्जाका लघुवित्तहरू राम्रा संस्थाहरू खोज्दै कारोबार गर्न आउँछन् । नेपाल सरकारको गरिबी न्यूनीकरणको काममा यो वित्तीय संस्थाले सहयोगीको रूपमा काम गरिरहेको छ । त्यसैले काम अनुसारको छुट्टै पहिचानको लागि नीतिगत बहस पैरवी केन्द्रीय तहबाट हुनु आवश्यक देखिन्छ ।

३. भूमि बैङ्कको व्यवस्था र स्थानीय सरकारसँग सहकार्य : रोजगारीका लागि युवाहरू विदेश पलायन हुने बुहारीहरू सहर बजार झर्ने र गाउँमा वृद्धवृद्धा मात्र हुँदा जग्गाहरू बाँझिएका छन् । त्यस्ता जग्गाहरूको स्थानीय सरकारले चक्लाबन्दी गरी भूमि बैङ्क स्थापना गर्ने र निश्चित शुल्कमा उद्यमी व्यवसायी साना किसानहरूलाई लिजमा सञ्चालन गर्न दिन स्थानीय सरकारसँग संस्थाहरूले सहकार्यको पहल गर्ने । यसो गर्न सके जग्गाधनी, स्थानीय सरकार, उद्यमी व्यवसायी साना किसान, सहकारी संस्था र साना किसान लघुवित्त वित्तीय संस्था सबैलाई लाभ पुग्ने देखिन्छ ।

४. ग्रामीण क्षेत्रमा गरिब विपन्न साना किसानहरूलाई प्रत्यक्ष सेवा पऱ्याउने साना किसान सहकारी संस्थाहरूले हुन् । अनुशरण कार्यक्रमबाट हस्तान्तरण भई आएका संस्थाहरूको संस्था सञ्चालन क्षमता सबैको विकास भइसकेको छैन । वर्गीकरणको आधारमा वित्तीय संस्थाले नियमित रूपमा साना किसान सहकारी संस्थाहरूको लागि क्षमता विकासका कार्यक्रमहरू सञ्चालन निरन्तर गर्नुपर्ने देखिन्छ ।

५. इजारायलबाट कृषि प्रशिक्षार्थीको १० महिने तालिम लिइ फर्केका युवाहरूलाई उद्यमी व्यवसायी बनाउन साना किसान सहकारी संस्थाहरू र वित्तीय संस्था दुवैले चासो राखी कार्यक्रमहरू बनाइ लागु गर्न र साना तथा मझौला उद्यम व्यवसायको लागि वित्तीय संस्थाले सहुलियत कर्जाको ब्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

६. साना किसानहरूले उत्पादन गरेको बस्तुहरूको बजारीकरणको लागि साना किसान सहकारी संस्था, साना किसान लघुवित्त वित्तीय संस्था र नेपाल कृषि सहकारी केन्द्रीय संघले संयुक्तरुपमा कार्यक्रमहरू सञ्चालन गर्ने र बजारीकरणको लागि नेपाल सरकारसंग बहस पैरवी गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले गरिबी न्यूनीकरण र ग्रामीण विकासको क्षेत्रमा गरेको उल्लेखित कामहरू महत्वपूर्ण हुनुको साथै भावि दिनमा अझै प्रभावकारी कार्यसम्पादन गर्नेछ । यस अभियानमा लाग्नेहरूलाई छुट्टै आत्म सन्तुष्टि पनि हुने गरेको छ किनभने यो एउटा पून्य प्राप्तीको काम पनि हो । यि कामहरू गर्न हामीलाई हाम्रा संस्कारहरूले पनि अभिप्रेरित गरेको छ । हाम्रा अग्रजहरूले हामीलाई गरिब, असहाय र अन्यायमा परेकाहरूलाई सहयोग गर्नु पर्छ भन्ने पाठ सिकाएको छ । यसका बारेमा संस्कृतमा एउटा भनाई पनि छ "**परोपकाराय : पुन्याय : पापाय : पर पीडनम्**" । हो साना किसान विकास लघुवित्त वित्तीय संस्थाले यहि प्रकारले गरिब, विपन्न, महिला, दलित तथा जनजातिहरूको विचमा आर्थिक, सामाजिक, चेतना र क्षमता विकासका कामहरू गरिरहेको छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने यि आधारभुत वर्गहरूको अवस्थाहरूमा आर्थिक सुधार नभए सम्म "**सुखी नेपाली र समृद्ध नेपाल**"को सपना पुरा हुन सक्दैन भन्दा सायद अत्यूक्ति नहोला । यिनै कामहरूको आधारमा गरिबी न्यूनीकरण र ग्रामीण विकासको क्षेत्रमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को भूमिका महत्त्वपूर्ण छ भन्ने कुरा गर्वका साथ भन्न सकिन्छ ।

# 'गरिबी न्यूनीकरण र ग्रामीण विकासमा साना किसान विकास लघुवित्तको भूमिका'

सरोज भट्टराई
इलाका प्रबन्धक, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., बनेपा



### विषय प्रवेश :

सामान्यत गाँस बास र कपास पनि नभएको अवस्थालाई गरिबी भनिन्छ । नेपालमा गरिबी निवारणका लागि योजनाबद्ध प्रयासहरू नभएका पनि होइनन् । विभिन्न दातृ राष्ट्रहरूले गरिबी निवारणकै लागि बर्सेनि करोडौं रकम सहयोग तथा अनुदान दिने गरेका पनि छन् । समग्र विकासमा गरिबीले अवरोध सृजना गर्ने भएकोले राष्ट्रको विकासमा प्रत्यक्ष गरिबी निवारण गर्नुपर्ने हुन्छ । नेपाल सरकारको तथ्यांकअनुसार गरिबीको रेखामुनि रहेको जनसंख्या १८.७ प्रतिशत र बहुआयामिक गरिबी सूचांक २८.६ प्रतिशत रहेको छ । साठी प्रतिशत जनसंख्या कृषिमा निर्भर रहेको देखिन्छ । तर, कृषिमा व्यवसायिकता नहुँदा प्राविधिक शिक्षा, उन्नत बिउ, मल, सिँचाइ बजारको अभाव भण्डारणको अभावलगायत विविध समस्याका कारण हामीले कृषिबाट अपेक्षित लाभ लिन सकेका छैनौं । हाम्रो विद्यमान गरिबीको अवस्था चुनौतीपूर्ण समस्याको रूपमा रहेको छ । नेपालमा विद्यमान थुप्रै आर्थिक सामाजिक तथा राजनीतिक समस्याहरूको लागि गरिबीको अवस्था कमी ल्याउनु आवश्यक छ । गरिबीको आवश्यकतालाई ध्यानमा राखेर नवीन कार्यक्रमहरू सञ्चालनमा ल्याए पनि जुन लक्ष्यअनुरूप घट्नुपर्ने हो हुन सकेको छैन । गरिबी घटाउन विविध उपायहरूको अवलम्बन गर्नुपर्ने हुन्छ ।

### साना किसान विकास लघुवित्त वित्तीय संस्था स्थापनाको पृष्ठभूमि :

तत्कालीन सरकारले ग्रामीण गरिवको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण विपन्नतालाई कम गर्दै समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखेर नेपाल सरकार तथा अन्तर र्‍ाष्ट्रिय संघ संस्थाबीच भएको गोष्ठीको फलस्वरूप सन् १९७५ (वि.सं २०३२) मा नेपालमा साना किसान विकास कार्यक्रमको थालनी भयो । कृषि विकास बैंकबाट तत्कालीन ६ सय ५२ गाविसका २ लाख १० हजार साना किसान परिवार समेटेर गाउँगाउँमा साना किसान आयोजनाहरू खोली कार्याक्रम विस्तार गरियो । ग्रामीण विकास एकाइको रूपमा यी आयोजनाहरूले ग्रामीण साना किसानहरूको आर्थिक तथा सामाजिक विकास गर्ने मात्रै नभई वित्तीय साधन स्रोतमा उनीहरूको पहुँच बढाउनसमेत ठूलो मद्धत पुर्‍याए ।

आयोजनाको रूपमा स्थापना भएका संस्थाहरू विभिन्न कालखण्डहरू पार गर्दै संस्थागत रूपमा दिगो हुनुपर्ने आवाजहरू उठ्न थाले । आ.व.२०५०/५१ देखि कृषि विकास बैंकले साना किसान विकास आयोजनाको व्यवस्थापन र स्वामित्व स्थानीय साना किसानहरूको स्थानीय सहकारीको रूपमा स्थानीयस्तरमै हस्तान्तरण सुरुवात भयो । यिनै सहकारीहरूलाई साना किसान सहकारी नामकरण गरियो । साना किसान अभियान

नेपाल सरकारको गरिबी निवारण अभियानबाट सुरु भएको हुँदा परम्परागत सहकारीहरू भन्दा विशिष्ट किसिमका विशेषताहरू रहेका छन् । यो नेपालको मौलिक नमुना हो र यस मोडेललाई हिजोआज धेरै सहकारी संस्थाहरूले पनि रुचाएका छन् ।

यिनै साना किसान सहकारी संस्थाहरूलाई गरिबी निवारणमा स्वतः स्फूर्त र दिगोरूपमा सञ्चालन हुन सक्ने तुल्याउन एवम् वित्तीय र प्राविधिक सेवा पुऱ्याउन वि.सं २०५८ असार २२ गते हालको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. (तत्कालीन साना किसान बैंक लि.)को स्थापना भयो । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले आफ्ना साझेदार सहकारी संस्थाहरूमार्फत विभिन्न निकायहरूबाट संकलित वित्तीय स्रोतबाट कृषि कर्जा प्रवाह गर्ने र सहकारी संस्थाहरूको संस्थागत क्षमता विकासको लागि वित्तीय र प्राविधिक सहयोग र विभिन्न किसिमका कार्यक्रममार्फत गरिबी निवारण र ग्रामीण विकास लक्षित कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस लेखमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाले गरिबी न्यूनीकरण र ग्रामीण विकासमा पुऱ्याएको योगदानबारे संक्षिप्तमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**कृषि कर्जामा संरचनात्मक सुधार :**

कृषि कर्जाको लागि सरकारले विभिन्न समयमा खडा गरिएका संरचनाहरू अहिले क्षतविक्षत पारिएका छन् । अल्पकालीन कर्जाहरूमा मात्रै केन्द्रित वाणिज्य बैंकहरूलाई तुलनात्मक हिसाबले मध्यम र दीर्घकालीन अवधिका कर्जा आवश्यक पर्ने कृषि, जलविद्युत् र पर्यटन क्षेत्रमा प्राथमिक कर्जाको नामले लगानी गर्ने व्यवस्था हालसम्म पनि झारा टार्ने प्रवृत्तिको छ । साथै कुल गार्हस्थ उत्पादनको करिब २५ प्रतिशत योगदान दिने तर ६० प्रतिशत जनसंख्या आश्रित रोजगारीको क्षेत्रलाई यसले एक छेउ पनि छुन नसकेको तथ्य हामीसामु छर्लङ्ग छ । यस कारण कृषि क्षेत्रमा संरचनात्मक सुधारको खाचो रहेको छ । कृषि पेशामा लाग्नेहरूको लागी मल विउ, सिचाईका लागी आवश्यक पर्ने विद्युत्को उपलब्धता, बजार, भण्डारण, बिमा, सहुलियत कर्जा, उत्पादनलाई बजारसम्म पुऱ्याउने ग्रामीण सडकको सुविधा, न्यूनतम समर्थन मूल्यको प्रत्याभूति, कृषि प्राविधिकहरूको निरन्तर गुणस्तरीय सहयोग, कृषि औजारहरूको समुचित प्रबन्ध, औषधिहरूको उपलब्धता, अनुदान आदि एकीकृत र प्याकेजकै रूपमा उपलब्ध हुने व्यवस्था गर्न सकिएमा मात्रै कृषि पेशा मजबुद हुन्छ ।

लघु वित्तीय संस्थाले करिब ९६० वटा सहकारी संस्थाहरूमार्फत पशुपालन कर्जा तरकारी खेती कर्जा, ग्रामीण उद्यम कर्जा, सहुलियपूर्ण कर्जा र लघु कर्जा, नविकरणीय ऊर्जा कर्जा आदिको माध्यमबाट साझेदार संस्थाहरूमा कृषि क्षेत्रमा वित्तीय स्रोत प्रवाह गरिरहेको छ भने साना किसान सहकारी संस्थाहरूले सामूहिक खेती, मलबिउ वितरण, दुग्ध संकलन केन्द्र, तरकारी संकलन केन्द्र, स्थानीय निकाय तथा अन्य सहयोगी निकायहरूको सहयोगमा कृषि औजार वितरण गरिरहेका छन् । यसबाट कृषि अर्थतन्त्र निर्माणमा सहयोग पुगेको छ ।

**कृषि अर्थतन्त्रको सम्भावनाहरूको खोजी :**

कृषि उत्पादनसम्बन्धी मूलभूत कुरामा हुने परिवर्तन कृषि क्रान्ति हो । पुरानो परम्परालाई विस्थापित गरि कृषिमा आत्मनिर्भर, निर्यात प्रवर्धन र आयात प्रतिस्थापन गरी कृषिजन्य वस्तुको उत्पादन, कृषिमा व्यवसायीकरण, आधुनीकीकरण विविधीकरण र रोजगारिमा वृद्धि हुने अवस्थालाई कृषि क्रान्तिको उपज मानिन्छ । हाम्रो देशमा सबै किसिमको हावा पानी पाइने हुनाले यहाँ सबै किसिमका कृषि उपजहरू उत्पादन गर्न सकिन्छ । हाम्रो देशमा

रहेको अवसर र क्षमता र सम्भावनाको खोजी गरि आत्मानिर्भर बन्ने प्रयासस्वरूप साना किसानका छोरा छोरीहरूलाई कृषि तालिमको लागी इजरायल पठाउने नवीन कार्यक्रम यस वित्तीय संस्थाबाट भएको छ। उक्त कार्यक्रममा हालसम्म ३१४५ जना युवाहरू इजरायलबाट प्रशिक्षित भई स्वदेश फर्केका छन् । इजरायलको यो कृषि तालिमबाट फर्केका विद्यार्थीहरूले सिकेका सीप, प्रविधि र ज्ञानको प्रसारबाट सम्बन्धित गाउँका अन्य किसानहरू समेत लाभान्वित भई कृषि उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ। साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.बाट ती युवालगायत अन्य कृषि क्षेत्रमा उद्यमी बन्न चाहनेहरूको लागि एशियाली विकास बैंकको वित्तीय सहयोगमा सहुलियत दरमा ग्रामीण उद्यम कर्जा प्रवाह भएको छ । यसबाट साना किसानहरूको लागि पुँजीको राम्रै प्रबन्ध भएको मान्न सकिन्छ। (तथ्याङ्क स्रोत : साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., जेठ मसान्त, २०७९)

### साझेदार संस्थाहरूको संस्थागत सवलीकरण :

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. स्थापनाको मूल परिकल्पना नै साझेदार सहकारी संस्थाको सहकार्यमा ग्रामीण समुदायको सशक्तिकरण गरी जीवनस्तरमा सुधार गर्ने रहेको छ। विश्व बैंकका अनुसार ग्रामीण संस्थाहरूको सवलीकरण र सशक्तिकरण विना यस क्षेत्रको विकास गर्न सकिँदैन । साझेदार संस्थाहरूलाई वित्तीय सेवाका अतिरिक्त यस वित्तीय संस्थाले सहकारी संस्थाहरूको सशक्तिकरण र सवलीकरणमा योगदान गरेको छ । वित्तीय संस्थाका ११ वटा इलाका कार्यालयहरू र केन्द्रीय कार्यालयबाट समेत संस्थाहरूको अनुगमन निरीक्षण गर्ने, समीक्षा कार्यक्रम आयोजना गर्ने, संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई क्षमता विकास तालिम प्रदान गर्ने, सूचना प्रविधिको प्रयोगमा जोड दिने, संस्थाबाट सञ्चालन भएका कार्यक्रमहरूमा सर्पोट गर्ने आदि काम निरन्तर गरिरहेको छ। यसका अलावा संस्थाका उद्यमी किसानहरूकलाई सीप तथा क्षमता विकासका कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । नेपाल सरकार र दातृ निकायहरूको सहयोगमा सञ्चालित कार्यक्रममार्फत साझेदार संस्थाहरूमा सामुदायिक विकास तथा भवन निर्माण कार्यक्रम, सहकारी अनुशरण कार्यक्रम, पशुधन सुरक्षण कार्यक्रम प्रिमियम अनुदान, पशुधन सुरक्षण प्रवर्धन कार्यक्रम, कृषि तथा पशुपालन व्यवसाय प्रवर्धन आदि कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

### स्रोत साधनको व्यवस्थापन :

यस वित्तीय संस्थाले साझेदार संस्थाहरूलाई पुँजीको अभाव हुन नदिन विभिन्न निकायहरूबाट स्रोत जुटाउन अथक मिहिनेत गरिरहेको छ । एशियाली विकास बैंक, नेपाल सरकार, नेपाल राष्ट्र बैंक, प्रदेश सरकारहरू, स्थानीय सरकारहरू विभिन्न बैंक वित्तीय संस्थाहरू, र परियोजनहरूसँगको सहकार्यमा स्रोत व्यवस्थापन गरी साझेदार संस्थाहरू मार्फत कृषक तथा उद्यमीहरूसम्म पुऱ्याइ रहेको छ। ती स्रोतबाट प्राप्त वित्तीय सेवाहरू अन्य वित्तीय सेवा प्रदायकहरूकोको भन्दा सरल सहज र सस्तो पर्न गएको छ। सदस्यहरूले घरदैलोबाटै सुलभ सेवा पाउने अवस्था बनेको छ। आबद्ध सहकारी संस्थाहरूले करिब ६० अर्ब र ३० अर्ब साना किसान लघुवित्त वित्तीय संस्थाबाट प्रवाह भएको गरी ९० अर्ब रकम सहकारी संस्थाहरूमार्फत परिचालन भएको छ। (तथ्याङ्क स्रोत : साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., जेठ मसान्त, २०७९)

### उद्यमशिलताको विकास र कृषिको आधुनिकीकरण:

देशको अर्थतन्त्रमा सकारात्मक परिवर्तनको लागि

कृषिको विकास हुनुपर्ने कुरालाई नकार्न सकिँदैन। परम्परागत कृषि पेशामा नेपालको कृषि क्षेत्रलाई आधुनिक बनाई यहाँका बढीभन्दा बढी युवा जनशक्तिलाई आकर्षित गर्न आवश्यक छ। एक क्षेत्र, एक संस्थाको मात्रै प्रयासले यो कार्यसम्भव छैन।

तर, प्रयास भने हरेक क्षेत्रको हुन जरुरी छ। यस वित्तीय संस्थाले सबै साना किसान सहकारी साझेदार संस्थाहरूको सहभागितामा विं.सं २०७१ र वि.सं २०७५ सालमा गरी जम्मा २ पटक साना किसान सम्मेलन सम्पन्न गरेको छ। दोस्रो साना किसान सम्मेलन २०७५ले सन् २०३० सम्म नेपालको गरिबी न्यूनीकरणका लागि दिगो विकासको लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउने गरी "साना किसानको समृद्धि : कृषिको रूपान्तरण र उद्यमशिलताको विकास" भन्ने मूलमन्त्रलाई सार्थक बनाउन तत्सम्बन्धी लक्ष्य प्रस्ताव गरेको छ। सबै सहकारी संस्थाहरूको अबको बाटो उद्यमशिलताको विकास र कृषिको आधुनिकीकरण हो भन्ने सारमा सबै सहमत भएका छन्। यसबाट सरकार र अन्य निकायहरूलाई समेत साना किसान सहकारीमार्फत ग्रामीण कृषिको स्तरोन्नति गर्न हामी तयार छौं भन्ने सन्देश प्रवाह भएको छ। सहकारी संस्थाहरूले पनि उक्त प्रतिबद्धतालाई कार्यान्वयन गर्न स्थानीय निकाय, छाता संगठन र अन्य निकायसँग समन्वय गरी हरसम्भव सेवा प्रदान गर्न लागिरहेका छन्।

### वित्तीय साक्षरता र वित्तीय समावेशिता र वित्तीय पहुँच :

वित्तीय साक्षरतालाई आवश्यकताका आधारमा आधारभूत र विशिष्टीकृत जीवनउपोगी क्षमताको रुपमा समेत लिन सकिन्छ। नेपाल राष्ट्र

बैंकले पहिलोपल्ट २०६९/७० को मौद्रिक नीतिमार्फत राष्ट्रिय वित्तीय साक्षरता नीति तर्जुमा गर्ने जनाएको थियो। वित्तीय साक्षरताको प्रमुख स्रोत वित्तीय शिक्षा भए तापनि वित्तीय अनुभव, तालिम, अभिमुखीकरण, सञ्चार तथा प्रविधि, वित्तीय संस्कृति, सामाजिक संस्थाहरू, समकक्षी मित्रहरू, परिवार, दैनिक कार्यसमुदाय, अध्ययन अनुसन्धान, वित्तीय क्रियाकलापको अवलोकन आदिले पनि वित्तीय साक्षरतामा अभिवृद्धिमा सघाउने कुरा विभिन्न अध्ययनहरूले देखाएका छन्। पन्ध्रौं योजनाको आधारपत्रले वित्तीय सेवामा सर्वसाधारणको कमजोर पहुँचलाई वित्तीय क्षेत्रको विकासको प्रमुख चुनौतीको रूपमा लिँदै वित्तीय सेवाको सहज पँहुच र विस्तारमा सूचना प्रविधिको उपयोगलाई महत्त्व दिएको छ।

वित्तीय साक्षरता वित्तीय पहुँच र वित्तीय समावेशीकरण प्राप्त गर्ने औजार हो भन्ने तथ्यलाई मनन गर्दै यस वित्तीय संस्थाले आफ्ना साझेदार संस्थाहरूमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार विभिन्न कोषहरू र सहयोगी निकायहरूबाट प्राप्त स्रोतलाई अधिकतम सदुपयोग गर्दै वित्तीय साक्षरता प्रवर्धन हुने तालिमहरू सञ्चालन गर्ने गरेको छ। साथै सहकारी संस्थाहरूमा भएको सहकारी शिक्षा कोष वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्यमा खर्च गर्न प्रेरित गरिरहेको छ। सहकारी संस्थाहरूलाई सदस्य विस्तार गर्दा विपन्न कम आय भएका पछाडि परेका समुदायलाई प्राथमिकता दिन प्रेरित गरेको छ।

राउटे, वनकरिया,चेपाङ जस्ता उत्पीडित जाति समुदायहरूलाई सहकारी संस्थाको सदस्य बनाई सुलभ कर्जा प्रदान गरी वित्तीय सेवा प्रयोग गर्न सक्ने बनाएको छ। नेपालका ७५३ वटा गाउँपालिकामध्ये ५४० पालिकाहरूमा साना किसान सहकारी संस्थाहरू स्थापना गर्न सहयोग पुऱ्याई वित्तीय सेवा प्रदान गरिरहेको छ। जिल्लागत रूपमा ७७ वटा जिल्लामध्ये ७६ वटा जिल्लामा १२९१ वटाका ९ लाख ६० हजार

घरधुरीलाई समेटी साझेदार संस्थाहरूमार्फत सेवा प्रवाह गरिहेको छ। साझेदार सहकारी सस्थाहरूमा १ लाख २० हजार समूह आबद्ध भई करिब ५ हजारले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।
(तथ्याङ्क स्रोत : साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., जेठ मसान्त, २०७९)

## चुनौतीहरू :

ग्रामीण विकास र गरिबी न्यूनीकरणको अभियानमा साना किसान सहकारी संस्थाहरू कै बहुमत शेयर स्वामित्वमा स्थापना भएको साना किसान विकास लघुवित्त वित्तीय संस्थाको प्रयासका बाबजुत यस क्षेत्रमा समस्याहरू पनि विद्यमान रहेका छन् । लघुवित्त वित्तीय संस्थामा दिगो वित्तीय श्रोतको सुनिश्चिता नहुनु, नीतिगत जोखिम रहनु, मानव संसाधनको कमजोर क्षमता हुनु, भौगोलिक कठिनाइले प्रभावकारी सेवा प्रवाह गर्न नसक्नु, सूचना प्रविधिको पूर्ण उपयोग गर्न नसक्नु आदि रहेका छन भने साझेदार संस्थाहरूको स्तरमा संस्थागत सुशासनमा कमी, वित्तीय सेवा प्रदायकहरूको अस्वस्थ प्रतिस्पर्धा रहनु, केही सहकारीहरू समस्याग्रस्त हुनु, नेतृत्व क्षमताको विकास नहुनु, भर्खरै स्थापना भएका सस्थाहरूको दिगोपनामा समस्या देखिनु संस्थागत संस्कृतिको विकास हुन नसक्नु, उद्यमशिलता पवर्धन गर्ने स्थायी संयन्त्र निर्माण गर्न नसक्नु, सम्पूर्ण सदस्यहरूको वित्तीय आवश्यकता पूरा गर्न नसक्नु आदि रहेका छन् ।

## आगामी कार्यदिशा :

सहकारी क्षेत्रको विकासमार्फत ग्रामीण गरिबीलाई न्यूनीकरण गरि समाजको विकास गर्न सहकारी क्षेत्र एक्लैले मात्रै केही गर्न सक्दैन । यसका सरोकारवाला निकायहरूको समेत सहयोग र समन्वयमा आगामी १० वर्ष, २० वर्ष र ३० वर्षभित्र हासिल गर्न सकिने स्पष्ट रणनैतिक योजना बनाई अगाडि बढ्नुपर्ने देखिन्छ । वित्तीय संस्थालाई विशिष्टीकृत वित्तीय सेवाप्रदायक संस्थाको रुपमा विकास गरि कृषि तथा सहकारी क्षेत्रको विकास र प्रवर्धन गर्नुपर्छ ।

सरकार, केन्द्रीय बैक, र सरोकारवाला संस्थाहरू कृषि कर्जाको आवश्यकतालाई प्रणालीगत सुधार गरेर लैजान सबै पक्ष इमान्दारिताका साथ लाग्नु पर्छ । सहकारी संस्थाहरूको संस्थागत क्षमता बढाई कृषिमा आधारित सेवाहरूको विवधिकरण, उत्पादनमा आधारित सेवा प्रवाह, उत्पादनको भण्डारण, बजारीकरण तथा कृषि उत्पादनमा आधारित उद्योगहरूको स्थापना र विकास गर्दै ग्रामीण अर्थतन्त्रको सवलीकरण गर्ने तर्फ कदम चाल्न आबश्यक देखिएको छ ।

## उपसंहार :

नेपाल जस्तो अतिकम विकसित मुलुकमा विकासको मोडल निर्माण गर्दा ग्रामीण परिवेश र वातावरण सुहाउँदो हुन जरुरी छ । साना किसान सहकारी संस्थाहरू नेपालको मौलिक नमुना बोकेका सहकारी संस्थाहरू हुन । यिनीहरूको विकास र विस्तारमार्फत नेपालको ग्रामीण अर्थतन्त्रलाई सकारात्मक योगदान गर्न सकिने थुप्रै उदाहरणहरू हामीसामु रहेका छन् ।

यद्यपि, यी सहकारी संस्थाहरूको नियमन, विकास र विस्तार प्रभावकारी बनाउन यस क्षेत्रको संरचनागत, कार्यगत र व्यवहारगत समस्याहरूको स्पष्ट पहिचान र सो को समाधान गर्न आवश्यक रहेको छ । यसका लागि जिम्मेवार पक्षहरू साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साझेदार संस्थाहरू, सरोकारवाला निकायहरू, छाता संघ संगठनहरू, नियमनकारी निकाय, सरकार सबैको उत्तिकै योगदान जरुरी छ ।



# नेपालमा कृषि उद्योगको सम्भावना र चुनौती

**देवराज आचार्य**
अध्यक्ष, इजरायल प्रशिक्षित साना किसान मञ्च

विभिन्न अध्ययनले देखाएअनुसार ६०-६५ प्रतिशत जनसंख्या कृषि पेशामा आबद्ध रहेको भनिएपनि वास्तवमा ४० देखि ४५ प्रतिशत जनसंख्या आबद्ध रहेको अनुमान गर्न सकिन्छ। तर, नेपालमा कृषिजन्य उत्पादनको आयातको डाटा हेर्ने हो भने हाम्रो जमिन र जनशक्तिको प्रयोगबाट नगन्यमात्रामा मात्र उत्पादन भै रहेकोछ । ४० प्रतिशत जनसंख्याले गरेको उत्पादनले बाँकी रहेको ६० प्रतिशत नपुग्ने भन्नुको पछाडि केही न केहि कारण अवश्य नै भएको अनुमान लगाउन सकिन्छ।

## इजरायलको कृषि प्रविधिमा मेरो अनुभव

इजरायलमध्ये एशियाको एकदम सानो भुभागमा अवस्थित देश हो यो देशको इतिहास लामो भएपनि औपचारिक रूपमा १९४८ मा यो देश अस्तित्वमा आएको हो । जम्मा ८० लाखको हाराहारीमा जनसंख्या रहेको यो देशको जम्मा क्षेत्रफल २०००० वर्ग किलोमिटर रहेको छ त्यस हिसाबले इजरायल हाम्रो देशभन्दा ७ गुणा सानो रहेको छ। तर, यति सानो क्षेत्रफल भएको देश ले यति छोटो समयमा कृषि प्रविधिको क्षेत्रमा आफूलाई अग्रणी रूपमा कसरी अगाडि बढायो त त्यसले हामीलाई पनि अगाडि बढ्न प्रेरित गर्दछ भन्ने लाग्छ । इजरायलले आफ्नो स्थापनादेखि नै उत्पादन र प्रविधिको विकासमा आफ्नो ध्यान केन्द्रित गरेको पाउन सकिन्छ । उसले कृषि क्षेत्रको विकासको लागि जग्गाको बर्गिकरण गर्दै हरेक जग्गामा बाटो र सिचाईको व्यवस्था गरि खेतियोग्य जमिनको स्वामित्व सरकारले आफुसगै राखेको छ । त्यहा कृषि गर्ने किसान हैन कृषि उद्यमी हुन् र यिनीहरू बिनाको जिवन कल्पना गर्न सकिदैन भन्ने हरेक नागरिकले बुझेका छन् र निति नियम पनि यहिअनुरुपको निर्माण गरिएको छ । त्यहा एउटा भेगमा एउटा रिसर्च सेन्टर बनाएर कृषि व्यवसायमा आवश्यक पर्ने बिउविजन, विषादी, प्रविधि लगायतका सम्पूर्ण चिजहरू के के कति मात्रामा र कसरी प्रयोग गर्ने भन्ने सिफारिस गरी सोहीअनुरूप लागू गरिएको छ। के कैले उत्पादन गर्ने र कहाँ र कसरी बिक्री गर्ने भन्ने सम्पूर्ण व्यवस्था त्यहाँको सरकारले गरेको छ। हरेकपटक नयाँ नयाँ प्रविधिको विकासले गर्दा त्यहाँको किसान र संसार कै किसानलाई पनि फाइदा पुगेकोछ। उदाहरणको लागि थोपा सिँचाइ प्रविधि, सेन्सर प्रविधि तथा जैविक रूपमा रोगकिरा नियन्त्रण गर्ने प्रविधिले संसारलाई फाइदा दिरहेको छ।

## नेपालको कृषिको वर्तमान अवस्था

नेपालमा व्यावसायिक रूपमा कृषि र पशुपालन व्यवसाय गर्ने कल्चरको खासै विकास भएको पाइदैन त्यसैले हामीले भनेझैं ४० प्रतिशतले उत्पादन गरेको उत्पादनले बाँकी ६० प्रतिशत जनसंख्यालाई पुऱ्याउन नसकेको हो । नेपाल सरकारले पनि व्यापक रुपमा कृषिमा लगानी

गरेकोछ तर त्यो अरबौंको लगानी बालुवामा पानी हाले जस्तो भएकोछ । नेपालमा कृषिको बिकासको लागि एकातिर सयौं संस्थामार्फत अरबौं रुपौयाँ लगानी भैरहेकोछ भने अर्कोतर्फ बर्षेनी खरबौं रुपैया बराबरको कृषिजन्य उत्पादनको आयात भैरहेकोछ र त्यो बर्षेनी बढ्दो क्रममा छ। नेपाल सरकारले कृषिको बिकासको लागि एउटा ठोस मार्गीचित्र निर्माण गर्न नसक्नाले र वितरणमुखी अनुदान कार्यक्रमले गर्दा वास्तविक किसान जहिले पनि सरकारी सुविधाबाट बञ्चित बन्नुपर्ने र टाठाबाठाले अनेकौ सिर्षकमा अनुदान प्राप्त गर्ने गर्दा एकातिर राज्यकोषको चरम दोहन भएकोछ भने अर्को तर्फ वास्तबिक किसानको प्रोत्साहन नपाएको कारणले उत्पादन पनि व्यापक रुपमा कम हुँदै जाने र दिन प्रतिदिन किसान निरुत्साहित बन्नुपर्ने अवस्थाको सिर्जना भएको छ।

### नेपालको कृषि विकासमा प्रविधिको प्रयोग

नेपालको सामान्य किसान वर्गलाई कृषिमा प्रयोग हुने प्रविधिको बारेमा जानकारी नै नभएको कारणले पनि यो क्षेत्र अत्यधिक श्रमशक्ति प्रयोग गर्ने क्षेत्र बनेको छ र कडा मेहनत गर्नुपर्ने र उत्पादन लागत बढी हुने र उत्पादनले बजारमा मुल्य नपाउदा पलायनको स्थिति बनेको हो । हामीले मेशिनरी र प्रबिधीको प्रयोगबाट छोटो समयमा गर्न सकिने काम पनि व्यापक श्रमशक्तीको प्रयोग गरीरहेका छौं। अर्को कुरा भनेको नेपालमा कृषि मेशिनरीको विषयमा अध्ययन तथा अनुसन्धान गर्न बनेका संस्थाहरू मूकदर्शक बनिदिंदा नेपाल संसारमा बनेका मेशिनरी औजारको डम्पिङ साइड बनेकोछ । नेपालमा आयात भैरहेको मेशिनरी औजारहरू ततःततः का देशहरूको प्रयोगको लागि बनाइएका हुन तर सोही मेशिनरी औजार जस्ताको त्यस्तै आयात गरिदा आम किसानले आफ्नो आवश्यकता अनुरूपका मेशिनरी औजार



अझैपनि प्राप्त गर्न सकेको छैन । उदाहरणको लागि हाते ट्र्याक्टरलाई लिन सकिन्छ हिमाल पहाड तराईमा एकै खालका हाते ट्र्याक्टरको बिक्री बितरण भैरहेकोछ र किसानले ट्र्याक्टरको चक्करमा गोरुपाल्न छोडेको छन् यसको असर दुइतर्फि छ एका तर्फ राम्रोसँग खेलबारी जोत्न नसक्दा उत्पादन घटेकोछ भने अर्को तर्फ गोरु नपाल्नाको कारणले मल अभाव भै रासायनिक मलमा निर्भरता बढेकोछ। यस्ता अनेकौं कारणले एकातिर अनुदान व्यापक रूपमा दोहन भएकोछ भने अर्को तर्फ किसान मारमा परिरहेका छन्।

### नेपालको कृषिमा हाल देखिएका मुख्य समस्याहरू

- सरकारले जग्गा बर्गिकरण नगरिदिएको कारणले कुनभागमा के लगाउने भन्ने अन्यौल कायम छ
- नेपाल सरकारले हावापानी र माटो र वातावरणको परीक्षण गरी कुन क्षेत्रमा के बाली कुनबेला कसरी लगाउने भन्ने जानकारी नदिनु।
- जग्गा प्राप्ती गर्न सहज वातावरण नहुनु।
- कृषिक्षेत्रमा अनुसन्धान नहुनु।
- बिउ,विषादी लगायतका खाध तत्वको गुणस्तर मापन नहुनु जसले जे मनलाग्यो सोही आयात गर्ने परिपाटी।
- उत्पादित वस्तुको समेत व्यवस्थित रुपमा बजार पुर्‍याउन सक्ने संयन्त्र, संरचना र

जनचेतना नहुनु ।

- ➢ बजारीकरणमा अस्तव्यस्ता र बिचौलियामुखी बजारिकरण निती ।
- ➢ उत्पादित बस्तुको न्युनतम मुल्य तोक्न नसक्नु ।
- ➢ उचित र मितव्ययी भण्डारणको व्यवस्था नहुनु ।
- ➢ राज्यले कृषिसगँ सम्बन्धित बिभिन्न मेशिनरी,औजार,मल,बिउ,खाधतत्व लगायतका साधनहरूको गुणस्तर र अनुमानितलागत तोक्न नसक्नु ।
- ➢ उत्पादनमुखी अनुदानको कार्यक्रम लागु हुन नसक्नु ।
- ➢ किसानलाई सहज बैकिङ् तथा बिमा सेवा उपलब्ध गराउन नसक्नु ।
- ➢ खेतियोग्य जमिनमा यातायात तथा सिचाई सुबिधा पुऱ्याउन नसक्नु ।
- ➢ बिचौलिया मुक्त किसानमैत्री बजारिकरण व्यवस्थाको निर्माण गर्न नसक्नु ।
- ➢ कृषि र प्रबिधी सम्बन्धी कृषकमा चेतना फैलाउन नसक्नु ।
- ➢ कृषकलाई सम्मान नगर्ने र निरुत्साहन गर्ने सामाजिक व्यवस्था ।
- ➢ विभिन्न कृषि क्षेत्रमा कामगर्ने निकायहरूको समन्वयको अभाव ।

### नेपालको कृषिको विकासको लागि किसानले प्रयोग गर्न सक्ने प्रविधिहरू

- भौगोलिक स्थिती र जमिनको बनावट अनुसारको मेशिन तथा औजार र अट्याजमेण्टहरू प्रयोग गर्ने ।
- मल्चिङ प्रबिधिको प्रयोग गर्ने
- थोपासिचाई तथा स्प्रिय्लर प्रबिधिको प्रयोग
- बेमौसमी उत्पादनको लागि संरक्षित खेति बिस्तार गर्ने जस्तै :ग्रिनहाउस,नेटहाउस,प्लास्टिक टनेल तथा लोटनेल निर्माण
- फलफुललाई प्राकृतिक क्षतिबाट कम गर्न विभिन्न प्रकारका नेटहरू प्रयोग गर्ने
- उत्पादित बस्तुहरूलाई क्षतीहुनको लागि कमगर्न पोस्टहार्बेस्ट प्रबिधि र टुल्सको प्रयोग गर्ने
- भण्डारण र बजारीकरणको लागि कमलागतका प्रविधिको प्रयोग गर्ने



### नेपालको कृषिको आगामी बाटो

नेपालको कृषिको विकास गर्नको लागि माथि देखाइएका समस्याको हल गर्दै कृषिमा कृषकलाई भन्दा पनि कृषि उद्यमीको आकर्षण बढाउँदै किसानलाई प्रोत्साहन गर्दै उपभोक्तालाई समेत स्वदेशी उत्पादनको प्रयोगमा जोड दिने साथै कृषिजन्य उत्पादनको आयातमा अत्यधिक कर लगाई निरुत्साहित गर्ने र किसानको उत्पादनमा आधारित अनुदान र उत्पादन योजनाको आधारमा सहज बैंक ऋण उपलब्ध गराउने वातावरण राज्यले गर्नु पर्नेछ र जग्गा प्राप्ति प्रक्रिया छिटो छरितो र मितव्ययी बनाउन सके छोटो अवधिमा नेपालले कृषिक्षेत्रमा छलाङ मार्न सक्ने देख्दछु । त्यसको लागि नेपाल सरकारका विभिन्न निकाय, कृषि उद्यमी र आम उपभोक्ताको सजक प्रयासको खाँचो पर्दछ र कटिबद्ध प्रतिबद्धता आवश्यक छ ।

# इजरायल प्रशिक्षित सानाकिसान मञ्च र यसको महत्त्व

उपेन्द्र प्रसाद अधिकारी
उपाध्यक्ष, इजारायल प्रशिक्षित साना किसान मञ्च



आजभन्दा ठिक नौ वर्ष अघि नेपाली साना किसान कृषि सहकारी र यसमा आवद्ध सानाकिसान परिवारमा उत्साह, उर्जा र उमंग थप्ने खवरले सबैको ध्यान केन्द्रीत गऱ्यो। नेपालको कृषि तथा पशुजन्य उत्पादन र उत्पादकत्व बढाउन काम गरिरहेका साना किसान कृषि सहकारी संस्थाहरू र सदस्य किसानहरूलाई यो खबरले ध्यान मात्र आर्षण गरेन साना किसान आन्दोलनलाई थप उचाईमा पुऱ्याउन समेत टेवा पुग्यो।

साना किसान परिवारमा एकाएक फैलिएको खबर थियो साना किसान कृषि सहकारी संस्थामा आवद्ध सयौं युवाहरू विदेशमा कृषि तालिमका लागि जान पाउने छन्। त्यो विदेशी मुलुक अरू कुनै मुलुक नभएर कृषि तथा पशुजन्य उत्पादनमा संसारमै चिर परिचित, कृषि प्रविधिको आविस्कार तथा प्रचुर प्रयोगकर्ता मरुभूमिको एउटा देश इजरायल थियो।

इजरायलमा कृषि तालिमका लागि सानाकिसानले सानाकिसान परिवारका २२ देखी २८ वर्ष उमेर समुहका उच्च माध्यमिक तहको शिक्षा प्राप्त गरेका युवाहरूलाई छनोट गर्ने परिपाटीले युवाहरूलाई कृषि क्षेत्रमा आर्षण बढाउनुका साथै कृषि तथा पशुपालनको क्षेत्रमा युवाहरूको सहभागिता बढाउनमा ठूलो सहयोग पुग्यो। इजारयलमा कृषि तालिम प्राप्त गर्न नेपालका साना किसान सदस्य परिवारका युवाहरूलाई प्रशिक्षार्थी छनोट गर्दा तत्कालिन साना किसान विकास बैंक, हालको साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले बैंकमा आवद्ध भएका संस्थाहरूको विभिन्न मापदण्डाका आधारमा वर्गिकरण गरि उत्कृष्ट ठहरीएका सहकारीहरूका सदस्य वा तिनको परिवारका सदस्यहरूलाई छनोट गरेको थियो।

इजरायल प्रशिक्षार्थी कार्यक्रमको सुरुवात धादिङ र मकवानपुर जिल्लाबाट भएको थियो।

धादिङ र मकवानपुर जिल्लाका ५० जना प्रशिक्षार्थीहरूको छनोटबाट सुरु भएको यस कार्यक्रमका प्रशिक्षार्थी छनोट कसरी पारदर्शी र धाधलिरहित होला भनेर देशभर उत्सुकताका साथ हेरिएको थियो। प्रशिक्षार्थी छनोटका लागि यस्तो विधि अपनाईयो कि हालसम्म ३ हजार २ सय ६० जना प्रशिक्षार्थी इजारायलमा कृषि तालिम पुरा गरि फर्किसक्दा पनि कहिँ कतै कुनै कमिकमजोरी रहेको छैन। म आफै पनि यो कार्यक्रम मार्फत इजरायल पुगेर प्रशिक्षार्थीका रूपमा धेरै कुरा सिक्ने अवसर प्राप्त गरेको छु। जसले मलाई नेपालमा कृषि क्षेत्रमा धेरै रचनात्मक काम गर्न समेत सहयोग पुगेको छ।

इजरायलका ५ वटा कार्यक्रममा प्रत्येक वर्ष पाँचौं सय प्रशिक्षार्थीहरूले सिक्ने र कमाउने यस

कार्यक्रमलाई भू-कम्प र कोरोना महामारीले केहि प्रभावित पारेको हालको अवस्थामा कृषि सिकेर नेपालमै उद्यम गरिरहेको प्रशिक्षार्थीहरूबीच सिकाई आदान प्रदान तथा एकताका लागि इजारायल प्रशिक्षित साना किसानमञ्चको आवश्यकता महसुस गरि हाल संस्थागत रुपमै प्रशिक्षार्थीहरू एकतावद्ध हुने कामको सुरुवात भएको छ ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका साना किसाना परिवारका सदस्य युवाहरूलाई कृषि र पशुपालन तालिमको जुन अवसर इजरायलमा प्राप्त भएको छ यसलाई अभ्यासमा रुपान्तरण गर्नुपर्ने आवश्यकता छ । यही आवश्यकतालाई मध्यनजर गर्दै इजरायलमा सिकेका सिपहरूलाई नेपालको हावा, पानी र माटो सुहाउँदो कृषि तथा पशुपालन कर्मसंग जोड्दै आय आर्जनका कार्यक्रमहरू युवा किसानहरूले सञ्चालन गरिरहनुभएको छ। युवाहरूलाई कृषि र पशुपालनमा संलग्न गराउन एक महत्त्वपूर्ण सहयोगी बनेको लर्न एण्ड अर्न कार्यक्रमको प्रभाव नेपालको कृषि तथा पशुजन्य उत्पादनमा परिसकेको देखिन्छ ।

अहिले गाउँ-गाउँमा पुग्दा युवाहरू उद्यम गर्न थालेका छन् । आयआर्जन गर्न थालेका छन् । कृषि र पशुपालनमा देखिएका समस्याका बारेमा छलफल गर्न थालेका छन् । युवाहरूमा इजरायल नजाँदाको अवस्थामा आत्मविश्वासको कमी थियो भने अहिले इजरायलबाट फर्केपछि आत्मविश्वास पनि बढेको छ । उनिहरू नेपालमा रहेको कृषि र पशुपालनको सम्भावनालाई बास्तविकतामा परिणत गर्दै अगाडि बढ्न थालेका छन् ।

आफु मात्र हैन अहिले इजरायलबाट फर्केका युवाहरूले गाउँमै पनि गरिबीको अन्त्य र आर्थिक अवस्था सुधारका लागि काम गर्न थालेका छन् । गाउँका साना किसानहरूलाई एकीकृत गर्दै साझा र एकल फार्म निर्माण तथा सञ्चालन गर्ने, बजारीकरणका लागि सहजिकरण गर्ने, उत्पादनका क्रममा देखिने समस्या समाधानका लागि पहल गर्ने, प्राविधिक सेवा प्रवाहमा समन्वयकारी भूमिका निर्वाह गर्ने लगायतका कामहरू इजरायलबाट फर्केका युवाहरूले गरिरहेका छन् ।

केही समय इजरायलबाट फर्केका युवाहरू आ-आफ्नै ढंगबाट अगाडि बढ्दा सिकाईका आदान प्रदान नहुने, नेपालमा गरिरहेको अभ्यास बारे पनि थाहा नहुने जस्ता समस्याहरू रहे । यिनै समस्या समाधान गर्दै इजरायलमा गएर सिकेको सिप र प्रविधिलाई नेपालमा कसरी प्रयोग गर्दै आयआर्जनलाई बढाउन सकिन्छ भन्ने ध्येयका साथ पूर्व देखी पश्चिमसम्म छरिएर रहेका इजरायलबाट फर्केका युवाहरूको साझा मञ्चका रुपमा इजरायल प्रशिक्षित साना किसान मञ्च स्थापना गरी अहिले हामी एकाकार हुँदै गएका छौं ।

### इजरायल प्रशिक्षित साना किसान मञ्चका उद्देश्य:

(क) सानाकिसान प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत इजरायलमा कृषि तालिम वा कृषि अध्ययन गरेर नेपाल फर्किएका विद्यार्थीहरूलाई संगठित गरी सदस्यता दिने,

(ख) सदस्यहरूबीच आपसि सहयोग र अनुभव तथा सीप आदान प्रदान गर्न उचित वातावरण बनाउने, उनीहरूबीचमा भाइचारा, सद्भाव र सहयोग विस्तार गर्न तथा संघ, प्रदेश तथा स्थानीय सरकारसँग सहकार्य गरी उनीहरूलाई कृषि रुपान्तरणको नमुना

अगुवा कृषि व्यवसायीको रुपमा स्थापित गराउने ।

(ग) कृषि तथा पशुपन्छी क्षेत्रको यान्त्रीकरण, आधुनिकीकरण र व्यावसायीकरण एवम् कृषि उपज तथा पशुपन्छीजन्य उत्पादनको बजारीकरणका लागि आवश्यक पर्ने ज्ञान, सीप, पूँजी र प्रविधि प्राप्त गर्न सहजीकरण गर्ने, समन्वय गर्ने, कृषि रुपान्तरणको अभियान सफल बनाउन सहयोग/सम्वन्वय गर्ने ।

(घ) आफ्ना सदस्य तथा कृषि पेशामा आवद्ध युवाशक्तिको समग्र हितका लागि आवश्यकता अनुसारको सरकारी तथा गैर सरकारी सहयोगमा पहुँच अभिवृद्धि आदि जस्ता विषयमा सहकार्य गर्ने ।

(ङ) सामूहिक खेती, चक्लाबन्दी खेती, एकिकृत कृषि र अन्य नमुना योग्य कृषि व्यवसाय सञ्चालनमा संलग्न किसानहरूलाई सहयोग गर्ने ।

(च) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार तथा विभिन्न सहयोगी निकाय र संघसंस्थासँगको सहकार्यमा इजरायल प्रशिक्षित साना किसानहरूको कृषि पेशागत व्यावसायिक क्षमता अभिवृद्धि र सशक्तीकरण गर्न आवश्यक कार्यहरू गर्ने ।

(छ) साना किसान कृषि सहकारी संस्थाको संस्थागत सुध्रिढीकरण, आधुनिकिकरण र व्यवसायिकताका लागि सहकारी संस्थाहमा सकृय सहभागीताका लागि प्रशिक्षार्थीहरूलाई प्रोत्साहन गर्ने ।

### मञ्चको हाल सम्मको अवस्था :

- सातै प्रदेशकका विभिन्न जिल्लाहरूमा संस्था दर्ताको कार्य सम्पन्न भएको ।
- प्रशिक्षार्थीहरूको विवरण अध्यावधि गरिएको ।
- स्थानिय तहको बजेट निर्माणमा प्रशिक्षार्थीहरूका मुद्दा, माग र कार्यक्रमहरू सम्वोधन गर्न प्रशिक्षार्थीहरूलाई सहजीकरण गरिएको ।
- प्रशिक्षार्थीहरूको साझा मुद्दामा छलफल र आगामि योजना निर्माणका लागि विभिन्न बैठक, भेला सम्पन्न गरिएको ।
- प्रशिक्षार्थीहरूलाई बेलाबखत आइपर्ने विभिन्न समस्याहरू समाधानका लागि सहजीकरण गरिएको ।

### प्रशिक्षार्थीहको हालको अवस्था :

विभिन्न चुनौतिका बाबजुद प्रशिक्षार्थीहले हाल आधुनिक प्रविधि तथा सुधारिएको तरिका अवलम्वन गरि अन्नबाली, तरकारी खेती, गाइभैसी पालन, बाख्रापालन, पुष्प खेती, माछा पालन, चिया खेती, लगायतका व्यवसायहरू गरिरहेका छन् । त्यसको साथै कृषि प्रविधिलाई गाउँ गाउँ सम्म पुर्याइ ग्रामिण कृषिको व्यवासायिकताका लागि प्रशिक्षार्थीहरूले अहोरात्र मिहेनत गरिरहेका छन् । इजरायलका कृषि तालिम लिएका प्रशिक्षार्थीहरूले नेपालको ग्रामीण क्षेत्रमा कृषि प्रविधि प्रसारकर्ता तथा प्रशिक्षकको रुपमा समेत सेवा प्रदान गर्दै आइरहेका छन् ।

**अबको योजना :**

- इजरायल प्रशिक्षित साना किसान मञ्च इजरायलमा कृषि तालिम लिएर फर्किएका विद्यार्थिहरूको साझा संस्थाको रुपमा स्थापित गर्ने ।
- सानाकिसान विकास लघुवित्त वित्तिय संस्था, कृषि सहकारी केन्द्रिय संघ, गाउँ गाउँमा रहेका सानाकिसान कृषि सहकारी संस्था र इजरायल प्रशिक्षित सानाकिसान मञ्च विच संस्थागत सम्वन्ध कायम गर्दै तत् तत् संस्थाले ग्राणि भेगमा सञ्चालन गर्ने कृषि गतिविधिमा प्रशिक्षार्थीहरूर्ला प्रत्यक्ष रुपमा जोड्दै लैजाने ।
- प्रशिक्षार्थीहरूलाई उद्यामीको रुपमा विकास गर्न विभिन्न तालिमको आयोजना गर्ने ।
- प्रशिक्षार्थीहलाई उद्यम गर्दाका बखत आई पर्ने जस्तोसुकै चुनौतीको सामना गर्न सहयोगीको रुपमा भूमिका निर्वाह गर्ने ।
- इजरायलमा कृषि तालिम लिएर फर्किएका हरेक प्रशिक्षार्थीहरूलाई संस्थाका हरेक कृयाकलापमा जोड्दै लैजाने ।
- इजरायल प्रशिक्षित साना किसान मञ्चलाई युवा कृषि उद्यमिहरूको अग्रणी संस्थाको रुपमा विकास गर्ने ।
- कृषि व्यवसाय सञ्चालनका लागि प्रशिक्षार्थीहरूलाई आवश्यक पर्ने लगानीका लागि बैंक तथा वित्तिय संस्था, सहकारीहरूसँग समन्वय गर्ने ।

**सरोकारवालासँगको अपेक्षा :**

- प्रशिक्षार्थीहरूको व्यवसाय सुरुवात, संचालन तथा व्यवस्थापनका लागि आवश्यक सरसहयोग तथा समन्वय ।
- इजरायलमा कृषि तालिम लिएर फर्किएका प्रशिक्षार्थीहरूलाई गाउँमा रहेको सानाकिसान कृषि सहकारी संस्थाहरूको सञ्चालक वा अन्य उप समितिमा स्थान ।
- इजरायल प्रशिक्षित सानाकिसान मञ्चको संस्थागत विकासका लागि समन्वय, सहकार्य तथा सहयोग ।

# व्यावसायिक केरा खेती



**चन्द्रप्रसाद बस्नेत**
व्यावसयिक केरा खेति गर्ने कृषि प्रशिक्षार्थी २०१८/२०१९(इजरायल)

साना किसान विकास लघुवित्त संस्था लि. र इजरायलमा रहेको Kinneret Academic College द्वारा सञ्चालन हुने Learn and Earn Program 2018-2019 मा टाघनडुब्बा साना किसान लघवित्त सहकारी संस्था लि. झापा बाट ११ महिने कृषि विषयमा अनुसन्धानात्मक तथा प्रयोगात्मक अध्ययन गरेर नेपाल फर्केपछि व्यावसायिक केरा खेती २५ विगाह क्षेत्रफलमा विस्तार गर्दै १४ जना कृषकहरुलाई समेत सहभागी गराई झापा जिल्लाको झापा गाउपालिका लाई केरा ब्लक कार्यक्रम बनाउन सफल भएका छौ । कृषि पेशामा ईमान्दार, लगनशिल, धौर्यता,समयको परिपालन गरि दत्तचित्त भएर कडा मेहनत गर्ने अभिप्राय बाट मैले व्यावसायिक केरा खेती गरि देशको कृषि क्षेत्रमा सुधार तथा परिर्वतन ल्याउने, रोजगारीको अवसर सिर्जना गर्ने आशा र अपेक्षा लिएको छु ।

### पृष्ठभूमि :

मेरा जन्म वि.सं. २०४५ साल कार्तिक १८ गते बुबा श्री खड्ग प्रसाद बस्नेत र आमा श्री टिका देवी कार्की(बस्नेत)को कोखबाट जन्म भई मेरो शुभ नाम श्री चन्द्र प्रसाद बस्नेत (राजु) जुर्यो हाल सो नामले परिचित सबै समक्ष रहन सफल भएको छु । हालको स्थायी ठेगाना जिल्ला झापा, झापा गाउपालिका वडा नं. ३ सम्पर्क मोबाइल नम्बर ९८१७९८४५५७ रहेको छ भने मेरो Email id :- basnetchandra459@gmail.com हो । मैले वि.वि.एस, वि.एड. अध्ययन पुरा गरि व्यावस्थापन संकायमा स्नातकउत्तोर सम्म अध्ययन गरी श्री जनता उच्च मा.वि.मा शिक्षण । पेशामा ३ बर्ष सम्म अध्यापन गराई बाबा, आमा सँग कृषि पेशामा आवद्ध भई कृषि पेशा, समाजिक कार्यहरुमा निःस्वार्थ सेवा,सहयोग गर्दै आएको थिए । वि.सं. २०६४ साल मंसिर २१ गते विवाह श्रीमति लक्ष्मी तिम्सिना संग भई हाल दुई छोरी साधाना/ संस्कृति बस्नेत जन्म भई अध्ययनरत अवस्थामा रहेका छन ।

### इजरायलमा रहँदा :

इजरायलमा रहेको आधुनिक प्रविधि, थोपा सिचाई, अनुसन्धानात्मक र प्रयोगात्मक शिक्षँबाट अभिप्रेरित भएर मेरो जीवनमा नयाँ सोच विचार, उर्जा र जीवनको मार्गदर्शन तथा रूपान्तरणको श्रेय साना किसान विकास बैक, किनरेट एकेडेमिक कलेज (इजरायल) र टँघनडुब्बा साना किसान लघुवित्तीय कृषि सहकारी संस्था लि. दिन चहान्छु ।

इजरायलको इन्गेभ किबुजमा मैले प्रयोगात्मक रूपमा हप्ताको ६ दिन व्यावसायिक केरा खेतिमा काम गर्ने सु-अवसर प्राप्त भयो । किनरेट कलेजमा हप्ताको १ दिन सौधान्तिक रूपमा व्यावसायिक खेतिपातीसम्बन्धी

अध्ययन गर्ने मौका मिल्यो भने किनरेट कलेजबाट इजरायलमा रहेका विभिन्न कृषि फर्म जस्तै माछापालन, केरा खेती, गाजर खेति, गाईपालन, विभिन्न फलफुल खेतीहरु लगायत सागसब्जी खेतीको फिल्ड भ्रमणका साथै इजरायलमा रहेका विभिन्न प्राकृतिक सम्पदा र संस्कृतिक चर्चहरुको मनै लोभ्याउने प्राकृतिक सुन्दरता सँग रमाउने अवसर प्राप्त भयो । त्यहाका सिकेको सिप, शिक्षा र त्यहाका प्राकृतिक दृश्य त्यहाका मानिसहरुले दिएको सुसस्कार आज पनि मेरो मनसपटलमा आलैछ म उहाहरुलाई हृदय देखि नै सम्मान गर्न चहान्छु अर्थात सबबात सोलोम, सोलोम (नमस्कार) भन्न चहान्छु । त्यहाँ रहँदा मैले व्यावसायिक केरा खेतिको अध्ययन अनुसन्धान गर्ने सुनौलो अवसर प्राप्त गरे जुन मेरो जिवनको सौभाग्यको रूपमा लिएको छु ।



इजरायलबाट व्यावसायिक केरा खेती सिकेर नेपाल फर्के पछि मैले श्री एग्री सेन्टर झापा प्रा.लि. कम्पनी दर्ता गरी थप चार जना शेयर सदस्यहरु लाई ५ प्रतिशतका दरले शेयर दिएर मैले ८० प्रतिशत शेयर पुजी लगानी गरि व्यावसायिक केरा खेती गर्दै आएको छु । हाल झापा जिल्ला कै सबै भन्दा ठुलो व्यावसायिक केरा खेतिको रूपमा परिचित हुनका साथै स्थानीय तहको उच्च माध्यमिक विद्यालयमा बाली विज्ञानमा अध्ययनरत विद्यार्थीहरुले OJT गर्दै सिक्ने अवसर प्राप्त गर्नु भएको छ ।

व्यावसायिक केरा खेती २५ विगाह क्षेत्रफलमा रहेको छ । जसमा उलियम हाइब्रेट, जि ९, मालभोग र चिनीचम्फा केराका जातका बेर्ना लगाएको छ भने १० विगाह क्षेत्रफलमा उत्पादन शुरू भएको छ भने फागुनदेखि थप १५ विगाह क्षेत्रफलको केरा खेतिले उत्पादन दिने तयारी अवस्थामा रहेको छ । केरा खेती विस्तारलाई विस्तार गर्दै लैजाने स्पष्ट लक्ष्य रहेको छ । नेपाली बजारमा केराको माग अत्याधिक रहेको छ । हाल नेपाली बजारमा बार्षिक १६ लाख मेट्रिक टक केराको माग रहेकोमा १० लाख मेट्रिक टन उत्पादन भएको र ६ लाख तत्काल बढाउन सकिने अवस्था रहेको देखिन्छ । स्रोत : शिलापत्र १८ साउन २०७९ यसबाट केरा खेतिको सम्भावना र अवसर राम्रो देखिन्छ। केरा खेतीमा प्रतिबिगाह न्यूनतम खर्च कटाएर रू २५०००० आम्दानी लिन सहज रूपमा नै सकिन्छ । जसले गर्दा मैले हाल उत्पादन भएको क्षेत्रफलबाट बार्षिक रू २५००००० (अक्षरूपी पच्चीस लाख रूपौया लिदै आएको छु जुन आम्दानीको सम्पुर्ण हिस्सा केरा खेति विस्तारमा लगाउदै आएको हुदा आ.व.२०७९/८० बार्षिक खुद मुनाफा रू ६२५०००० हुने अपेक्षा लिएको छु। आफनो र कृषकहरुको केरा खरिद गरि बजारको सुरक्षित व्यावस्था मिलाएको छु। हाल झापाको विभिन्न शहरहरु विर्तामोड, दमक, सुरूङ्गा लगायत झापाको विभिन्न स्थानहरुमा, विराटनगर, इटहरी, काठमाण्डौमा बजारीकरणको व्यावस्था मिलाएको छु भने आ.व. २०७९/८० भित्र पोखरा र बुटवलमा समेत बजार विस्तार गर्ने लक्ष्य राखेको छु ।

### व्यावसायिक केरा खेतीको अवसर र चुनौतीहरू :

**अवसरहरू :**

१. केरा खेती उत्पादन हुने उपयुक्त हावा पानी जमिन रहेको छ ।

२. माग भन्दा नेपाली केरा उत्पादन कम भएको हुदा बजारमा उचित मुल्य सहजै प्राप्त गर्न सकिन्छ ।

३. व्यावसायिक केरा खेति गर्ने कृषकको अभावका कारण बजारमा एकाधिकार

**चुनौतीहरू**

१. नेपाली केराको उत्पादन लागत बढी र भारतबाट उत्पादन हुने केराको उत्पादन लागत कम भएको हुँदा भारतीय केरा कम मुल्यमा प्राप्त गर्ने भएको हुदा माग उच्च रहेको छ ।

२. समयमा रसायनिक मल, जैविक मल खाद तथा शुक्ष्म खाध्य तत्वको कमी तथा उपलब्ध हुन नसक्ने भएको हुदा गुणस्तरमा गिरावट हुन्छ ।

३. विचौलिया हावी हुदा बास्तविक किसानले उचित मुल्य प्राप्त गर्न सक्दैन्न ।

४. बजारमा किसानको पहुच विस्तार हुन सकेको छैन ।

५. प्राकृतिक प्रकोप तथा रोग किराबाट हुन सक्ने हानी नोक्सानी ।

५. केराको विमा गर्न विमा कम्पनीहरु सहजै तयार हुदैन । विमा शुल्क लिन लामो झन्झटिलो कानुनी प्रावधान रहेको छ ।

६. बैक तथा वितिय संस्थाले दिने कृषि ऋण ा तथा अनुदान प्रकृया साह्रै गाह्रो ।

व्यावसायिक केरा खेतीको भविष्य एकदमै राम्रो सम्भावना युक्त रहेको हुदा केरा खेतिको थप विस्तार गर्न पुँजीको आवश्यकता पर्ने भएको हुदा परियोजनालाई आधारमानेर बैंक तथा वितिय संस्थाहरुले १० बर्ष अवधिको लागि सहुलियत कृषि कर्जाको व्यावस्था गर्न सक्के नेपालमा व्यावसायिक केरा खेति गर्ने





कृषकको संख्या बृद्धि हुनका साथै आयात लाई प्रतिस्थापन्न गरि देशको अर्थतन्त्र सुधारमा थप टेवा पुग्ने देखिन्छ । बर्षेनी युवाहरु विदेश पलायन हुने अवस्था बढदो रहेको छ जसले गर्दा राज्यले सहुलियत कृषि कर्जा र सम्बन्धित कृषि बालिमा प्राविधिक ज्ञान, सिप, प्रयोगात्मक र सौदान्तिक रूपमा दिन सकेको खण्डमा रोजगारीको अवसर गाउगाउमा सुरूवात हुने प्रष्ट देखिन्छ । हाल मेरो व्यावसायिक केरा



खेतिमा नियामित ९ जना कामदार हुनुहन्छ भने ५५ जना भन्दा बढी व्याक्तिहरुले मौसमी रोजगारी प्राप्त गर्दै आउनु भएको छ ।

**सम्बन्धित निकायसँग मेरो अपेक्षा :**

१. व्यावसायिक रूपमा कृषि बाली गर्ने कृषकहरुलाई कृषि कर्जा ५ वर्षे अवधिको सहुलियत कर्जालाई १० बर्ष व्यावस्था ।

२. झापामा केरा खेति गर्ने उपयुक्त जमिन, हावा, पानी र प्राकृतिक भूगोल राम्रो रहेको हुदा थप क्षेत्रमा केरा विस्तार गरि मिनी इजरायल बनाई ३ लाख मेट्रिक टन गुणस्तरीय केरा उत्पादन गर्न इच्छुक दातृनिकायहरु, इमान्दार व्याक्तिहरु, कम्पनीहरु, संस्थाहरु तथा नेपाल सरकार लाई लगानी गर्न लगानीकर्ताको रूपमा आवश्यकता महसुस र अपेक्षा गरेको छु ।

३. इजरायलमा शौक्षिक भ्रमण, प्रयोगात्मक तथा सौदान्तिक तालिमको लागि प्रत्येक बर्ष १ महिना अवधिको लागि जाने अवसरको अपेक्षा ।

४. केरा खेतिको विमा गर्न सहज अवस्थाको व्यावस्था तथा समयमा विमा शुल्क भुक्तानीको व्यावस्था ।

५. गुणस्तरीय विषादी रहित केरा पकाउन राइपिङ्ग चेम्बर निर्माणमा सहयोगको अपेक्षा ।

६. थोपा सिचाई जडानको लागि आवश्यक व्यवस्था मिलाई दिन सम्बन्धित निकायसँग सहयोगको अपेक्षा लिएको छु ।

# आमाको तिलहरी बेचेर सुरु गरेको सृजनशील बाख्रा फार्म

शिव कुमार आले
प्रशिक्षार्थी



स्कुल पढ्दा किताबका पानामा लेखिएको हुन्थ्यो नेपाल कृषि प्रधान मुलुक हो भनेर । मलाई त्यो भनाई कताकता चित्त बुझ्दैन थियो । किनकी कृषि प्रधान मुलुकमा कृषकको सम्मान थिएन् । अर्को कारण कृषि प्रधान मुलुकका कृषकले नै विदेशबाट आयात गरेका कृषि सामाग्रीको उपभोग गरिरहेका थियौं । वाल मष्तिष्कले जनाएको असहमति मैले मेरो युवा अवस्थासम्म आइपुग्दा पनि अरू कसैसँग प्रकट गर्ने साहस गर्न सकेको थिईन ।

परिवारका हामी सबै बाह्रै महिना कृषि कर्ममा व्यस्त हुन्थ्यौं । तर पनि बाह्रै महिनालाई हातमुख जोड्न पुग्ने कृषि उपज उत्पादन हुदैन्थ्यो । निर्वाहामुखी कृषि, भैंसी, बाख्रा, गाई पालेका थियौं । खेतबारीमा पनि उसैगरी परम्परागत तवरले अन्नबाली लगाइन्थ्यो । त्यसैले त मेरा बाबाले जीवनको उर्जाशिल समयको झन्डै डेढ दशक विदेशी भूमिमा परिवारबाट टाढा रहेर बिताउनु भयो ।

निर्वाहमुखी कृषिबाट गुज्रिरहेको मेरो परिवारको आर्थिक अवस्था त्यति सहज र सवल त पक्कै थिएन । तर, परम्परागत कृषि इज्जत धान्ने साधन बनेको मात्र थियो अरु उपलब्धि हुने कुरै भएन ।

आमाले हिउँद बर्खा नभनि गरेको दुखले एक छाक खाना र एक जोर राम्रो लुगा फेर्ने पुग्दैनथियो । बाबाको बैदेशिक यात्राबाट निर्भर रहेको परिवार कृषि गरेर आर्थिक हैसियत सुधार्न सक्ला भन्ने कल्पना कहाँबाट गर्ने ? हरेक परिस्थितिको दास बन्नुको विकल्प थिएन् । मेरो मात्रै नभएर मेरो समुदायका करिब ६० घरधुरीको अवस्था यस्तै थियो ।

बुझ्ने भएपछि मसँग कृषिमा नयाँ सम्भावना तथा आयाम सहित ग्रामीण समुदायलाई परिवर्तन गर्ने हुटहुटी थियो । आर्थिक रुपमा सिथिल भएका परिवारहरू आम सञ्चार तथा पूर्वाधारको पहुँच भन्दा टाढाको वस्तिहरूमा मानिसहरू वसाई सराई गर्दै अन्यत्रै जान थालेपति करिव करिव गाउँहरू शुन्य जस्तै बन्न थालेका थिए । आदर्शमा सिमित कृषि पेशाबाट जीवन निर्वाह गर्न सक्ने अवस्था नभएपछि धेरै युवा साथिहरूले आर्थिक उपार्जनका विकल्पहरू खोज्न थाले । युवा उमेरमा धेरै साथीहरूलाई आर्थिक उपार्जनका लागि विदेश जानुपर्ने बाध्यता आइलाग्यो ।

परिस्थितीको पहाडले थिचेपछि पासपोर्ट बोकेर म्यानपावर धाउनुको विकल्प पनि थिएन् । बैदेशिक रोजगारीमा जानेलाई ऋण पत्याउनेहरू धेरै थिए, गाउँमै कृषि गर्छु भन्दा ऋण नपत्याउने अवस्थाले गर्दा गाउँमै अडिन सक्ने आँट कस्ले गर्न सक्ने र ?

पात्रोमा दिन, महिना हुदैं सालहरू फेरिए । कृषकको दैनिकी र अवस्था फेरिएन । निर्वाहामुखी कृषी कर्मले दुख धेरै आम्दानी नगन्य नै थियो । यहीं परिस्थिमा जसोतसो साहस जुटाएर कृषिमा केही फरक काम गर्ने संकल्प गरे । तर लगानी गर्न सक्ने

हैसियत भने मेरो भएन् । बाख्रा पाल्नलाई ऋण खोज्ने बाहेकको विकल्प नै कहाँ थियो र ? भर्खर १७ बर्षमा टेकेको मलाई ऋण दिन जो कोही पनि तयार भएनन् । मेरो समाजले त मेरो उमेर समुहका उर्जाशिल युवालाई अल्लारेको उपमा दिन मात्रै सक्थ्यो, ऋण पत्याउदैन्थ्यो ।



काम गर्ने असिमित चाहना भएकै कारण २०६८ सालमा भानुमति साना किसान कृषि सहकारी बाट २० हजार रुपैयाँ ऋण सहयोग लिए । आमाको तिलहरी बेचेर सुरु गरे सृजनशिल बाख्रा फार्म । १० वटा माउ बाख्राबाट निर्वाहामुखी कृषिलाई व्यवसायिक बनाउने यात्रामा होमिएको थिएँ । त्यो बेला ऋण खोजेर बाख्रा पाल्न तम्सिएको युवालाई ढाडस दिनेभन्दा हतोत्साहित बनाउनेहरू धेरै थिए । त्यो समय बाख्रा पालन गरेर जीवन निर्वाह गर्न सकिन्छ भन्ने आशा म बाहेकका अरु कसैमा थिएन् । ऋण खोजेर बाख्रा पालन सुरु गर्दा कतिले त मानसिक रुपमा ठिक नभएको सम्म भन्न पछि परेनन् । म भन्नेहरूको कुराको पछाडी लागिन् ।

सिभिल ओभरसियर अध्ययन गरेको मैले सुरु गरेको बाख्रा पालन व्यवसाय मेरा लागि एक नयाँ क्षेत्र थियो । पशुपालन गरेर सहजै जीवन गुजरा चलाउन सकिन्छ भन्ने कुरा गाउँमा यस अघि नत कसैले देखेका थिए नत सुनेका थिए । मैले चुनौतीका पहाडको सामाना गर्दै बाख्रा पाल्न सुरु गरेँ । सुरु सुरुमा प्राविधिक ज्ञान अनुभव नभएको मान्छे उमेरले पनि अलिक कच्चा भएर होला सफलता हात पार्न धौंधौं भयो । व्यवसायबाट सोचे जस्तो आम्दानी हुन सकेन । ऋणको सावाँ र ब्याज तिर्न नसक्दा केही असहज भयो । तर निराश भएर मैले सुरु गरेको यात्राबाट विचलित हुने छुट कदापि थिएन् । म मानसिक रुपमा व्यवसायलाई अगाडि बढाउने गरि निरन्तर लागिरहेँ ।

यसै समयमा नेपाल भू-कम्प र नाकाबन्दीको चपेटाबाट थलिएपछि लयमा फर्कन निकै सकस पर्‍यो । विभिन्न आरोह अवरोह पार गर्दै दृढ अठोटका साथ अगाडि बढाएको मेरो बाख्रा पालन व्यवसाय विस्तार हुँदै थियो ।

यसै समयमा वि. स. २०७४ सालमा लर्न एण्ड अर्न कार्यक्रम अन्तर्गत साना किसान विकास लघुवित्त संस्था मार्फत ईजरायल जाने सुनौलो अवसर जुर्‍यो ।११ महिने ईजरायल यात्रा मेरो जिन्दगिको स्वर्णिम समय सिद्ध भएको छ । प्राविधिक सिप, क्षमता बिकास गर्ने र व्यवसाय प्रर्वद्धनका लागि बीउ पूँजी व्यवस्थापनमा लर्न एण्ड अर्न कार्यक्रम कोशेढुंगा सावित बन्यो । सायद इजरायल जान नपाएको भए म आज म बन्ने थिईन ।

एउटा सामान्य कृषकको छोरा बाख्राको खोरमा दैनिकी विताइरहको मान्छे कृषि प्रविधि सिक्न ईजरायल जान सक्ला भन्ने धेरैलाई लागेको थिएन । तर मलाई साना किसान परिवारको लर्न एण्ड अर्न कार्यक्रम मार्फत जान पाउछु कि भन्ने आश थियो । इजरायल पुगेर आधुनिक कृषि प्रविधि र प्रणाली सिक्न पाए भने ओरालो लागेको व्यवसायलाई लयमा फर्काउन सकुलाँ कि आशाको किरण थियो । जुन पुरा भयो पनि । धान फल्ने खेत मासेर लगाएको १२ हजार घाँसका बेर्नाले थप दक्षता र व्यवस्थापन खोजीरहेको थियो । हजुरबुवाको मनमा खेत विगारिदिएको चिन्ता उस्तै थियो ।



ऋणको चपेटामा परेको मलाई अन्यत्र जान ठाउँ पनि थिएन । हिम्मत गरेरै व्यवसायमा जम्नैपर्ने थियो र त फरक अभ्यास गरिरहेँ ।

बाख्रा पाल्न सुरु गर्दा बेचेको आमाको तिलहरी फिर्ता दिनु थियो । निराश गाउँलेमा आशाको किरण जगाउनु थियो । असफलताको मानसिकताबाट मेरो विश्लेषण गर्नेहरूलाई मैले गरेका हरेक काम सही रहेछ भनेर प्रमाणित गराउनुपर्ने आफैँमा चुनौती थियो । अझ बढी अरुलाई भन्दा आफैँले आफैँलाई जित्नु थियो । प्रतिकुल परिस्थिती र समयलाई आफु अनुकुल बनाउनु थियो ।

भाग्यलाई श्रम, मेहनत र निरन्तरताले दासी बनाउने रहेछ । अविछिन्न प्रयासबाट आज परिचय बद्लिएको छ । ११ महिनाको ईजरायलस्थित रमात नेगेब इन्टरनेशनल ट्रेनिङ सेन्टरबाट सिकेको ज्ञानले व्यवसाय व्यवस्थापनमा सफल बनाएको छ । रित्तिएको बाख्राका खोरलाई इजरायलको लर्न र अर्नले भरिभराउ बनाएको छ । बाख्रा पाल्न सुरु गर्दा बेचेको आमाको तिलहरी फिर्ता गर्न सक्ने हैसियत बनाउन सफल भएको छु ।

एक सरो लुगा फेर्नलाई मात्रै मैलै बाख्रा पालन सुरु गरेको पक्कै हैन । चरम गरिबीको रेखामुनि रहेको मेरो समुदायको निर्वाहमुखी कृषि र पशुपालनमा घुमिरहेको मानसिकतालाई परिवर्तन गर्दै व्यवसायिक यात्रामा डोऱ्याउनु थियो । ऋणमुक्त गराउने अभ्यासमा जोड्नु थियो । आज धेरै हदसम्म सफलता मिलेको छ ।

गाउँलेले कल्पना समेत गरेका थिएनन् एउटै बाख्राको मुल्य तीन लाख रुपैयाँ सम्म पर्छ भन्ने । तर आज हामिले त्यही बोर जातका बाख्राहरू नेपाल अधिराज्यभर बीउका लागि बिक्री वितरण गरी करिव वर्षको चार करोड रुपैयाँको हाराहारीमा आम्दानी गाउँमा भित्र्याउन सफल भएका छौँ । ठूलो व्यवासय त मैले गरेको छैन् व्यक्तिगत रुपमा एक्लैले झन्डै ७० लाख रुपैयाँको हाराहारिमा लगानी गरेको छु । ग्रामिण समुदाय भिमाद नगरपालिका- ९ पाथर्दीको वस्तीलाई नेपालको नमुना बोर बाख्रा स्रोत विकास केन्द्रको रुपमा स्थापित गर्न सफल भएका छौं ।



विश्वविद्यालयहरूसँग गाउँको बाख्रापालनलाई जोड्न सकेका छौं । कृषि मार्फत ग्रामीण पर्यटनको सम्भावना देखेर गाउँमा होमस्टे (घरबास) कार्यक्रम संचालन गरेका छौँ । मैले फरक काम अनि ठूलो पक्कै गरेको छैन् । तर गाउँको ६० घरधुरी परिवारलाई निर्वाहमुखी कृषिबाट व्यवसायिक कृषिमा जोड्दै आर्थिक अवस्था सुधार्न केही हदसम्म सफल भएको छु । यो सफलता मेरो र गाउँलेको मात्रै हैन् । साना किसान लघुवित्त संस्था, इजरायल सरकार र लर्न एण्ड अर्न कार्यक्रमको हो ।



# टीकामायाको शक्ति बन्यो साना किसान कार्यक्रम

**टीकामाया**
**सफल किसान**

अप्ठ्यारो, अभाव र ठूला ठूला चुनौतीहरूको परिभाषा टीकामाया प्रजासँग जती बिरलै अरुसँग होलान । हरेक परिस्थतिमा अबिचलित भई जीवनसँग जुधेकी एक चेपाङ चेली हुन टीकामाया । २०४९ जेठ महिनामा चितवनको कोराक (हाल राप्ती न.पा. १२) मा चेपाङ परिवारमा माईली सन्तानको रुपमा जन्मेकी टिकामाया ६ बर्षकी हुँदा बुवा बित्नुभयो। बुवाको मृत्यु पश्चात आमाले निकै संघर्षका साथ एक दाई दुई भाई र तीन दीदी बहिनीलाई हुर्काउनु भयो। १६ वर्षमा उनको विवाह चितवन लोटन्ती सिद्धिका महेश प्रजासँग भयो। विवाह भएको ६ महिनापछि आमाको मृत्युले गर्दा दाइ अनि ४ भाई बहिनीको जीम्मेवारी टीकामायाको काँधमा आईपर्यो । उनका श्रीमान महेश प्रजा गरेको पर्सा, टाँडी तथा शक्तिखोर बजारको ज्याला मजदुरीको भरमा १५ जनाको परिवार पाल्न सहज भएन । सम्पत्तिको नाममा उनका श्रीमानको सिद्धि डाँडामा रहेको ६ कट्ठा पाखोबारी र बसोबासको लागि एक सानो झुपडी घर थियो । बिवाह भएको करिब २ बर्ष पछि १८ बर्षको उमेरमा पहिलो सन्तानको रुपमा उनले छोरोलाई जन्म दिइन्। छोराको जन्म पश्चात श्रीमान महेश डकर्मी काम गर्न धादिङ गए। एक्लै परेकी टीकामायाले परिवारको छाक टार्न समेत धौ धौ पर्‍यो । श्रीमान समेत साथ नहुँदाको निकै पीडाका दिनहरू बिताउनु भयो ।

करिब ३ वर्ष धादिङमा डकर्मीको काम गरेका महेशले बिदेश जाने योजना पनि नबनाएका होइनन् तर बाल बच्चाको मुख हेरेर उनी बिदेश जान सकेनन् । धादिङ बस्दा उनले कालिज पालन व्यवसाय देखेका थिए। फुर्सदको समयमा उनी कालिज फर्ममा गई कालिज पालन बारे जानकारी लिन थाले। अन्तत् आफ्नै गाउँमा परिवार सँगै बसेर कालिज पालन व्यवसाय सञ्चालन गर्ने योजना सहित केही पुँजी लिएर उनि गाउँ फर्किए। श्रीमान फर्किएकोमा टीकामाया खुसी सँगसँगै आधारभुत आवश्यकता नै पुरा गर्न नसकिने हो की भन्ने डर पनि असाध्य थियो। जे जस्तो भए पनि आफ्नो गाउँ मै केही गर्छु भनि फर्केका श्रीमानलाई पूर्ण रुपमा सहयोग गर्ने अठोट गरीन र सधैं हौसाला दिईरहिन्।

श्रीमानले कमाएर ल्याएको सानो पुँजीले कालिज पालन व्यवसायको २०७७ श्रावणमा फर्म निर्माण कार्य सुरुवात त भयो तर ठूलो लगानी गर्नको लागि पूँजी थिएन । दुर्गम ठाउँ, पिछडिएको समुदाय, वित्तीय पहुँच नभएकोले पुँजीको जोहो गर्नु त्यती सहज थिएन । केही समय पछि शक्तिखोर महिला साना किसान कृषि सहकारी संस्थाले सिद्धिमा कार्यक्षेत्र विस्तार गरे सँगै संस्थाका कर्मचारीहरू सहकारीको मर्म, सेवाहरू बुझाउन गाउँ जान थाले । टीकामायाले पनि कर्मचारीका कुराहरू सुन्न थालिन् । अन्तत

उनी २०७७ माघ १ गते संस्थाको सदस्य बनिन र सर्वप्रथम उनले २०७८ बैशाख ३ गते सामुहिक जमानीमा संस्थाबाट रु ५,०००।- कर्जा लिईन । सो रकमलाई उनले निर्माणधिन परियोजनामा नै लगानी गरेको जानकारी दिईन । शक्तिखोर महिला साना किसानबाट परियोजनाको निरिक्षण गरी २०७८ श्रावण २१ गते भएको ६ कट्ठा बारी धितो राखेर उनले संस्थाबाट रु ६ लाख लघु कर्जा प्राप्त गरिन । कर्जा प्राप्ती पश्चात योजना अनुसार उनलाई परियोजना निर्माण गर्न सहज भयो ।

फर्ममा संरचनाको निर्माण भैसकेपछि प्राप्त कर्जा रकमबाट उनले ३०० कालिजका चल्ला खरिद गरिन । बढो मेहनतका साथ सानो टहरो घरमा कालिजका चल्लाहरूलाई




आफ्नो सन्तान जस्तै हुर्काईन । हावा, हुरी, पानी असिनाबाट भित्ता समेत नभएको सानो छाप्रोमा ती चल्लाहरू जोगाउन त्यती सहज थिएन । अन्ततः करिब २९० चल्लाहरू हुर्कदै गए । हाल फर्ममा करिब १२० माउ ५० भाले रहेका छन । करिब १०० को हाराहारी कालिज उनले फर्मबाट नै बिक्रि गरिन । त्यसबाट करिब ३ लाख आम्दानी गरिन । हाल दैनिक औसतमा ५० वटा अण्डा उत्पादन भैरहेको छ । कालिजले फागुन देखि असारसम्म दैनिक अण्डा दिने गर्छ । यो पहिलो लट भएको कारण उत्पादीत अण्डा ह्याच गरी चल्ला निकालेर हुर्काउदा आगामी बर्षबाट राम्रो आम्दानी हुने टीकामायाको अपेक्षा छ ।

टीकामाया भन्छिन् साना किसान कार्यक्रम यहाँ भएकै कारण हामीले यो हिम्मत पायौं । उनि यति मै रोकिन्नन् वागमती प्रदेश सरकारले प्रवाह गरेको सहुलिएत कर्जा रु ५ लाख पाएपछि उनलाई व्याजको भारमा समेत सुविस्ता भयो । मासिक करिब ५ हजार रुपैया व्याज सहुलियतबाट बचत भइरहेको र सो रकमले छोरालाई चितवनको पर्सामा होस्टल राखेर पढाउन मद्धत पुगेको बताईन । साथै, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.बाट कृषि तथा पशुपालन व्यवसाय प्रवर्धन कार्यक्रम अन्तर्गत रु ३० हजार अनुदानस्वरुप प्राप्त रकम शक्तिखोर महिला साना किसान कृषि सहकारी संस्था लि.ले टीकामाया प्रजालाई उपलब्ध गरायो । सो रकम उनले फर्ममा नै तारजालीमा खर्च गरेको जानकारी गराइन् ।



उनले आफ्नो फर्मलाई महेश कृषि तथा पशपन्छी फर्मको नाममा दर्ता गरेकी छिन । एक कक्षा पनि नपढेकी टीकामायाले साना किसान सहकारी मार्फत संचालन भएको वित्तीय साक्षरता तालिम लिएकी छिन । अचेल गाउँका मान्छेहरूले आफुलाई गर्ने व्यवहार पनि फरक भएको महसुस हुने उनले बताईन । समुदायमा साना किसान कृषि सहकारीमा बस्नु पर्ने रहेछ, यो त हाम्रो लागि रहेछ भन्ने कुरा आफूले बुझेको र गाउँका दीदी बहिनिहरूलाई पनि भन्ने गरेको बताइन् ।

हाल व्यवसायको कुल पुँजी लागत करिब १५ लाख रहेको छ । अहिले भएको आम्दानी

समेत व्यवसायमा नै लगानी गरिरहेको उनले बताइन् । अहिले आफुलाई चल्ला ह्याच गर्ने मेसिनको निकै आवश्यकता रहको तर मेसिनको मुल्य बढी पर्ने भएको कारण आगामी बर्षसम्म मेसिन खरिदको लागि रकम बचत गरेरै छाड्ने उनले बताईन । उनका श्रीमान महेश प्रजा भन्छन्, पिछडिएको जाती भन्दै आफ्नो मानसिकतालाई सधै कमजोर बनायौं भने हामी सधैं पछि नै पर्छौं ।

निरन्तर मेहनत गरियो भने असंभव केही छैन । उनि अझै थप्छन साना किसान कार्यक्रम यहाँ नआएको भए म आज यहाँ हुनेनै थिईन । म सफल भै सकेको छैन तर म र मेरो श्रीमति भएर एउटा बाटो खनेका छौं । जुन बाटो खन्न साना किसान कार्यक्रमले हौसला, उर्जा र पुँजी दियो । यसरी नै संस्थाबाट सहयोग पाएको खण्डमा आगामी दिनहरूमा मेरो व्यवसाय अझै सफल हुने बताए । उनले आफ्नो योजना सुनाउँदै भने यो बर्ष करिब २००० भन्दा बढी अण्डा ह्याच गरी चल्ला उत्पादन गर्ने, १००० चल्ला बिक्री गर्ने, साथै १००० चल्ला पाल्ने, आगामी २ बर्ष भित्र होमस्टेको समेत स्थापना गरी चितवन वरपरका स्थानीय पर्यटक समेत आकर्षित गर्नेछु । करिब ५० चेपाङ परिवार रहेको सिद्धि टुँडिखेल टोलमा अधिकांश अशिक्षित छन । गाउँमा रहेको स्कुलमा ३ कक्षासम्म मात्र पढाई हुन्छ । बालबालिकाहरू स्कुल जानको लागि करिब २ घण्टा हिड्नु पर्ने बाध्यता छ । ७ कक्षा पढेका महेश र अक्षर नचिनेकी टीकामायाले आफ्नो छोरोलाई धेरै पढाउने रउनलाई सफल उद्यमी बन्नको लागि निरन्तर मेहनत र संघर्ष गर्ने वातावरण बनाउन लागेका जानकारी दिए । आफुहरू सहित छोरालाई आफ्नो समुदायमा एक सफल उद्यमीको रुपमा स्थापित गराई अन्य युवाहरूको लागि समेत प्रेरणा दिने लक्ष्य राखेका छन । अन्तमा टीकामाया प्रजा भन्नुहुन्छ साना किसान कृषि सहकारी संस्था लि. शक्तिखोर चितवन संस्थाका कर्मचारी र संचालक समिति तथा कर्मचारीहरूको एकदिन मेरो सानो घरमा वनभोज कार्यक्रम आयोजना गर्नु भएको थियो । त्यो कार्यक्रम साँच्चै हाम्रो लागि कुनै पर्व भन्दा कम थिएन । साना किसान हाम्रो परिवार हो । हामी साना किसान परिवार सदस्य हौं । साना किसानको हामी जस्तै मान्छेहरूको हितको लागि बनेको संगठन हो भनेर गाउँका सबै दीदी बहिनीहरूलाई सधैं सम्झाउनेछु, बुझाउनेछु आफुसँगै गाउँका दिदी बहिनी तथा दाजुभाइलाई गरिबीबाट मुक्ति दिलाउने अभियानमा अगुवा भई हिँड्नेछु ।



# मेरो इजरायल यात्रा

**सुनिल दाहाल**
उर्लावारी नपा वडा नं ९ मोरङ



नेपालमा कृषि तथा पशुपालन क्षेत्रमा रहेका प्रसस्त सम्भावनाहरूलाई पहिचान गर्दै मैले माहुरी पालनलाई व्यवसायका रुपमा अगाडि बढाईरहेको थिएँ । माहुरीबाट मह मात्र नभई अन्य विभिन्न औषधीजन्य उत्पादनहरू समेत गर्न सकिने भएपछि मैले माहुरी पालनलाई व्यवसायिक रुपमा अहिले पनि गरिरहेको छु । यस व्यवसायलाई विस्तार गर्दै व्यवसायीक उचाई हासिल गर्न मलाई साना किसान कृषि सहकारी संस्थामा परिवारको तर्फबाट सदस्य भएपछि धेरै सहज भयो ।

साना किसान कृषि सहकारी संस्था मार्फत सहुलियत कर्जा संगसंगै विभिन्न समयमा तालिम, प्रशिक्षण, अवलोकन भ्रमण लगाएतका अवसरहरूका कारण माहुरी पालन व्यवसायलाई विस्तारमा सहयोग पुगेको थियो । उत्पादनको विक्रिवितरणका लागि समेत धेरै समस्या थिएन । धेरै स्थानीय बजारमै खपत भइरहेको थियो भने कतिपय अवस्थामा विराटनगर, काठमाण्डौ लगाएतका बजारसम्म पनि पुग्ने गरेको थियो ।

व्यवसायलाई समय सापेक्ष परिवर्तन गर्दै विस्तार गर्दै अगाडि बढिरहेको समयमा वि सं २०७३ चैत्रमा साना किसान विकास वैंक मार्फत इजरायली राजदूतावासको सहयोगमा प्रशिक्षार्थीका रुपमा इजरायल जाने अवसर प्राप्त भयो । इजरायलमा ११ महिने तालिमका लागि जीवन ज्योती महिला साना किसान कृषि सहकारी संस्था उर्लावारीमा आवेदन दिई छनौट समेत पर्न सफल भएँ । इजरायली कृषि प्रविधिका बारेमा सुन्ने मात्र अवसर पाएको मैले इजरायलमै पुगेर सोही प्रविधिसंग काम गर्ने अवसर प्राप्त गर्न पाउनु मेरो जीवनको सबैभन्दा ठूलो सफलताको दिन थियो ।

म इजरायलको JORDAN VALLEY मा रहेको KINNERET COLLEGE का प्रतिनिधि OREN DAVID सम्मिलित अर्को छनौट प्रकृया पार गरी वि सं २०७४ भदौमा इजरायल प्रस्थान गरेको थिएँ । इजरायल जानु पूर्व नै मौरीपालन व्यवसायमा आवद्ध रहेकोले इजरायलमा पनि सोही विषयको अध्ययन गर्न पाए अझै सुनमा सुगन्ध हुने ध्येयका साथ मैले सोही अनुसार व्यवस्थापन मिलाई दिन अनुरोध गरेको थिएँ । मेरो आग्रहलाई स्वीकार गर्दै मलाई KIBBUTZ KINNERET, JORDAN VALLEY, ISREAL मा मौरीपालन फार्ममानै काम गर्ने व्यवस्था मिल्यो । नेपालमा भर्खर भित्रीएको आधुनिक घारमा मौरी पालन गर्ने प्रविधि भन्दा धेरै राम्रो र व्यवस्थित ढंगबाट मौरी पालन गरेको इजरायली प्रविधिसंग नजिक रहेर मैले ११ महिना तालिम लिने काम गरैं ।



इजरायलमा रहँदा मैले मौरी पालनका साथसाथै गाई फार्ममा पनि काम गर्थे । म त्यहाको मौरीपालन व्यवसायका व्यवस्थापक Mr. GAL KINNARTY को मेन्टरशीपमा रहेर धेरै कुराहरू सिक्ने अवसर पाएँ । नेपालमा मैले गरिहेको मौरीपालन व्यवसाय पनि आधुनिक मौरी घारमा नै थियो जुन उता पनि त्यहि नै थियो फरक भनेको त्यहाँ प्रयोग गरिने उपकरण तथा औजार थियो ।

सानो संख्यामा नेपालमा मौरी पालन व्यवसाय गरिरहेको मलाई इजरायलमा ठूलो संख्यामा रहेका घार र प्रयोग भएको विभिन्न प्रविधिले यस व्यवसायलाई अझै व्यवस्थित र निखारपन ल्याउन सहयोग पुग्यो । मैले नेपालमा ४० -५० घार मौरी पालन गरिरहेको थिएँ तर इजरायलमा ९०० घार मौरी रहेको फार्ममा मैले काम गर्न पाएँ ।

नेपालमा मौरीबाट मह मात्र विक्रिवितरण गरिरहेको मैले इजरायल पुगेपछि मात्र थाहा पाएँ मौरीबाट अरु धेरै कुराहरू पनि उत्पादन गरेर विक्रिवितरण गर्न सकिन्छ भन्ने । हामीले नेपालमा गर्ने व्यवसायमा कतिपय कुराहरू थाहा नपाएर र नजानेर धेरै कुराहरू गुमाईरहेका हुन्छौं । त्यहाको मौरीपालन व्यवसाय सञ्चालन गर्ने तरिका, मौरीबाट मह मात्र होइन मैन, कुट, शाहिखुराक तथा चोपहरू पनि प्रशोधन गरी आय आर्जन र्गन सकिन्छ भनेर थाहा पाएँ ।

इजरायल बसाईको ११ महिनाको अवधिमा



सिकेका मौरी पालनसंग सम्वन्धित सिप, ज्ञान र प्रविधिका बारेमा नेपाल फर्केर पूर्ण रुपमा लागुपर्ने जमर्को गरिरहेको छु। छिटो, छरितो र सहज ढंगबाट काम गर्न सकिने विभिन्न विधि र प्रविधि हुँदा हुँदै पनि हामी सानो लगानी गर्न डराएका कारण त्यो सहजताबाट बञ्चित भईरहेका छौं ।

त्यसैले अहिले म नेपाल फर्केपछि मौरीबाट उत्पादनहुने सबै कुराहरू उत्पादन गर्न थालेको छु । मेरो मौरी फार्ममा अहिले मह संगसंगै मैन, कुट, रोयल जेली, चोप लगाएतका उत्पादनहरू हुन थालेका छन् । अन्य साथीहरू ११ महिनाको तालिम पश्चात नेपाल फर्कीनु भयो भने मैले अर्को थप १२ महिना इजरायलमा प्रशिक्षार्थीका रुपमा बस्ने अवसर प्राप्त गरेँ ।

थप भएको ११ महिनाको अवधिमा मैले अझै मौरी पालन व्यवसाय र गाई पालन व्यवसाय बारे पढ्ने, बुझ्ने र अभ्यास गर्ने अवसर प्राप्त गरेँ । KINNERET COLLEGE को ११ महिने तालिम अवधिपश्चात् पुनः थप १२ महिना वस्ने



मौका मिल्यो र थप मौरीपालन र गाई फार्म साथसाथै अन्य खेती जस्तै डेट्स, केरा, एभोकार्डो को विषयमा पनि जानकारी पाँए ।

इजरायलवाट फर्किए पश्चात मैले मौरी व्यवसायमा थप नविन तरिकाहरू अपनाउदै आईरहेको छु । साथै मैले मौरीका घारको संख्या वृद्धि गरेर व्यवसाय विस्तारको काम पनि गर्दै आईरहेको छु। इजरायलबाट फर्केपछि पहिले मौरी पालन व्यवसाय मात्र गर्ने मैले आफ्नै मौरीका उत्पादनहरू विक्रिवितरण गर्ने पसल पनि सञ्चालनमा ल्याएको छु । आफ्नो उत्पादनको विक्रिवितरण र बजारीकरणका लागि आफै व्यवस्थापन गर्दै थप अन्य मौरी पालक किसान दाजुभाई तथा दिदिवहिनीहरूको उत्पादनलाई समेत बजारीकरण गर्न सहजता प्रदान गर्ने कार्य गर्दै आएको छु। व्यवसायलाई विस्तार गर्दै यसलाई अझै व्यवस्थित र आयआर्जन वृद्धिसंग जोड्ने गरी काम गर्ने सोचका साथ मौरीको बहुआयमीक अध्ययन केन्द्र समेत बनाउने तयारीका लागि काम गरिरहेको छु। अत्याधुनिक मौरी खर्क र मह प्रशोधन केन्द्र स्थापना गर्ने लक्ष्यका साथ अहिले काम भईरहेको छ। मैले इजरायलबाट फर्केपछि ४० घरमा सिमित मेरो मौरी पालन व्यवसायलाई विस्तार गरी १ सय २५ वटा मैरी घार बनाएको छु।

मौरीपालन व्यवसायबाट मात्र अहिले मैलै वार्षिक रु ७ लाख आम्दानी गर्दै आईरहेको छु। इजरायल जानुभन्दा पहिलेको काम प्रतिको लगाव र इजरायलमा सिकेको ज्ञान र सिपलाई मैले अहिले अन्य साथीहरूसं पनि साट्दै आईरहेको छु। विभिन्न पालिकाहरूमा मौरी पालन व्यवसाय गर्न इच्छुक किसान र संघसंस्थाहरूलाई यस बारेमा सहजकर्ता (स्रोत व्यक्ति) का रुपमा समेत मैले काम गर्दै आएको छु। स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका विभिन्न निकायहरूसंगको



सहकार्यमा समेत मैले विभिन्न काम गर्दै आईरहेको छु। साना किसान कृषि सहकारी संस्था र साना किसान विकास बैंक मार्फत प्राप्त सहयोगले मलाई सदैव उर्जा र हौसला बढाईरहेको छ। युवा पुस्तालाई नेपालमै काम गर्न सकिन्छ भन्ने गतिला उदाहरणहरू प्रस्तुत गर्न सके विदेश प्रति बढ्दो युवाहरूको आकर्षण घटाउँदै नेपालको अर्थतन्त्र सुधारमा समेत सहयोग पुग्ने देखिन्छ। साथै अहिले विभिन्न कृषि तथा पशुजन्य उत्पादनको आयत बढिरहेको अवस्थामा नेपालमै उत्पादन बढाउँदै बजारीकरणको राम्रो व्यवस्था गर्न सके बढ्दो युवा शक्ति पलायनलाई न्यूनीकरण गर्न सकिन्छ।



# होटलको कुक, मलेसियामा रोजगारी कतैबाट नमिलेको खुसी कृषिबाट पाएको छु

**ससिन कर्माचार्य**
प्रशिक्षार्थी

मकवानपुरको बज्रवारही कृषि उत्पादनको दृष्टिकोणबाट अत्यन्तै उर्वर भूमिका रुपमा रहेको छ। युवा उमेरमा कृषि पेशामा लाग्नुभन्दा बाहिरको काम गर्दा आम्दानी राम्रो हुन्छ भन्ने सोचले मलाई पनि गाउँ घरमै केही गर्न दिएन।

पढाईलाई निरन्तरता दिन नसकेपछि मैले केही समय होटलमा खाना पकाउने काम समेत गरेको थिएँ। करिव २ वर्ष होटलको कुकका रुपमा काम गरेपछि फेरी मेरो सोच बैदेशिक रोजगारीमा जाने भयो । राम्रो आम्दानी गर्ने उच्च अभिलासाका साथ म २०७० सालमा वैदेशिक रोजगारीको सिलसिलामा मलेसिया पुगेँ । मलेसियामा पनि सोचेजस्तो काम र आम्दानी गर्न सकिएन । मलेसिया पुगेर पनि राम्रो आम्दानी नभएपछि म २०७१ सालमा नेपालमै केही गर्ने सोचका साथ फर्किएँ।

धेरै तिरको काम र काममा मिलेको असफलता पछि मैले २०७२ सालमा कृषि पेशामा लाग्ने निधो गरेर सुरु पनि गरेँ। २०७२ सालमा करिव ८ आना जग्गामा २ वटा टनेल निर्माण गरि गोलभेडा खेती सुरु गरेँ। अन्यन्त्र हार खाईसकेको मलाई कृषि र गोलभेँडा खेतीबाट भने उत्साह र उर्जा थपिनेगरी आम्दानी भयो । आफ्नै घर छेउँको सम्भावना छाडेर धेरैतिर भौतारीएको मलाई गोलभेँडा खेतीले सम्भावनाको ढोका खुल्ला गरिदियो।

गोलभेँडा खेतीलाई अझै विस्तार गर्ने सोचका साथ मैले साना किसान कृषि सहकारी संस्थाबाट ७ लाख कर्जा लिएर कृषि फार्म दर्ता गरी व्यवसायलाई थप विस्तार गरेँ । व्यवसाय विस्तारसंगै मेरो फार्म ८ रोपनीको पुग्यो । कृषि पेशालाई व्यवस्थित र प्रविधिमा आधारीत बनाउँदै र विस्तार गर्दै गईरहेको थिएँ। मलाई अझै कृषिका बारेमा धेरै कुराको ज्ञान आवश्यक थियो । यो अवसरका लागि मैले आफ्नै र सहकारी संस्थाको पहलमा स्थानीयस्तरमा केही तालिम प्राप्त गरेको थिएँ । हाम्रो गाउँमा धेरै वर्षदेखि साना किसान कृषि सहकारी संस्थाले सेवा प्रवाह गर्दै आईरहेको थियो र हामी पनि संस्थाको सदस्य थियौं।

साना किसान कृषि सहकारी संस्थाको सदस्य परिवारलाई कृषि तथा पशुपन्छी सम्वन्धि अध्यन र अभ्यासका लागि इजरायल पठाईरहेको थियो। वि.स. २०७६ सालमा साना किसान कृषि सहकारी संस्था मार्फत म पनि इजरायल जाने अवसर मिल्यो। नेपालमा आफ्नै फार्म सञ्चालन गरिरहेको मैले इजरायलमा पुगेपछि बल्ल थाहा पाएँ कृषिमा प्रविधि कस्तो प्रयोग भइरहेको छ र कसरी गर्नुपर्छ भन्ने कुरा । इजरायलमा रहँदा





मैले विश्वमा विकास भएका नविनतम प्रविधिको प्रयोगका बारेमा जानकारी लिने अवसर मिल्यो ।

करिव १ वर्षको बसाइपछि नेपाल फर्केर मैले आफ्नो फार्मलाई अझै परिष्कृत र परिमार्जित गर्दै आफुलाई बढिभन्दा बढि प्रविधिमा आधारित कृषि व्यवसायीका रुपमा अगाडि बढाएँ । इजरायलबाट नेपाल फर्केसंगै ८ रोपनीको फार्मलाई विस्तार गरी १२ रोपनी बनाएको छु । यसमा इजरायली प्रविधि थोपा सिँचाईलाई विशेष जोड दिएको छ । कृषि व्यवसायलाई अझै विस्तार गर्दै जानेक्रममा २०७७ सालमा म जस्तै युवाहरूलाई एकीकृत गर्दै ४६ रोपनीको प्रविधियुक्त कृषि फार्म सञ्चालनमा ल्याएका छौं । ४ जना युवाहरूको सक्रियता र सहभागितामा इजरायलमा सिकेको सिपलाई व्यवहारमा कार्यन्वयन गर्दै अहिले ५० लाखको लगानीमा विभिन्न तरकारी उत्पादन गरिरहेका छौं ।

परम्परागत खेतीबाट रुपान्तरण हुँदै गरेको नेपालको खेती प्रणालीलाई प्रविधिसंग जोड्न मैले गरेको प्रयास सफल हुँदै गएकोमा खुसी लागेको छ । हामीहरूले गर्ने परम्परागत खेती प्रणालीभन्दा आधुनिक खेती प्रणाली धेरै सजिलो, लगानी कम आम्दानी बढि, उत्पादन बढि, व्यवस्थित उत्पादन लगाएतका कुराहरूमा सहज भएको छ । नेपालका अधिकासं कृषकहरू निर्वाहमुखी खेती गरिरहेका छन् । यसलाई रुपान्तरण गर्न स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले पनि चासो दिन आवश्यक छ । कृषि क्षेत्रमा लगानी बढाउने तर प्रविधि हस्तान्तरणको विषयमा ध्यान नदिने हो भने जति लगानी बढाएपनि कृषि तथा पशुपालन क्षेत्रको आमूल परिवर्तन सम्भव छैन ।

कृषि कर्मको अभ्यासमा रुपान्तरण गर्न सकिएन भने, सरकारले सञ्चालन गरेको कृषि मार्फत आर्थिक रुपान्तरणको अभियान र कार्यक्रमको प्रभाव धेरै ढिला देखिन सक्छ । आधुनिक प्रणाली र प्रविधिलाई अवलम्बन गर्न सक्ने हो भने कृषि मार्फत आर्थिक रुपान्तरण सम्भव छ । आधुनिक प्रणालीबाट खेती गर्दा विशेषतःउत्पादनमा वृद्धि भएको छ, श्रमको लागनी कम भएको छ, बेमौसमी तरकारी उत्पादन गर्न सकेका छौं । कतिपय अवस्थामा मौसव र भूगोलका कारण सम्भव नहुने कृषि उत्पादन समेत उत्पादन गर्न सक्नेगरी काम गर्न सकेका छौं । बेमौसमको तरकारीबाट मौसमी तरकारी भन्दा धेरै राम्रो मूल्य पाउन सकेका छौं । हामी युवाहरूले उच्च मनोवलका साथ जोस, जाँगर र ऊर्जासहित गरेको कृषि पेशलाई निरन्तरता दिन स्थानीय, प्रदेश र संघीय सरकार एवं विभिन्न सहयोगी निकायहरूको साथ सहयोग अपरिहार्य छ । युवाहरूलाई ऊर्जा थप्न सरकारले पनि ढिला गर्नु हुँदैन । यदी सरकारले कृषि तथा पशुपालन क्षेत्रमा लागेका युवाहरूलाई प्रोत्साहन गर्न सकेन भने भोली फेरी नेपालमा धेरै कृषि र पशुजन्य उत्पादनहरूको आयत बढाउनुको विकल्प छैन । कृषि र पशुपालन क्षेत्रमा आत्मनिर्भर बनाउन सरकारले पनि मल, बिउ, सिँचाई, सहुलियत कर्जा लगाएतका विषयमा ध्यान दिन आवश्यक छ ।





# कृषिमा केही गर्ने सोचलाई इजरायल यात्राले थप सहयोग पुग्यो

नविन जोशी
प्रशिक्षार्थी

ग्रामीण परिवेश कृषि र पशुपालनको परम्परागत अभ्यास यसैमा आधारित थियो मेरो परिवार । परिवारको आर्थिक अवस्था कमजोर रहेका कारण बुबा भारतका विभिन्न सहरमा रोजगारीका लागि जानुहुन्थ्यो । हामी मौसम अनुसारको खेतीपाती गर्दै पढाईलाई पनि संगसंगै अगाडि बढाइरहेका थियौं ।

हाम्रो परिवार म सानो हुँदै बसाई सरेर कैलाली झरेको थियो । अछाममा अभावै-अभावमा वितेका दिनहरू सुर्खेत झरेपछि थप संघर्षपूर्ण बने । नयाँ स्थानमा सबै नयाँ पनसंग समायोजनहुँदै हामीहरूले जीवन निर्वाहका लागि कैलालीमा पनि कृषि र पशुपालनलाई अंगालेका थियौं । घरको जेठो सन्तान भएकै कारण पनि कहिलेकाँही सानातिना घरायसी कामहरूमा आमा-बुवालाई सघाउने गर्थे । खेतीपाती गरेर बल्ल तल्ल ३ महिना साँझ विहानको छाक टार्न पुग्थ्यो ।

यही समस्याले गर्दा बुवा इन्डियाको मुम्बईमा कमाउनको लागी प्रदेसिनु भयो । त्यति बेला देखी नै मेरो जिम्मेवारी अझै बढेको थियो । घरको भैंसी पाल्ने तरकारी खेती गर्ने काममा ९ वर्षको उमेर देखि नै म संलग्न भएँ र कृषि तथा पशुपालन बारे राम्रोसँग बुझ्ने अवसर पनि पाएँ । कृषि प्रतिको लगाव बाल्यअवस्था देखी नै उच्च रहे पनी निर्वाहमुखी कृषिले गर्दा नभइ नहुने आवश्यकहरू पुरा गर्न धौ-धौ हुन्थ्यो ।

बिहान दुध बेच्न जाने, दिउँसो स्कुल जाने स्कुल बाट फर्किए पछि साँझ खेतबारी जोत्ने, विभिन्न वालीहरू लगाउने व्यवस्थापन गर्ने लगाएतका काम गर्दथें । घरको काम गरेर स्कुल जाने र स्कुलबाट आएपछि पनि घरको काम गर्ने नियमितता जस्तै थियो ।

घरको कामसंगै पढाईमा पनि अब्बल विधार्थीका रुपमा रहेको थिएँ । १७ वर्षको उमेरमा एस.एल.सी., फस्टडिभिजनमा उत्तिर्ण भएपछि कृषि कर्म छोडेर म उच्च शिक्षा हासिल गर्न धनगढी प्रस्थान गरे ।

पहिलेदेखि कृषिमा चासो राख्ने भएकाले भोली गएर कृषि पढ्नु पर्छ भन्ने ज्ञान मसंग नभएको हुदां अर्कै विषयमा उच्च शिक्षा हासिल गरे । देशमा शैक्षिक वेरोजगारहरूको संख्या बढिरहेको थियो । पढेलेखेका युवाहरू तेस्रो मुलुक पलायन भइरहेका थिए । पढाई पनि राम्रोसँग अगाडि बढिरहेको थियो । तर रोजगारीको अवसरहरू धेरै न्यून थिए । स्वदेशमै लगानी गरेर व्यवसाय गर्ने वातावरण पनि राम्रो थिएन ।

लगानीका लागि आर्थिक स्रोत जुटाउन धौ-धौ थियो । विदेशमा गएपनि सहज रुपमा आयआर्जन गर्न सक्ने सम्भावना कम थियो । यि सबै कुराहरूलाई मध्यनजर गर्दै थोरै लगानीमा भएपनि नेपालमै कृषि गर्ने अन्तिम टुङ्गो सहित म धनगढीबाट घर फर्कें । पहिलेदेखी गर्दै आएको परम्पारागत खेती प्रणालीलाई कसरी व्यवसायी

बनाउन सकिन्छ भन्ने बारेमा मैले योजना निर्माण गरेँ। योजना अनुसार व्यवसाय सुरु गर्ने तयारी पनि भयो। तर आर्थिक अभावका कारण सोचेजस्तो कृषि पेशा अगाडि बढाउन सकिरहेको थिईन।

मलाई कृषिलाई पेशाका रुपमा अगाडि बढाउँदै आफु स्वरोजगार हुने र स्थानीय युवाहरूलाई रोजगार बनाउने सोच पहिलेदेखीनै थियो। कृषि पेशा सुरुवात भएपनि प्रभावकारी रुपमा सञ्चालन हुन सकिरहेको थिएन। गाउँमा साना किसान कृषि सहकारी संस्था लि. ले विभिन्न सेवाहरू, तालिमहरू प्रदान गर्दै युवाहरूलाई कृषि र पशुपालनमा लाग्न प्रोत्साहन गरिरहेको थियो। साना किसान कृषि सहकारी संस्थाको हामी पनि

पनि प्राप्त भयो। आवश्यक सबै प्रक्रियाहरू पुरा गरेपछि म २०१६ मा इजरायलको सेदोत नेगेभ एग्रीकल्चर ट्रेनिङ सेन्टरमा कृषि तालिम लिन जाने अवसर पाएँ।

इजरायलमा ११ महिना बसेर संसारकै नमुना प्रविधिसंग साक्षत हुँदै कृषि उत्पादन र उत्पादकत्व कसरी बढाउन सकिन्छ भन्ने बारेमा जानकारी लिने मौका मिल्यो। मैले इजरायलमा रहँदा धेरै कृषि प्रविधिका बारेमा जान्ने र सिक्ने काम गरेँ। इजरायलमा बसेर मैले सिकेको सिप र प्रविधिलाई नेपालमा प्रयोग गर्ने सोचका साथ म ११ महिने तालिम पुरा गरि नेपाल फर्कीए।

नेपाल फर्कीए लगत्तै मैले साना किसान विकास



सदस्य भएको थियो। संस्थासंग केही कारोबार पनि सुरु भएको थियो। यसैक्रममा साना किसान कृषि सहकारीका परिवारका सदस्यहरूलाई इजरायलमा कृषि सिक्न कृषि प्रशिक्षार्थीका रुपमा पठाउने कार्यक्रम चलिरहेको थियो। हामी सदस्य रहेको संस्था पनि यसका लागि योग्य संस्था भईसकेको थियो।

संस्था मार्फत इजरायलमा कृषि प्रशिक्षार्थीका रुपमा जान इच्छुक रहेको निवेदन पेश गरी सबै प्रक्रियामा सहभागि हुँदै छनौटमा पर्ने अवसर

बैंक मार्फत केही सहयोग लिएँ र इजरायलमा काम गर्दै पढ्दै गर्दाको आम्दानीबाट व्यवसाय सुरु गरेँ। साना किसान सहकारीले उपलब्ध गराएको कर्जा लिएर इजरायलमा सिकेको ज्ञान र सिपलाई आफ्नो गाउँ ठाउँका प्रयोग गर्न थालेँ। मैले इजरायलमा सिकेको सिपका बारेमा अरु किसानहरूलाई पनि सिकाउँदै आफुपनि इजरायली प्रविधिमा आधारीत ग्रिन हाउस भित्र सिचाई प्रयोग गरी व्यावसयिक कृषिको सुरुवात गरे।

तरकारी खेती गर्दा आवश्यक पर्ने रसायनिक



मलको अभाव हुन थाल्यो । चौतर्फी रसायनियक मलको अभाव बढ्दै गएपछि मैले आफै कम्पोष्ट मल बनाउन थालैं । आफै कम्पोष्ट मल बनाएर आफ्नो फार्ममा आवश्यक पर्ने मलको व्यवस्था गर्न थालेपछि मैले विषादी रहित उत्पादनमा जोड दिन थालैं । विषादी रहित तरकारी आमभोक्ताको भान्सामा पुऱ्याउनु पर्छ सोचेर भैंसी पालन आयोजना सुरुगरैं ।

१० वटा भैंसीबाट सुरु गरेको व्यावसाय २५ वटा माउभैंसी सम्म पुऱ्याई दैनिक २०० लिटर दुध बजारमा विक्री गर्न थालैं । भैंसीको लागि आवश्यक दाना, परालहरू समयमा नपाउने समस्याले गर्दा मैले अर्को योजना धान र गहुँको बीउ उत्पादन गर्ने योजना सुरु गरैं । जुन योजनाले मेरो भैंसीको लागि पराल भुस्सा पनि हुने, किसानहरूका लागि गुणस्तरीय बिउ पनि हुने वातावरणको विकास भयो । यस काममा प्रत्यक्ष रुपमा ६ जना ले रोजगारी पाएका छन ।

सबै आयोजनाको बजारीकरण गर्नका लागि थप दुइ जनाले रोजगारी पाएका छन् । यसै गरी मैले गरेको कृषि व्यावसायमा ५० लाख भन्दा बढी लगानी भईसकेको छ । अहिले मैले वार्षिक आम्दानी करिव ५० लाखको हाराहारीमा गर्न सक्ने भइसकेको छु । जसबाट सबै खर्च कटाएर बार्षिक रुपमा १२ लाख नाफा हुने गर्दछ । सबै आयोजना संचालन गर्दा करिब ४०-५० जनाले अप्रत्यक्ष रुपमा रोजगारी पाएका छन् ।

कृषिसंगको लामो सम्वन्ध, अठोट, विश्वास र इजरायलमा पुगेर आर्जन गरेको ज्ञान, सिप र प्रविधि बारेको जानकारीले मलाई कृषि तथा पशुपालनमा लाग्न प्रेरीत गरेको छ । युवाहरूलाई देशमै स्वरोजगार बनाउने वातावरणको विकास गर्न सके युवा शक्ति विदेश पलायन हुने क्रममा केही कमी आउने देखिन्छ । युवाहरूलाई कृषि र पशुपालनका क्षेत्रमा काम गर्न प्रोत्साहन गर्ने गरी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले पनि भूमिका निर्वाह गर्न आवश्यक छ ।



# इजरायलबाट फर्केपछि व्यवसायमा थप सफलता मिल्यो

सिर्जना थारू
श्रृजनशील मतसयपालन फार्म, शुद्धोधन गा.पा.७ रुपन्देही



गरिबीको रेखामुनी रहेको मेरो घरपरिवार पारिवारीक आवश्यकता परिपुर्ती गर्न पहिले देखीनै माछा पालन व्यवसायमा संलग्न थियो । हामी सानो छँदा देखीनै माछा पालन व्यवसाय थियो जुन परम्परागत रुपमा गरिएको थियो । माछा पोखरीको विस्तार गर्न सकिएको थिएन । जेनतेन परिवारको खर्च चलिरहेको थियो त्यसैले पनि यो व्यवसायलाई व्यवसायीक रुपमा अगाडि बढाउन थप ऋण लिएर जोखिम मोल्न मेरो परिवारले चाहेको थिएन । माछा पालन र अन्य विभिन्न व्यवसायबाट भएको थोरै-थोरै आम्दानीबाट हाम्रो पढाईखर्चको जोहो गर्नुपर्ने अवस्था थियो ।

परिवारको जेठो छोरी रहेका कारण मैले कहिलेकाँही फुर्सदको समयमा बुवा आमालाई व्यवसायमा साथ दिँदै आएको थिएँ । यसो गर्दा मलाई पनि माछा पालनबारे केही कुरा थाहा भईसकेको थियो । आधिकारिक रूपमा दर्ता नभई सञ्चालन गरेको सानो फार्मलाई इजरायल गएर फर्केपछि औपचारीक रुपमा दर्ता गरेर व्यावसायिक फार्मका रुपमा विस्तार गरेकी छु ।

रुपन्देही जिल्लाको शुद्धोधन गाउँपालिका वार्ड नं.७ मा श्रृजनशील मत्स्यपालन फार्म अहिले माछासंगै अन्य उत्पादनका लागिसमेत उपयोग गर्दै एकीकृत फार्मका रुपमा विकास भएको छ । म २०७२ सालमा मानमटेरिया साना किसान सहकारी संस्था लि. बाट छनौट भएर साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को सहजिकरण र इजरायली राजदूताबासको सहयोगमा इजरायल पुग्ने अवसर प्राप्त गरेको थिएँ ।

इजरायलमा ११ महिनाको लर्न एण्ड अर्न कार्यक्रम मार्फत प्रशिर्थीका रुपमा काम गर्दा धेरै कुराहरू सिक्ने अवसर मिल्यो । सानो र परम्परागत हाम्रो घरको माछा फार्मलाई नेपाल फर्केसंगै विस्तार गर्दै व्यवसायीक रुपमा अगाडि बढाउन सुरु गरेँ । सिर्जनशील मत्स्य पालन फार्म दर्ता गर्नु भन्दा अघि र इजरायाल जानुभन्दा पहिले म केवल एउटा बिद्यार्थी मात्र थिएँ । मेरो घरमा आर्थिक उपार्जन गर्ने बाबाबाहेक अरु कोही पनि थिएन ।

म घरको सबै भन्दा ठूलो सन्तान छोरी थिए । कहिले काँहि म यो छोरीको ठाउँमा यदि छोरा भएको भए कामउन जान्थे होला कमाएर बाबा आमालाई सहयोग हुन्थ्यो होला भन्ने लाग्थ्यो । बाबाको एक्लो आम्दानीबाट म लगाएत भाई बहिनीलाई पढाउन धौधौ हुन्थ्यो । म छोरी हुँ म कसरी घरबाट बाहिर निस्केर काम गर्ने यो कुराहरू सल्लाह दिने कोहि थिएनन् । कुनै पनि व्यवसाय गर्दा आर्थिक सर्पोट थिएन ।

कुनै सिप, ज्ञान थिएन हिसाब किताब नाफा नोक्सन कसरी निकाल्ने त्यो ज्ञान थिएन । कुन व्यवासय गर्दा कसरी कुन तरिकाले जाँदा बढी मात्रमा नाफा लिन सकिन्छ भन्ने बारेमा ज्ञान थिएन । त्यस्तै घरबाट सुरुवात गर्नको लागि आर्थिक अवस्था

पनि राम्रो थिएन । भाई, बहिनी, बाबा, आमा, असिक्षित लगानी गर्न डराउनु हुन्थ्यो । लगानी गर्दा पैसा डुब्छ भन्ने डर थियो । हुन पनि हो यस्ता कति घटनाहरू भईरहेका पनि थिए । त्यसैले यी विविध कारणले गर्दा मैले सहि निर्णय र आँट ल्याउन सकिरहेकी थिइनँ । पहिला बैंकबाट कृषिको लागि कर्जा (Lone) लिन पाइन्छ अथवा दिइन्छ भन्ने बारेमा जानकारी पनि थिएन ।

वि.स. २०७२ साल यानिकी २०१४-२०१५ मा इजरायालबाट फर्केर आएपछि ११ महिनाको तालिमबाट धेरै कुराहरू सिकेको थिएँ । इजरायालमा मैले समयको महत्वका बारेमा बुझ्ने अवसर पाएको थिएँ । व्यवासय कसरी गर्दा नाँफा बढी लिन सकिन्छ भन्ने बारेमा पनि मैले इजरायलमा सिक्ने मौका पाएको थिएँ । इजरायालमा १२ घण्टाको डिउटीमा ३० मिनेट मात्र खाजा खानाको लागि छुट्टि हुन्थ्यो । इजरायलमा काम गर्दा आफ्नो काममा केन्द्रीत भए कसरी सफल हुन सकिन्छ भन्ने बारेमा राम्रोसंग बुझ्ने अवसर मिल्यो । जब म इजरायलबाट फर्कें तब २ बिघाहाको नयाँ पोखरी निर्माण गरी सात जातको माछा को भुरा राखेर परम्परागत व्यवसायलाई नयाँ रुप दिन सुरु गरेँ । नियामित दिनको ३ पटक दाना दिन थाले जसरी इजरायालमा ३० मिनेट मात्रै आराम गर्ने गर्थे त्यसरीनै याहाँ पनि नेपालमा आफ्नो फर्ममा नियामित ३० मिनेट मात्र अराम गर्ने अरु बाँकी समय फार्ममा बिताउने काम गरेँ ।

सुरुमा ११ (एघारा लाख) देखि सुरुवात गरे पोखरी निर्माण देखी लिएर माछाको भुरा, दाना, खाद, घाँस कामदार यी बस्तुहरू जुटाएर सुरुवात गर्दै जाँदा सुरुको बर्षमा ११ (एघारा लाख) नाफा भयो । जतिबेला ११ लाख नाफा कमाउन सफल भएँ तब लाग्यो अब माछा पालनलाई अझै विस्तार गर्दै जानुपर्छ । ११ लाख आम्दानी गर्दा म त खुशी थिएँ नै परिवारमा पनि एउटा अनौठो किसिमको उमङ्ग र हिम्मत आयो । तेसरी नै हरेकसाल त्यहि लेबलमा नाफा हुँदै गएपछि अचानक मनमा अर्कै ठूलो उद्यमी बन्ने आँट र विश्वास पनि बढ्दै गयो । वि.स. २०७७ सालमा साना किसान कृषि सहकारी सस्थाबाट लघुउद्यम कर्जाको लागि सिफारिस भएपछि म पनि घरपरिवारको सल्लाह अनुसार लाघुउद्यम कर्जा लिएर व्यवसाय






विस्तारमा लागेँ । लघुउद्यम कर्जाको ४५ लाख पाएपछि १ बिघा जग्गाको पोखरी लिजमा लिएर २० लाख आफ्नो थप गरी ६५ लाखको लगानीमा व्यवस्थित माछा पालन व्यवसाय गर्न थालेँ। अहिले बर्षाको ४ लट माछा बेचेर अम्दानी लिदै आई रहेको छु। मेरो माछा फार्ममा ७ जातको माछा रहेका छन्। रोहु कार्प, नैनी कार्प, ग्रास कार्प, बिघेट कार्प, सिल्वर कार्प, कामन कार्प, तिलापीया कार्प, यीनी माछाहरू हुर्किदै आइरहेका छन्।

यसरी नै विभिन्न समस्या र दुःख पार गर्दै यो मेरो व्यवासयलाई यहाँ सम्म राम्रो बनाउन सफल भएको छु। अहिले हाम्रो परिवारमा सबैजना मलाई सहयोग गर्नुहुन्छ। लिएको कार्ज पनि यसैबाट तिर्न सकेको छु। व्याज र साँवा थोरै धेरै गरेर तिर्दै आइरहेको छु। मेरो बहिनी र भाइलाई पनि राम्रो शिक्षा दिन सफल भएको छु। मैले अहिले एक लटमा १८ क्वन्टल देखि २० क्वन्टलसम्म माछ बेच्ने गरेको छु। पोखरीमा उत्पादन भएको माछाको बजारीकरणका लागि कुनै समस्या छैन। रुपन्देही, पल्पा, काठमण्डौ, गुल्मी लगाएतका बजारमा माछाको बिक्री वितरण गर्न सकिएको छ।

मैले यो बर्षा न्यूनतम ९०,०००,००।- (नब्बे लाखको) माछा बेच्न सफल भएको छु। जसमा लगाएको लगानी कटाएर २५,०००,००।- (पच्चिस लाख) सम्म आम्दानी भएको छ। विगत ७ वर्षदेखि राम्रो माछा व्यवसाय हुन थालेको छ। नाँफा नोक्सान कसरी छुट्याउने हिसाब किताब कसरी राख्ने भन्ने बिषयमा तालिम लिएपछि मलाई थप सहयोग पुगेको छ। अहिले म रुपन्देही जिल्लामा मात्र हैन नेपालका धेरै स्थानमा युवा महिला उघामीको रुपमा चिनाएको छु। नेपाल सरकारले यस क्षेत्रलाई माछा सुपर जोनका रुपमा घोषणा गरेर कार्यक्रम अगाडि बढाएको छ। माछा सुपर जोन शुद्धोधन गा.पा.भित्र पर्ने माछा व्यवसायिहरूको अध्यक्ष (संयोजक) समेत रहेर मैले भूमिका निर्वाह गर्दै आईरहकी छु। पछिल्लो समय म आफु व्यवसायी मात्र नभई विभिन्न नयाँ व्यवसाय सुरु गर्ने व्यवसायीहरूका लागि तालिम प्रदान गर्ने काम समेत गर्दै आएको छु।



अहिले विभिन्न स्थानयि तह, प्रदेश र संघसंस्थाहरू मार्फत मैले १ सय ५० जना कुर्षकलाई माछा पालन व्यावसय सम्बन्धि तालिममा सहजिकरण गरिरहेको छु। निरन्तरको लगाव, पारिवारीक साथ सहयोग, केही गर्ने मनमा रहेको अठोटका कारण आज माछा पालन व्यवसायलाई यो अवस्थासम्म ल्याउन सफल भएकी छु। आगामी दिनमा पनि सबैको साथ सहयोग र हौसला प्राप्त गर्न सके माछा पालन व्यवसायलाई अझै व्यवस्थित र विस्तार गर्दै जाने सोचका साथ काम भईरहेको छ।



# इजरायल पुगेर अंकुराएको कृषिप्रतिको मेरो विश्वास

युद्ध न्यौपाने

जतिवेला म स्कुल पढ्थें त्यो समय मलाई कृषिप्रति कुनै आकर्षण थिएन । युवाहरू पढेलेखेपछि कृषि भन्दा पनि अन्य पेशा, व्यवसायमा लाग्नुपर्छ भन्ने सोच राखेर मैले पनि सोहीअनुसार नै आफूलाई अगाडि बढाउने प्रयास गरिरहेको थिएँ । नेपालमा केही राम्रो अवसर पाउनेबाहेक धेरै युवाहरू कुनै न कुनै रुपमा तेस्रो मुलुकका लागि तयारी गरिरहेका थिए ।

मलाई पनि विदेशको आकर्षणले छोइसकेको थियो । विदेशमा पुगेपछि राम्रो आम्दानी हुन्छ । सजिलो काम पाईन्छ । नेपालमा जस्तो दुःख हुँदैन यस्तै-यस्तै सोचले मलाई पनि सन् २००४ मा सिङ्गापुर पुर्‍यायो । सीङ्गापुर जति वाहिरबाट हेर्दा आकर्षक र सपनाको शहर जस्तो छ भित्रका कथा व्यथा फरक छन् । म लामो समय सीङ्गापुर बस्न सकिन र नेपालमै फर्कने निर्णय गरेँ ।

धेरै रकम खर्चेर सीङ्गापुर पुगेको म नेपाल फर्केपछि के गर्ने भन्ने कुनै योजना त थिएन तर पनि नेपाल फर्कें । आर्थिक रुपमा परिवारमा ठूलो क्षती भयो । सोचजस्तो विदेशमा नभएपछि नेपाल फर्केर मैले गाउँकै स्कुलको नजिकमा स्टेसनरीपसल सञ्चालन गरेँ । मलाई खुसी राख्न मेरा बुवा आमा विहान ४ बजे देखी साँझ ८ बजेसम्म कृषि पेशामा तल्लीन हुनुहुन्थ्यो ।

कुनै दिन फुर्सद भएको बेलामा बुवा आमाले काम लगाउँदा पनि म मन लगाएर कृषिमा उहाँहरूलाई साथ सहयोग गर्न सकिरहेको थिईन । विदेश गयर फर्कनु परेकोमा मलाई आफैप्रति गुनासो थियो । यो गुनासोको उचित सम्बोधन गर्ने उपाय सोच्नु र खोज्नुनै मेरो दिनचर्य भईरहेको थियो । मेरो जीवनको घुम्ती र मोडहरूमा सबैभन्दा महत्वपूर्ण र रुपान्तरणकारी मोड सन् २०१३ मा आयो ।

तत्कालिन समयको (साना किसान विकास बैंक) हालको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले साना किसान परिवारका युवाहरूलाई लर्न एण्ड अर्न कार्यक्रममार्फत इजरायल कृषि प्रशिक्षार्थीका रुपमा पठाउने कार्यक्रममा म छनौट भएसंगै विदेशको असफलता, देशमै केही गर्नैं आँट मरिसकेको मलाई केही ऊर्जा थप्यो । इजरायली दुतावासको सहयोगमा साना किसानका सदस्यका छोराछोरीहरूलाई इजरायलमा लर्न एण्ड अर्न कार्यक्रममा म पनि निःशुल्क इजरायल पुग्ने अवसर मिल्नु ठूलो उपलब्धि थियो ।

इजरायल गएर कृषि सिकेर नेपाल फर्किएपछि कृषि कर्म गर्छु भन्दा पनि केहि पैसा कमाएर ल्याउँछु र विदेश पनि घुम्न पाउने आशाले म इजरायल पुगेको थिएँ । अन्तत नेपालका विभिन्न जिल्लाका साना किसान परिवारका युवाहरू इजरायल जाने प्रक्रिया सुरु भयो । इजरायली राजदूतावास र नेपाल सरकार एंव साना किसान विकास बैंक र संस्थाहरूको सबै आवश्यक कुराहरू पुरागर्दै हामी इजरायलका लागि उड्यौं । यात्रामा लागेको थकान

त्यसमा पनि मध्यरातमा इजरायलको भुमिमा टेकियो र मलाई एकजना इजरायली किसानले आफ्नो घरमा लगेर राख्नुभयो। धेरै लामो हवाई यात्राका कारण शरिरमा थकाई थियो र त्यसमा पनि मध्यरात भएको हुँदा हामी बस्ने कोठामा पुगेर थकाई मार्दा भोली पल्ट विहान ११ बजेछ।

उठेर ढोका खोली बाहिर निस्किदा म आचाश्चर्यमा परेँ, अत्याधिक तातो खाली आँखाले हेर्न नसक्ने कस्तो ठाउँमा आइपुगिएछ भनेर आफ्नो टाउँकोमा आफैले हाँने। मलाई पठाउन सहयोग गर्ने संस्था व्यक्ति लगायतलाई मन मनै गालि पनि गरियो। इजरायल बाट फर्कने सोच पनि नपलाएको हैन। एक पटक विदेशबाट फर्किएर सम्पत्ति डुवाएको व्यक्ति फेरी फर्किएँ भने समाजले के भन्ला भन्दै त्यो दिनलाई मन बुझाएँ।

दिउँसोको एक बजे मलाई अघिल्लो दिन लिन आउने व्यक्ति आएर खानको लागि आवश्यक सामग्रीको बन्दोवस्त गराईदिनुभयो। अर्कोदिन विहान ५ बजे काममा जानको लागि उहाँले नै सुझाउनुभयो। भोली पल्ट विहान ५ बजे तयार भएर बसेँ। उहाँ आएर हामीलाई आफ्नो फार्ममा लैजानुभयो। फार्ममा पुगेपछि म दंग परेँ कृषि यस्तो पनि हुँदो रहेछ, कृषक हरू यस्ता पनि हुँदारहेछन्। ठूला-ठूला नेटहाउस लाईनबद्ध गरेर रोपिएको भेँडे खुर्सानी र गोलभेडाको बोट प्रत्येक लाइनमा २-२ वटा विरुवाको फेदमा पानी चुहिने पाईप, फलाम र जिआई पाइपको टेको वा डोरीको थाक्रो ठूलो पानी ट्यांकी हेरेर दंग परेँ। अरु १५-१६ जना कामदारहरू र मलाई पनि खुर्सानीको मुन्टा भाच्ने काम लगाई त्यहि काम गरेर दिनभर मनमा कुरा मात्र खेली रह्यो। मनमा प्रश्नका चाङ तयार भए। पहिलो दिन त्यसमा पनि मेरो टुटे फुटेको अंग्रेजी भाषा मैले कसैसंग केहि पनि सोधिन। हप्तामा ५ दिन फार्ममा काम एक



दिन कलेज। समयक्रमसंगै म र मसंगै नेपालबाट गएका साथीहरू विस्तारै यो वातावरणमा घुलमिल हुँदै गयौँ। मनमा नेपाल फर्किएर कृषिमा केहि गर्छु र आफुलाई सबैले चिन्ने बन्छु भन्ने कुरा मेरो मनमा परि सकेको थियो। कृषकसंग त्यस फार्ममा ४-५ वर्ष अघि देखी कामगरिरहेका कामदारसंग र आफुलाई लागेका कुराहरू लाज नमानी सोध्न थालेँ। इजरायल बस्दा कृषि के हो भन्ने सिकेँ। कृषि किन भन्ने सिकेँ। कृषि कसले गर्नुपर्छ भन्ने सिकेँ। प्रविधिको प्रयोग, विरुवाको खाना, स्याहार सुसार, रोग किरा नियन्त्रण जस्ता कुराहरूको ज्ञान हासिल पनि भयो र ११ महिनाको बसाई पुरा गरि नेपाल फर्किएँ।

नेपाल आएपछि करिब १५-१६ रोपनी जमिन त्यसमा पनि खुल्ला खेतीबाट कृषि कर्म अगाडि बढाउँदै गएँ। करिव ६ महिना पश्चात ३ वटा बाँसको टनेल हालेर खेतीको सुरु गरेँ। मेरो कृषि फर्मले विस्तारै राम्रो आम्दानी गर्न थाल्यो। त्यसपछि करिव ६ रोपनी जमिनमा फलामको टनेलको साथमा थोपा सिंचाई गरेर खेती सुरु गरेँ। खेतीबाट सोचेजस्तो आम्दानी हुन थालेपछि खेती गर्ने जमिन समेत जोडेँ साथै नयाँ नयाँ प्रविधि युक्त ग्रीनहाउस, नेटहाउस पनि निर्माण गरें।

हाल मेरो कृषि फार्म ६० रोपनी क्षेत्रफलमा फैलीएको छ। १५ रोपनी जमिनमा आधुनिक ग्रीन हाउस र अरु जमिनमा खुल्ला खेती गरिरहेको छु।



मेरो ८ वर्षको कृषिको यात्रामा मलाई समाजले हेर्ने नजर परिवर्तन भएको छ। मेरो आर्थिक अवस्था सवल हुँदै गएको देखेर मेरो वरिपरिका धेरै युवाहरू म जस्तै गरि कृषि कर्ममा लागि रहुनुभएको छ।

मेरो फार्ममा हाल ५ जना पूर्णकालीन कामदार र परिवारको सदस्य ५ जना गरि दैनिक १० जना सकृय छौं भने अन्य दैनिक ज्यालादारीका कामदारलाई पनि आवश्य परेको बेलामा काममा लगाउने गरेको छु। मेरो ८ वर्षको व्यावसायिक कृषिको अनुभवले के भन्छ भने कृषि युवाले गर्नु पर्दछ। कृषि पढेलेखेका र लगानी गर्न सक्नेले गर्नुपर्दछ। यस वर्ष मात्र मैले नेपाल सरकारकाले प्रदान गरेको विभिन्न कृषि पुरस्कार प्राप्त गरेको छु।

अन्त्यमा इजरायलको कृषि तालिमले नै मेरो जिवनको ढोका खोलीदिएको छ यसका लागि इजारयल पठाउन सहयोग गर्ने व्यक्तिहरूलाई धन्यवाद दिन चाहन्छु। प्रविधिको प्रयोग गर्दै बजार बुझेर ठूलो मात्रामा कृषि गर्न सकियो भने सामान्य कमाई गर्न विदेश जानु पर्दैन र आफ्नै देशमा आफ्नो परिवार संगसंगै बसेर खुसीका साथ जीवन जिउन सकिने छ।



# इजरायलमा अभ्यास र नेपालमा उद्यम
# साना किसान सहकारीमार्फत मेरो कृषि उद्यम

भोज बहादुर तामाङ्ग
माछापुच्छ्रे गाउँपालिका-४, कास्की ।



मेरो बुबा धनलाल तामाङ्ग र आमा यममाया तामाङ्ग कास्की जिल्लाको साविकको ल्वाङघलेल गा.वि.स.को स्थायी बासिन्दा हुनुहुन्थ्यो । ल्वाङ्गघलेलमा रहेको जग्गाले आफ्नो जिविकोपार्जन चलाउन अप्ठ्यारो भएपछि साविकको लाहाचोक गा.वि.स.को मर्दीखोलामा बसाई सरेर आउनु भयो ।

मेरो परिवारमा दाजुभाई, दिदीबहिनी आमाबुबा सहित ९ जना थियौं । ठूलो परिवार भएपछि मेरो बुबा आमालाई बालबच्चा पाल्न र घरखर्च चलाउन गाह्रो भएपछि हाम्रो परिवार २०४७ सालमा अहिले मेरो घर भएको स्थान लाहाचोक, अर्मलामा वसाई सर्नु परेको थियो । यहाँ घाँसे जंगल धेरै भएको र वस्ती पनि कम भएको कारण पशुपालन र कृषि गर्न उपयुक्त थियो ।

वस्ती भन्दा अलिक टाढा भएकै कारण हाम्रो घरभन्दा स्कुल नजिक थिएन । हामीहरूलाई घरबाट १ घण्टा ओरालो बाटो हिडेर स्कुल जानु पर्ने अवस्था थियो । औपचारिक शिक्षाका रुपमा मैले वुवा आमालाई कृषि र पशुपालनमा सघाउँदै १७ वर्षको उमेरमा लाहाचोकको महेन्द्र माद्यामिक विद्यालयबाट एसएलसी र त्यसपछि १०+२ उत्तीर्ण गरेँ । उच्च शिक्षा अध्ययन गर्न शहर बसेर पढ्ने स्रोतको अभावकाबीच व्यवहारीक ज्ञान पनि हुने र रोजगारी पनि पाउन सजिलो हुने भएपछि मैले पोखरामा ३ महिने होटल व्यवस्थापन तालिम लिएँ । उक्त तालिम सकिए लगत्तै पोखराको पाँचतारे होटलमा वेटर पदमा रोजगारीको अवसर पाएर यतै काम गर्न थालियो । त्यो समयमा होटलको तलब पनि सन्तोषजनक नै थियो । तर, मलाई आफ्नै स्वामित्व र व्यवस्थापनमा व्यवसाय सञ्चालन गर्ने चाहना थियो ।

होटल व्यवस्थापनको तालिम र होटलको कामले मलाई होटल सम्वन्धि धेरै ज्ञान भईसकेको थियो । जसको फलस्वरुप आफ्नै पेशा व्यवसाय गर्ने मेरो सपनालाई सार्थकतामा परिणत गर्दै मैले होटलको रोजगारी छाडेर पोखराको फिर्केमा आफ्नै रेष्टुरेण्ट व्यवसाय सुरु गरेँ । सुरुवाती लगानी रु.३ लाखमा सुरु गरेको रेष्टुरेण्ट व्यवसायबाट अपेक्षित आम्दानी गर्न सकिएन । रेष्टुरेण्ट व्यवसायबाट राम्रो आम्दानी गर्न नसकेपछि यस व्यवसायबाट हात झिकेर वैदेशिक रोजगारीको तयारीमा लागेँ । विदेशमा राम्रो रोजगारी र आम्दानी हुने देश खोज्दै जाँदा कुवेत जाने निधो गरियो । यो समय म जस्तै धेरै युवाहरू वैदेशिक रोजगारीका लागि तेस्रो मुलुक जानेक्रम बढिनै रहेको थियो ।

२ लाख खर्च गरेर बैदेशिक रोजगारीको लागि कुबेत गएँ । त्यहाँ मेरो काम रेष्टुरेण्टमा नै थियो । १० महिना कुवेतमा बसेपछि त्यहाँ पनि मलाई उपयुक्त लागेन, अनि नेपाल फर्किएँ । नेपालमै केही गर्ने मेरो पहिले देखीकै सोचलाई सार्थकतामा परिणत गर्न मैले नेपालमा विभिन्न क्षेत्रको बारेमा

लाहाचोकको लागि जम्मा ४ जनाको कोटा रहेछ । गोलाप्रथाबाट म पनि छनौट भएँ । साह्रै उत्साही हुँदै साना किसान विकास बैंकको छनौट प्रक्रियामा भाग लिन काठमाडौ गएँ ।

त्यहाँबाट पनि छनौट भएपछि २०७५ सालको श्रावण महिनामा साना किसान विकास बैंक मार्फत इजरायलको आइक्याट कलेजमा अध्ययन र अभ्यासका लागि जाने अवसर मिल्यो । नेपालमा केही समय कृषिमा गरेको कामसंगै इजरायलमा कृषि पढाइसँगै काम पनि गर्न पाउने गरी जान पाएकोमा खुसी लागेको थियो । इजरायलको कृषि प्रविधि र कृषि उत्पादन देखेर मलाई कृषि व्यवसाय तर्फ अझै आकर्षण बढेर गयो । इजरायलमा बस्दा शैद्धान्तिक संगसंगै अभ्यासमा आधारित कृषि तालिम लिएर ११ महिना पछि नेपाल फर्किएँ । नेपाल फर्कीएपछि अरु केही पनि नसोची २०७६ पौष महिनामा हाम्रो घर अर्गानिक कृषि तथा पशुपंक्षी फर्म दर्ता गरेर खुला तरकारी खेती गर्न थालेँ ।



बुझ्न थालेँ । यसैक्रममा मेरो आफन्त (ज्वाई) ले कास्कीको सार्दिखोलामा कृषि फार्म सञ्चालन गर्नु भएको थियो । यसबारेमा पनि उहाँसंग छलफल गरेँ । कृषि फार्म सञ्चालन गरिरहनुभएको उहाँसंग लामो छलफल र मन्थनपछि मैले उहाँको फार्ममा २ महिनासँगै काम गरें । प्लाष्टिकको घरमा गरिएको तरकारी खेतीबाट राम्रो आम्दानी भएको पाएँ । मेरो भिनाजुले पनि ल्वाङ्गेघलेलमा ठूलै क्षेत्रफलमा तरकारी खेती गर्नु भएको थियो । काम विशेषले भिनाजु काठमाडौ जान परेको हुँदा उहाँको फार्मको हेरचाह र सञ्चालन गरिदिन मलाई भन्नु भयो । अनि म भिनाजुको फार्ममा केही दिन काम गरें । भिनाजु फर्किनु भएपछि पनि उहाँ र म संगै काम गऱ्यौ । लगभग १५ रोपनी जग्गामा गोलभेडा, काउली, साग, काँक्रो जस्ता तरकारी खेती गरेका थियौं ।

साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष कमला पौडेलको प्रेरणामा मेरो भाउजू रचना तामाङ्ग र आमा उक्त संस्थाको समुह सदस्यमा आवद्ध हुनु भएको थियो । २०७५ सालमा साना किसान सहकारी संस्थाको सदस्यको घरपरिवारबाट इजरायलमा कृषि तालिमको लागि पठाउने कार्यक्रम रहेको जानकारी पाएँ । संस्थामा सम्पर्क राखेर मैले पनि फर्म भरें । म सहित जम्मा ६ जनाले फर्म भरेका थियौं । साना किसान

इजरायलमा सिकेको ज्ञान र सिपलाई उपयोग गर्दै आधुनिक प्रविधिबाट तरकारी खेती गर्ने तयारी स्वरुप मैले यो फार्म सञ्चालनमा ल्याएको थिएँ । इजरायलको प्रविधि तत्काल राख्न ठूलो पूँजीको आवश्यकता पर्ने थियो त्यसैले मैले खुल्ला रुपमै भएपनि व्यवसाय सुरु गरेको थिएँ । इजरायल तालिममा जाँदाको कमाइबाट बचत भएको रु.१०



लाख रकम थियो। पूर्ण प्रविधिमा आधारीत फार्म बनाउन यति पैसाले पुग्ने अवस्था थिएन। त्यसैले कर्जाको लागि पोखराको धेरै वटा बैंकमा सम्पर्क राखें तर, कुनै बैंकले पनि मलाई पत्याएनन्।

मेरो आमा र भाउजु साना किसान कृषि सहकारी संस्था लि., लाहाचोकमा सदस्य हुनु भएको हुँदा कर्जाको लागि उक्त संस्थामा सम्पर्क राखें। अनि त मलाई ढुङ्गा खोज्दा देउता मिले जस्तै भयो। संस्थाबाट सहुलियत व्याजदरमा ग्रामीण कृषि उद्यम कर्जा लिएर व्यवसाय विस्तार गरें। अहिले मैले मेरो स्वपूँजी र साना किसान कृषि सहकारी संस्थाबाट लिएको कर्जाको सदुपयोग गरी अहिले ६० रोपनी क्षेत्रफलमा तरकारी खेती गरेको छु। यसमा ४७ वटा थोपा सिंचाई प्रविधि सहितको प्लाष्टिक घर बनाएको छु।

यसमा मैले काउली, गोलभेडा, काँक्रो, क्याप्सिकम, साग जस्ता तरकारी बेमौसमी रुपमा खेती गर्दै आएको छु। मैले बाख्रापालन व्यवसाय पनि सञ्चालन गरेको छु। पाठापाठी, खसी बोका, माउबाख्रा गरी जम्मा ८५ वटा छन्। स्थानीय जातको बाख्रामा बोर जातको बोका लगाएर उन्नत नश्लको पाठापाठी उत्पादन गरेर बिक्री गर्दै आएको छु। मेरो व्यवसाय देखेर अहिले त बैंकहरूले मलाई कर्जा लिन बोलाएका छन्। तर, मेरो योजनालाई विश्वास गरेर शुरुको अवस्थाबाट मलाई साना किसान कृषि सहकारी संस्था लि.ले यहाँसम्म ल्याएको हुँदा मेरो व्यवसायको साथी सधैं साना किसान कृषि सहकारी संस्था नै बनिरहेको छ।

मेरो यो व्यवसायमा हालसम्म कुल लगानी लगभग रु.१ करोड पुगेको छ। वार्षिक रुपमा भएको मुनाफा रकम पनि व्यवसाय विस्तारमा खर्च गर्दै आएको छु। हाल वार्षिक रुपमा तरकारी, बाख्रा, खसीबोका बिक्रीबाट करिव रु.३५ लाख आम्दानी



गर्न थालेको छु। सबै खर्च कटाउँदा पनि वार्षिक रुपमा मैले रु.१२ लाख मुनाफा कमाउन सफल भएको छु। मेरो व्यवसायमा ५ जना स्थानीय युवाहरूलाई नियमित रोजगारी दिएको छु। यस व्यवसायमा अब थप लगानी गर्नु पर्ने अवस्था छैन। निर्माण भईसकेको पूर्वाधारमा तरकारी खेती र बाख्रापालन गर्ने हुँदा आगामी दिनमा मेरो मुनाफा रकम अझै वृद्धि हुँदै जानेमा म विश्वस्त छु। मेरो जीवन सँगीनीले पनि इजरायलमा म सँगै कृषि तालिम लिनु भएको हुँदा यो व्यवसाय सञ्चालन गर्न सजिलो भएको छ।

हामी यही कृषि व्यवसायमा रमाएका छौं। कृषि व्यवसायमा आम्दानी सहितको आत्म सन्तुष्टिले हाम्रो पारिवारिक जिवनमा पनि खुशीयाली ल्याएको छ। साना किसान कृषि सहकारीले यसरी मलाई निम्नस्तरबाट कृषि उद्यमी बनाउन ठूलो योगदान दिएको छ। संस्थाको कार्यक्रमहरू सफल बनाउन मेरो पनि सधैं साथ रहनेछ।



# नेपालको कृषि विकास प्रणालीमा इजरायल सरकार र साना किसान विकास बैंक लि. को भूमिका

**कृष्ण प्रसाद उप्रेती**
धुनिवेशी नगरपालिका वडा नं. ७, धादिङ, नेपाल

## १. पृष्ठभूमि

नेपालबाट युवाहरू आर्थिक उपार्जनका लागि विदेश पलायन भइरहेको समयमा धेरै थोरै युवाहरू मात्र नेपालमा सम्भावनाको खोजी गरिरहेका थिए । गाउँमा युवाहरू धेरै न्यून रुपमा थिए पनि भएका पनि कृषि भन्दा अरु नै पेशा व्यवसायमा संलग्न रहेको अवस्था थियो। कृषिमा राम्रो आयआर्जनको सम्भावना नदेखेपछि युवाहरू विदेश पलायन हुने अवस्था सृजना भइरहेको थियो । मलाईपनि आर्थिक उपार्जनका लागि विभिन्न विकल्पहरू खोज्नुपर्ने अवस्था आईसकेको थियो। कृषि र पशुपालनमा राम्रो उत्पादनको सम्भावना रहेको धादिङ जिल्लामा मेरो घर भएका कारण पनि केही युवाहरू कृषि र पशुपालन क्षेत्रमा लागिरहेका थिए। मलाई पनि कृषि तथा पशुपालन क्षेत्रमा केही गर्ने सोच थियो। तर राम्रो लगानी र प्राविधिक ज्ञानको भने अभाव थियो । लगानी र प्राविधिक ज्ञानको अभाव चिर्दै हामीले



पारिवारीक रुपमा सानो केही कृषि कर्म गरेपनि यो निर्वाहमुखी थियो। निर्वाहमुखी कृषिलाई व्यवसायिक बनाउने चाहना मनमा हुँदा हुँदै पनि सकिरहेको थिईन। यसै समयमा नौविसे साना किसान कृषि सहकारी संस्था लि. तत्कालिन नौविसे गा.वि.स. वडा नं ६ हाल धुनिवेशी न.पा. वडा नं. ८ खानिखोलामा मेरो श्रीमती श्रीमति पार्वती सुवेदी सदस्य भएर सेवा लिइरहेकी थिईन।

साना किसान मार्फत केही कृषि तथा पशुपालनका क्षेत्रमा सहयोग पनि प्राप्त गर्न थालिसकेका थियौं । कृषिलाई अझै व्यवस्थित र व्यवसायीक बनाउने सोचलाई सार्थकतामा परिणत गराउन तत्कालिन साना किसान विकास वैंक लि. मार्फत इजरायली राजदुतावासको सहयोगमा कृषि प्रशिक्षार्थीका रुपमा इजरायल जान पाउने अवसर आयो। यसमा म पनि सहभागी भई छनोट हुने अवसर पनि मिल्यो। सोही अनुसार वि.स. २०७४ साल भाद्र २८ गते बाट २०७५ साल असार ७ गतेसम्म इजरायलको विभिन्न कृषि फार्म तथा फलफूल उद्योगहरूमा काम गर्ने अवशर पाएँ । धादिङमा परम्परागत रुपमा गरिएको खेतीका बारेमा जानकारी राख्ने मैले इजरायल पुगेर त्यहाँको कृषि तथा प्रविधिका बारेमा जानकारी लिन पाउँदा अत्यन्तै खुसी भएको छ। इजरायलमा रहँदा

हामीले कृषिको बारेमा सैद्धान्तिक कक्षा लिने र व्यवहारीक ज्ञान फार्ममा सिक्ने दुबै काम गर्न पायौं । जसले हामीलाई शैद्धान्तिक ज्ञान संगसंगै व्यावहारिक ज्ञानसमेत हासिल गर्न सहयोग पुग्यो । कृषिलाई निर्वाह मुखी र परम्परागत भन्दा पनि थोरै परिवर्तन गर्न सके व्यवसायिक र प्रविधिमा आधारित बनाउन सकिन्छ भन्ने बारेको ज्ञान प्राप्त भयो । जसलाई मैले नेपालमा फर्केर लागुपर्ने प्रण इजरायलमै गरिसकेको थिएँ ।


## २. विगतको मेरो अवस्थाः

धादिङ तरकारी उत्पादनका हिसावले राम्रो जिल्लाका रुपमा लिइन्छ । त्यसैले पनि प्रशस्त खेतबारी भएका कारण परम्परागत खेती भए पनि घरपरिवारका लागि खाद्यान्न तथा तरकारी खरिद गर्नुपर्ने अवस्था थिएन । प्रविधिको प्रयोग नगरेका कारण हामीले धेरै दुख गरेर कृषि उत्पादन गर्नुपर्ने वाध्ययता थियो । धेरै दःुख र लगानी कम आम्दानीका कारण हाम्रो कृषि केवल निर्वाहमुखी मात्र थियो । नजिकै राजधानी काठमाण्डौ भए पनि थोरै उत्पादन भएका कारण बजार लैजान समस्या हुने गर्दथ्यो ।

यसकारण पनि थोरै व्यक्तिहरूले मात्र तरकारी खेती काउली, बन्दा, आलु, टमाटर लगाउने गर्थे । हाम्रो पनि खेती गर्ने तरीका उहि हुन्थ्यो । म पनि घरको जेठो छोरा हुनाले पढाई र बाँकी समय खेती पातीमा बिताउथ्यैं ।

## ३. वर्तमान अवस्था :

अहिले म इजरायल गएर नेपाल फर्केपछि धेरै कुराहरू परिवर्तन भएको छ । अहिले आफ्नै लगानी र मेहनतमा नगदे वालीमा धान, मकै, गहूँ, कोदो समय अनुकुल लगाउने गर्दछौं । यि उत्पादनहरू स्थानीय बजारमै विक्रिवितरण हुने गरेका छन् । यसैगरी मैले १० वटा जति खसि र १ वटा गाई, १ वटा भैंसी पालेको छु । यिनीहरूको पनि बजारको समस्या छैन । सिधै उपभोक्ताहरूलाई बिक्री गर्न सकिन्छ । साथै हाईब्रिड जातका तरकारीहरूमा काउली, आल, करेला, घिरौला, भिडी, गोलभेडा, प्याज, लसुन खेती गदै आईरहेको छु ।



तरकारीजन्य उत्पादनको अहिले पनि हामीहरूले बजारको समस्या खेपिरहेका छौं । अहिले धेरै किसानहरूले तरकारी उत्पादन गर्न थाल्नुभएको छ। उत्पादक धेरै भएका कारण खरिदकर्ताहरू सीमित हुँदा तरकारीको मूल्य पाउन पनि समस्या रहेको छ। उत्पादकले कम मूल्यमा विक्रि गर्ने तर बिचौलियाले धेरै नाफा राखेर उपभोक्तामा उत्पादन पुऱ्याउनेक्रम अहिलेपनि चलिरहेको छ । हामीले रु.२० मा होलसेल मूल्यमा व्यापारिलाई बेचेको काउली काठमाडौंमा खुद्रा पसलेले रु८० सम्म उपभोक्तालाई बेचेको उदाहरणहरू प्रशस्तै छन् । नेपाल सरकारले भनेको समयमा रासायनिक मल उपलब्ध गराउन सकेको छैन । भए पनि नेपालको राजनितिक दलका कार्यकर्ता र बिचौलियाहरूले मात्र प्राप्त गरिरहेकाछन् । हामी किसानहरू एक जुट भएर मल आएको बेलामा जादा एक जनाको भागमा ७ किलो र १२ किलो भन्दा आउदैन । मैले भने भारतबाट सिधै गाडीमा ल्याएर काम गरिरहेको छु।






## ४. अबको बाटो

युवाहरूलाई उत्प्रेरणा प्रदान गर्ने कार्यक्रमहरू सबैतिर चल्नुपर्ने आवश्यकता मैले महसुस गरेको छु। साना किसान बिकास बैंकले अरू पनि देशसँग यस्ता कृषि प्रशिक्षार्थि पठाउने सम्झौता गर्नुपर्छ।

इजरायल गएर आएका र इजरायलबाट समयमानै नेपाल आउनेलाई प्राथमिकता दिएर ६ महिना, ३ महिन देशको कृषि फार्ममा काम गर्ने अवसशर दिलाईदिनुपर्छ । साथै नेपालको सन्दर्भमा इजरायल गएर आएका कृषि प्रशिक्षार्थीहरूलाई सिधै इजरायलको सर्टिफिकेटको आधारमा उसले गरेको व्यवसायलाई हेरेर साल्ट ट्रेडिङ र खाद्य संस्थानबाट रासायनिक मल सहुलियतमा खरिद गर्ने व्यवस्था गरिनुपर्छ।

यसो गरेमा कृषि उत्पादन बढाउन हामीलाई सहयोग पुग्थ्यो । साथै सिधै कृषि फार्मको भ्रमण गरेर किसानको २५% र साना किसानको ७५% सहुलियत ऋणमा सिधै दिने व्यवस्था गरिदिएमा नेपालको कृषि बिकासमा हामी इजरायलबाट आएका कृषि प्रशिक्षार्थीहरूले नेपालको कृषि बिकास र आयात प्रतिस्थापनमा केही सहयोग गर्न सक्ने थियौं।

# अटो चलाउँथें इजरायलको तालिमले उद्यमी बनायो

उत्तम कट्टेल



विकासको गतिमा अगाडि बढ्दै गरेको तराईको एक जिल्ला रौटहटको सन्तपुर पनि बजार विकासको क्रममा थियो। पारिवारीक रुपमा आर्थिक अवस्था बलियो नरहेका कारण मलाई कुनै न कुनै काम गर्नुपर्ने बाध्यता थियो। आफ्नै पेशा व्यवसाय गर्ने सोच रहेका कारण मलाई जागिर खोज्नभन्दा पनि अटो रिक्सातर्फ ध्यान गयो।

मैले अटो रिक्सा आफै किनेर चलाउन थालेँ। अटो रिक्सा चलाएपनि हाम्रो परम्परागत जीवन निर्वाहको माध्यम कृषि पेशा थियो। गाउँमा साना किसान कृषि सहकारी संस्था स्थापना भएको थियो। जसमा हाम्रो परिवार पनि सदस्यका रुपमा रहेर कारोवार गर्दै आएका थियौं। कृषि व्यवसायलाई बढाउने सोच भए पनि उपयुक्त ज्ञानको अभाव र आर्थिक स्थितीले तत्काल सुरु गर्ने अवस्था थिएन। जसका कारण मैले अटो रिक्सा नै चलाएर आर्थिक उपार्जन गरिरहेको थिएँ।

यसै समयमा तत्कालिन (साना किसान विकास बैंक) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. मार्फत साना किसान कृषि सहकारी संस्थाका सदस्य परिवारका युवाहरूलाई कृषि तालिमका लागि लर्न एण्ड अर्न कार्यक्रम मार्फत इजरायल जाने अवसर आयो। यसमा हाम्रो संस्था सन्तपुर पनि छनौटमा परेको थियो। सन्तपुरबाट मैले सन् २०१८ को अगस्टमा इजरायल लर्न एण्ड अर्न कार्यक्रम मार्फत कृषि प्रशिक्षार्थीका रुपमा जाने अवसर पाएँ। निर इजरायल गाई फार्ममा काम गर्दै आस्कलन कलेजमा पढ्ने अवसर पाएको मैले इजरायल बस्दा विभिन्न किसिमका सिपहरू सिक्ने सुवर्ण अवसर प्राप्त गरेको छु।

नेपालको परम्परागत कृषि कर्म गरेर हुर्के बढेको मैले कृषि तथा पशुपालन क्षेत्रमा इजरायलले गरेको प्रविधिको प्रयोगलाई नजिकबाट अनुभूत गर्ने मौका पाएको थिएँ। मैले काम गर्ने फार्ममा ५ सय गाईले दुध दिन्थे। यसैगरी करिव ७ सय वाच्छा, बाच्छी थिए। दुध दुहुन पूर्ण रुपमा मेसिनको प्रयोग गरिएको थियो। फार्ममा रहेका हरेक माउ र वाच्छा, वाच्छीको खानालाई पनि प्रविधिबाटै सन्तुलित एवं व्यवस्थित तगर्ने कार्य गरिएको थियो। इजरायलमा फार्म व्यवस्थान कसरी गर्ने, फार्म कस्तो निर्माण गर्ने, कति गाईका लागि कति क्षेत्रफलको फार्म आवश्यक पर्छ, घाम, पानी, तातो, चिसो लगायतको व्यवस्थापनका बारेमा समेत मैले सिक्ने अवसर प्राप्त गरेको थिएँ।

यसैगरी गाई पालनका लागि अपरिहार्य रहेको घाँस उत्पादनका बारेमा समेत मैले सिक्ने अवसर पाएको थिएँ। फार्ममा रहेका गाई र वाच्छा, वाच्छीहरूलाई कतिवेला के खुवाउने, कतिवेला कुन भ्याक्सीन लगाउने भन्ने लगाएतका विषयमा समेत शैद्धान्तिक र व्यावहारिक ज्ञान लिन यो फार्ममा काम गर्दा मलाई सहज भयो।

इजरायल बस्दा सिकेका कुराहरूलाई मैले नेपालमा



लागू गर्ने सोच इजरायलबाट नर्फर्किंदै गराइसकेको थिएँ । इजरायको प्रविधिलाई नेपालमा कसरी लागु गर्न सकिन्छ भन्ने बारेमा धेरै सोच विचार गरि मैले नेपाल फर्केर इजरायलमा सिकेको फार्म व्यवस्थापन र दाना व्यवस्थापनको कामलाई निरन्तरता दिएको छु ।

गाई पालनकालागि नभई नहुने अनिवार्य कुरा हो दाना । यदी दाना व्यवस्थापन गर्न सकिएन भने गाई पालन गर्न असम्भव जस्तै छ । गाई पालनका लागि दाना व्यवस्थापन पहिलो सर्त हो । यसै कुरालाई ध्यानमा राखेर मैले अहिले दानाका लागि आवश्यक घाँस खेती गरिरहेको छु । घाँस खेतीबाट उत्पादीत घाँस विक्रि वितरण गर्दै आएको छु । घाँससंगै मैले बाख्रा र गाई पालनलाई पनि निरन्तरता दिएको छु । गाई र बाख्रा पालनका लागि अवश्यक ज्ञान इजरायलमा बस्दा प्राप्त गरेका कारण पनि मलाई यो पेशामा आईपर्ने धेरै समस्या समाधानका लागि सहज भएको छ । अटो रिक्साबाट हुने आम्दानीभन्दा गाई, बाख्रा र घाँस खेतीबाट हुने आम्दानी पनि बढ्दै गएको छ । मेरो फार्मबाट अहिले करिव १० लाख कारोवार हुने गरेको छ । १० लाख कारोवार गर्दा करिव ३ लाख खुद नाफा कमाउन सफल भएकोछु ।

गाउँमा युवाहरू वैदेशिक रोजगारीका लागि दैनिक रुपमा पलायन भईरहेको समयमा देशमै केही गरौं भन्ने सोचका साथ सुरु गरेको अटो चलाउने पेशालाई अहिले पूर्णरुपमा छाडिसकेको छु । गाउँमै पनि युवाहरूलाई कृषिमा सम्भावना छ भन्ने प्रमाणित गरिसकेको छ । कृषि तथा पशुपालका क्षेत्रमा रहेको प्रचुर सम्भावनालाई सार्थकतामा परिणत गर्दै अगाडि बढ्न अझै ढिला भएको छैन । हामी युवाहरूले आफ्नै देशमा कृषि तथा पशुपालनको राम्रो ज्ञान सहित व्यवसाय सुरु गर्न सक्यौं भने कृषि जन्य उतपदनको आयतमा देखिएका बढ्दो ग्राफ घटाउन सहयोग पुग्ने देखिन्छ ।

साना किसान कृषि सहकारी संस्थामा सदस्य नभएको भए सायद अहिले पनि मेरो परिचय गाउँको अटो चालकका रुपमा रहन्थ्यो होला । तर साना किसान कृषि सहकारी संस्था लि. मार्फत छनौट भई साना किसान विकास बैंक लि.को समन्वयमा नेपालमा रहेको इजरायली एम्बेसीमार्फत इजरायल पुगेर संसार हेर्ने अवसर समेत प्राप्त भयो । इजरायल सायद मेरो जीवनमै पुग्ने थिईन होला जसले मलाई इजरायल पुऱ्यायो । यसैगरी यो व्यवस्थित र नविन प्रविधिमा आधारीत कृषि व्यवसायका बारेमा जान्ने अवसर पनि प्राप्त हुने थिएन होला । आज गाउँमा आफ्नै व्यवसाय सुरु गरेको छु, केही स्थानीय युवाहरूलाई रोजगारी दिन सकेको छु । गाउँमा सेवा गर्ने अवसर पनि मिलेको छ । परिवारमा आपसी मेलमिलाप छ । आर्थिक रुपमा कुनै समस्या छैन । त्यसैले नेपालमै युवाहरूलाई कृषि तथा पशुपालनमा संलग्न गराउन प्रविधिको ज्ञानसहित सहुलियत कर्जा प्रवाह गर्न सके म जस्तै युवाहरू कृषि र पशुपालन क्षेत्रमा संलग्न हुन थप सहयोग पुग्नेछ ।



# साना किसान सवल भएमात्र नेपालको अर्थतन्त्र सुधार हुन्छ

कृषिमा आधारित नेपालको अर्थतन्त्र सुधारका लागि साना किसानहरूलाई सवल बनाउनुपर्ने काठमाण्डौंमा आयोजित एक कार्यक्रमका बक्ताहरूले बताएका छन् ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को २१ औँ स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रमा बोल्ने वक्ताहरूले नेपालको आर्थिक सामाजिक रुपान्तरणका लागि साना किसानहरूलाई सवल बनाउनुपर्नेमा जोड दिएका हुन । कार्यक्रममा पूर्व गर्भनर तथा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष दिपेन्द्र बहादुर क्षेत्रीले गरिवी निवारण, अर्थतन्त्रको सुधार, भोकमरीको अन्त्य र दिगो विकास लक्ष्य पुरा गर्न कृषि तथा पशुजन्य उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले किसानहरूलाई उत्पादनसँगै उत्पादित वस्तुहरूको संकलन, भण्डारण, प्रशोधन र बजारीकरणमा समेत ध्यान दिनुपर्ने बताउनुभयो ।

किसानको उत्पादनलाई सिधै वा प्रशोधन गरेर किसान आफैले बजारसम्म लैजानसक्ने वातावरणको विकास गर्न आवश्यक रहेको उहाँको भनाई थियो । ग्रामीण क्षेत्रको अर्थतन्त्र सुधारका लागि साना किसानहरूले खेलेको भूमिका महत्वपूर्ण रहेको भन्दै उहाँले सरकारले साना किसान, कृषि सहकारी र पशुपालनमा लागेका किसानहरूलाई संगसंगै अगाडि बढाएमात्र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव अर्जुन प्रसाद पोखरेलले साना किसानहरूलाई उद्यमसंग जोड्नुपर्ने आवश्यकता औल्याउनुभयो । नेपाल सरकारले लघु तथा घरेलु उद्यममा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको भन्दै उहाँले यसका लाभग्राही साना किसानहरूनै रहेको बताउनुभयो । सचिव पोखरेलले उत्पादित कच्चा पदार्थलाई साना तथा मझौला उद्योगबाट प्रशोधन गरेर बजारमा पठाउन सके त्यसको मूल्य बढ्ने र किसानको आर्थिक अवस्था सुधार हुने बताउनुभयो ।






कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेमबहादुर पाठकले नेपालका दुरदराजका गरिब किसानहरूको जीवन रुपान्तरणमा विगत २१ वर्षदेखी निरन्तर काम गर्दै आएको बताउनुभयो । ग्रामिण क्षेत्रमा साना किसानहरूले भोगिरहेको आर्थिक समस्यालाई निधान गर्ने एक मात्र संस्था साना किसान विकास लघुवित्त वित्तीय संस्था भएको दावी गर्नुभयो ।

उहाँले पूर्वमेची देखी पश्चिम महाकालीसम्मका साना किसानहरूलाई गोलबद्ध गर्दै पुँजीको पहुँच वृद्धि गर्न सफल भएको बताउनुभयो । पुँजीको पहुँच वृद्धिसँगै उत्पादनमा पनि सन्तोषजनक प्रगति भएको भन्दै अध्यक्ष पाठकले राउटे, वनकरिया, मुसहर, चेपाङ, दलित, जनजाती, महिला लगाएतलाई सूसुचित गरी उत्पादनमा संलग्न गराउँदै राज्यको मुलधारमा ल्याउन सफल भएको दाबी गर्नुभयो ।

पछाडी परेको समुदायलाई आवश्यक पर्ने वित्तीय पहुँचमा जोड्दै साना किसान विकास लघुवित्त वित्तीय संस्थाले पूँजी, प्रविधि, तालिम, चेतना, नेतृत्व विकास लगाएतका क्षेत्रमा काम गर्दै आएको अध्यक्ष पाठकले बताउनुभयो । यसैगरी कार्यक्रममा लघुवित्तका सञ्चालक प्रताव सुवेदीले नेपालको गरिवी निवारणमा साना किसान लघुवित्त वित्तीय संस्थाले खेलेको



भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो ।

अरु बैंक तथा वित्तीय संस्थाहरू गाउँतहमा पुगेर सेवा दिन नसकिरहेको अवस्थामा विशिष्टकृत विशेषता सहित किसानहरूलाई लक्षित गरि स्थापना भएको तत्कालिन साना किसान विकास बैंक र हालको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई अब उत्पादनसंग जोड्दै जानुपर्ने आवश्यकता रहेको उहाँको धारणा थियो ।

यसैगरी कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोईरालाले रुपान्तरणसंगै नेतृत्व विकासमा समेत योगदान गरिरहेको बताउनुभयो । उहाँले सरकार र साझेदारसंस्थाहरूसंगको सहकार्यले यस संस्थाले सञ्चालन गरेका कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन समेत सहयोग पुगेको बताउनुभयो । लघुवित्तको २१ औं स्थापना दिवसका अवसरमा साना किसान विकास अभियानमा सहयोग पुऱ्याउनुहुने बाराकी सुगन्धी पासवान र सर्लाहीको लालबन्दिका मानबहादुर खड्का लाई सम्मान गरेको थियो ।

यसैगरी वित्तीय संस्थाले राष्ट्रियस्तरमा सर्वोत्कृष्ट संस्थाका रुपमा साना किसान कृषि सहकारी



संस्था लि. रघुनाथपुर धनुषालाई पुरस्कृत गरेको छ । यसैगरी इलाका कार्यालय बनेपा अन्र्तगत उत्कृष्ठ संस्थाका रुपमा सिन्धुपाल्चोकको जरायटार साना किसान कृषि सहकारी संस्था पुस्कृत भएको छ ।

सर्वोत्कृष्ठ इलाका कार्यालयका रुपमा नेपालगञ्ज कार्यालयलाई पुरस्कृत गरिएको छ । साना किसान विकास आयोजनाका रुपमा वि.स. २०३२ सालदेखी कृषि विकास बैंक मार्फत सुरु भएको साना किसान विकास कार्यक्रम विक्रम

नेपालको गरिवी निवारणमा यस लघुवित्तले अग्रणी भूमिका निर्वाह गरेको बताउनुभयो ।

उहाँले आर्थिक क्षेत्रमा किसानको पहुँच बढाउँदै आम्दानीको स्रोत बढाउन किसानहरूलाई सहयोग गर्ने एक मात्र संस्था साना किसान लघुवित्त वित्तीय संस्था रहेको बताउनुभयो ।

नेपालका ५ सय ४० वटा स्थानीयतहमा पहुँच विस्तार गरेको यस लघु वित्तमा ७९ प्रतिशत महिला सहभागिता रहेको भन्दै प्रमुख कार्यकारी अधिकृत डा. कोइरालले आर्थिक सामाजिक

संवत २०५८ सालमा साना किसान विकास बैंकका रुपमा स्थापना भएको थियो ।

अहिले लघुवित्त वित्तीय संस्थाका रुपमा साना किसान सहकारीहरूलाई सेवा प्रवाह गर्दै आएको यस संस्थामा १ हजार २ सय ९१ वटा सहकारी संस्थाको संस्थागत सहभागिता रहेको छ ।

यस वित्तीय संस्थाको सेवा ७६ जिल्लाका ५ सय ४० स्थानीय तहसम्म पुगेको छ । १० लाखभन्दा बढी घरपरिवारमा ८१ अर्बको कारोबार रहेको अहिलेको अवस्थामा सहकारीहरूमा ७९ प्रतिशत महिला सहभागिता रहेको छ । कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्थाका नायव कार्यकारी प्रमुख अधिकृत फलेन्द्र भट्टराईले सञ्चालन गर्नुभएको थियो ।

# हार्दिक बधाई



यस साना किसान विकास लघु वित्त वितीय संस्था लि.का
सञ्चालक **श्री बाबुकाजी थापा ज्यू**ले मेवाड विश्वविद्यालय, राजस्थान, भारतको
**Sociology Department** बाट विद्यावारिधि (**Ph.D.**) उपाधि हासिल गर्नु भएकोमा
उहाँलाई हार्दीक बधाई ज्ञापन गर्दछौं ।
साथै उहाँको आगामी व्यवसायीक एवं जीवन यात्रा अझै प्रायज्ञीक बन्दै अथाहा
ज्ञान भण्डारबाट नेपालको साना किसानहरूको आर्थिक, सामाजिक
एवं सचेतनाको स्तर वृद्धिमा समेत सहयोग पुग्ने
हामीले अपेक्षा लिएका छौं ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
**परिवार**

## इजरायल प्रशिक्षित युवा विधार्थीहरूले सञ्चालन गरिरहेका विभिन्न कृषि तथा पशुपालन सम्वन्धि परियोजनाहरू ।















## ७६ जिल्लाका ७२% पालिकामा कार्यक्रम विस्तार





**ग्रामीण विपन्न तथा साना किसानको वित्तीय पहुँचमा रू. ८१ अर्ब कर्जाको योगदान**




**संस्थामा आवद्ध घरपरिवार सङ्ख्या जम्मा ९ लाख ८० हजार**




**साझेदार सहकारी संस्था जम्मा १ हजार २ सय ९१**





## साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

बबरमहल, काठमाडौं, नेपाल

फोन नं.: ०१-५३२०९१३, ०१-५९०९६१२, ०१-४१११८९५

Email: info@skbbl.com.np



Print: Sky Press Pvt. Ltd. #9851138005